सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ वैशाख २०८१, आइतबार (14 April 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक २ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एकै ओभरमा दीपेन्द्रका ६ छक्का

नेपालको पहिलो र विश्वका पाँचौं खेलाडी

ओमानमा जारी एसिसी प्रिमियर कप टी-२० मा पाँचौं नम्बर क्रिजमा पुगेका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले २०औं ओभरमा कतारका कमरान खानलाई प्रहार गरे ६ छक्का



एकै ओभरमा ६ छक्का लगाएपछि दीपेन्द्रसिंह ऐरीको प्रतिक्रिया–

चौथो छक्का प्रहार गरेपछि ६ छक्का हान्न सक्छु भन्ने लाग्यो

पहिलादेखि नै अभ्यास यस्तै गरिरहेको थिएँ। आज त्यो यहाँ (कतारविरुद्ध) देखिएको छ। चौथो छक्का प्रहार गरेपछि अब ६ छक्का प्रहार गर्न सक्छु भन्ने लाग्यो। कीर्तिमान बनाएको छु। एकदमै खुसी छु। टिमले मलाई समर्थन गरेको छ। कोचले पनि फिनिसर मान्नुभएको छ। त्यसैले म यहाँ छु। राम्रो भइरहेको छ।

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले अन्तर्राष्ट्रिय क्रिकेटमा एकै ओभर (६ बल)मा लगातार ६ छक्का प्रहार गर्ने पाँचौं खेलाडीको रेकर्ड बनाएका छन्। उनको यो सफलता अन्तर्राष्ट्रिय टी-२० मा भने तेस्रो

» पृष्ठ २ मा क्रमशः

अन्तर्राष्ट्रिय टी-२० मा एक ओभरमै ६ छक्का हान्ने दीपेन्द्र तेस्रो खेलाडी

यसअघि यो कीर्तिमान भारतका युवराज सिंह र वेस्ट इन्डिजका किरन पोलार्डको नाममा छ

● दक्षिण अफ्रिकाका हर्सेल गिब्स र अमेरिकाका जसकरन मलहोत्राले एक दिवसीय खेलमा एकै ओभरमा ६ छक्का प्रहार गरेका थिए

उपत्यकाका सरकारी ट्रायल सेन्टर नै पालना गर्दैनन् मापदण्ड

मापदण्ड पालना नगर्ने कारबाहीका भागीदार हुन्

● **बुद्धिराम खनाल**
संयोजक, छानबिन समिति

काठमाडौंका सबै ट्रायल सेन्टरमा मापदण्डको पूर्ण पालना नभएको पाइयो। ट्रायल सेन्टरले नै मापदण्ड पालना नगर्दा निर्देशिकाले तोकेका मापदण्डअनुसार तयारी गरेर गएका परीक्षार्थीहरू असफल हुने जोखिम उत्तिकै छ। ट्रायल सेन्टरहरूले कानुनबमोजिम मापदण्ड पालना गर्नुपर्छ। नगर्ने कारबाहीका भागीदार हुन्।

जिम्मेवार पदाधिकारी र ट्रायल सेन्टरलाई कारबाही गर्नुपर्ने सतर्कताको निष्कर्ष

सुवास भट्ट/नयाँ पत्रिका

सवारीचालक अनुमतिपत्र (लाइसेन्स)को प्रयोगात्मक परीक्षा प्रयोजनका लागि काठमाडौं उपत्यकाभित्र सञ्चालनमा रहेका सरकारी ट्रायल सेन्टरले नै मापदण्ड पालना नगरेको पाइएको छ। राष्ट्रिय सतर्कता केन्द्रले गरेको छानबिनले काठमाडौंमा सञ्चालित पाँचवटा सरकारी ट्रायल सेन्टरले कानुनबमोजिम पूर्ण रूपमा मापदण्डको पालना गरेका छैनन्। निजी दुईवटा ट्रायल सेन्टर पनि कानुन पालना गर्न चुकेका छन्।

■ **कुन ट्रायल सेन्टरमा कस्तो कैफियत ?** पृष्ठ २

ट्रायल सेन्टरहरूले मापदण्ड पालना नगरेकोबारे उजुरी परेपछि त्यस विषयमा भए-गरेका अनियमितता विस्तृत रूपमा छानबिन गरेर प्रतिवेदन पेस गर्न केन्द्रको ९ चैतको बैठकले छानबिन समिति गठन गर्ने निर्णय गरेको थियो। केन्द्रका प्रहरी नायब उपरीक्षक बुद्धिराम खनालको

» पृष्ठ २ मा क्रमशः

■ मापदण्ड पालना नगर्दा अधिकांश परीक्षार्थी ट्रायलमा पटक-पटक असफल भएको सतर्कता केन्द्रको ठहर




एकान्तकुनास्थित ट्रायल सेन्टर सुजुकी ड्राइभिङ स्कुल प्रालि। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, एकान्तकुना र सुजुकी ड्राइभिङ स्कुलबीच प्रयोगात्मक परीक्षास्थल र त्यसमा प्रयोग हुने दुई र चारपांग्रे सवारीसाधन उपलब्ध गराउने गरी ३ कात्तिक ०७३ मा सम्झौता भएको थियो। यो ड्राइभिङ सेन्टरमा दुई र चारपांग्रे सवारीको तोकिएको लेआउटको क्रम नमिलेको, केन्द्रबिन्दु रुख/पोल भएकाले 'फिगर ड/युटर्न टेस्ट'को यकिन नापजाँच गर्न नसकिएको, दुईपांग्रे सवारीसाधनको बम्पी टेस्टअन्तर्गत पिसिसी प्ल्याटफर्म नभएको लगायत समस्या प्रतिवेदनमा उल्लेख छ। दुई तथा चारपांग्रे सवारीसाधनको ट्राफिक सिग्नल टेस्ट निर्देशिकामा तोकिएबमोजिम भएको नपाइएको पनि छानबिन समितिले औंल्याएको छ।

मापदण्ड पालना नगर्ने अन्य ट्रायल सेन्टरहरूमा भक्तपुर राधेराधेको इजी वे ट्रायल सेन्टर, भक्तपुरकै बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल, काठमाडौं गुर्जुधाराको भेइकल एकेडेमी तथा रिसर्च सेन्टर प्रालि र गोकर्णेश्वरको नेपाल ड्राइभिङ एन्ड रिकन्डिसन सेन्टर छन्। त्यस्तै, छानबिन समितिले दुईवटा निजी ट्रायल सेन्टरको पनि नापजाँच गरेको थियो। सिटी ड्राइभिङ प्रशिक्षण केन्द्र र एकान्तकुना ड्राइभिङ सेन्टर दुवैमा लेआउटको क्रम नमिलेको र ट्रायल सेन्टरको नापजाँच तोकिएबमोजिम भएको नपाइएको प्रतिवेदनमा उल्लेख छ।

डोल्पामा डढेलोले सातामै लियो ६ को ज्यान

डढेलो निभाउन गएका तीन सैनिक र च्याउ टिप्न गएका तीन बालकको छुट्टाछुट्टै घटनामा मृत्यु



नासाले भूउपग्रहबाट लिएको नेपालको पछिल्लो २४ घण्टाको डढेलो

बाँकेमा **विश्वराज पछ्लडङ्ग्या**

डोल्पामा डढेलोबाट एक सातामै ६ जनाको ज्यान गएको छ। डोल्पाका प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालका अनुसार वनमा लागेको डढेलो निभाउने क्रममा डढेर घाइते भएका नेपाली सेनाका तीनजना र च्याउ टिप्न गएका तीन बालक गरी ६ जनाको ज्यान गएको हो।

डढेलोमा परी घाइते सेनाका प्युठको काठमाडौंमा उपचार भइरहेको छ। गुच्ची च्याउ टिप्न गएका तीन बालक २९ चैतमा त्रिपुरासुन्दर नगरपालिका- ४ स्थित सुँ सामुदायिक वनमा लागेको डढेलोमा परी घाइते भएका थिए। १२ वर्षीय विवश बुढा र १३ वर्षीय समन्त बुढाको शनिबार काठमाडौंस्थित कीर्तिपुर बर्न अस्पतालमा उपचारका क्रममा

» पृष्ठ २ मा क्रमशः

जलनका बिरामीलाई काठमाडौं लैजानुपर्ने बाध्यता छ

● **डा. अखण्ड उपाध्याय**
जिल्ला अस्पताल डोल्पा

डढेलोमा परेर ज्यान गुमाउने विपन्न हुन्। च्याउ, जडीबुटी खोज्न गएकाहरू डढेलोमा पर्ने गरेका छन्। डोल्पामै डढेलो निभाउन गएका सैनिक पनि परे। यो विपन्नमाथि बढी आइलाग्ने समस्या हो। तालिमप्राप्त व्यक्तिले आगो, डढेलो निभाउनुपर्छ। कपडा, रुखका हाँगा, माटोले वनजंगलको डढेलो निभाउन खोज्नु मूर्खता हुन्छ। डढेलो निभाउँदा हावा कतातिर चलेको छ भनेर पनि ख्याल गर्नुपर्छ। शरीरमा आगो लागिसकेपछि छालामा पोलेजस्तो देखिए पनि धेरै क्षति भएको हुन सक्छ। जलन भइसकेपछि पहिलो १२ घण्टा निकै महत्त्वपूर्ण हुन्छ। घाइतेलाई पर्याप्त पानी, प्राथमिक उपचार चाहिन्छ। जलन कम भए पनि धूवाँका कारण श्वास फेर्न गाह्रो हुन्छ। बाहिर सामान्य देखिए पनि जलनका कारण स्वरनली सुन्निने हुन्छ।

जिल्ला अस्पताल वा प्राथमिक स्वास्थ्य केन्द्र मात्र होइन ठूला अस्पतालमा पनि जलनको विशिष्टीकृत उपचार सेवा छैन, छुट्टै जनशक्ति छैन। सामान्य जलन हुँदा पनि उपचारका लागि काठमाडौं जानुपर्ने बाध्यता छ। आगो, डढेलोबाट घाइते भएकालाई हेलिकोप्टर चार्टर गरेर लैजान १२-१५ लाख खर्च हुन्छ। त्यो पैसा पालिका, प्रदेश सरकार वा नेपाल सरकार जसले व्यहोरे पनि ठूलो पैसा खर्च भइरहेको छ। बरु सरकारले हरेक प्रदेशमा जलनका बिरामीका लागि विशिष्टीकृत उपचार सेवा सुरु गर्नुपर्छ। हरेक ठूला अस्पतालमा जलनका बिरामीका लागि बेड छुट्याउनुपर्छ।

नागरिक उन्मुक्तिको विवादले सुदूरपश्चिम सरकार गठनमा अन्योल



प्रदेश प्रमुखले मुख्यमन्त्रीमा दाबी गर्न दिएको समयसीमा एक दिन मात्रै बाँकी रहँदा नागरिक उन्मुक्तिभित्रको विवादले सरकार गठनबारे गठबन्धनमा रहेका दलहरूबीच औपचारिक छलफलसमेत भएको छैन। (विस्तृत पृष्ठ ३)

■ अवास्तविक बजेटको परिणाम

एक अर्ब ६३ करोड रकमान्तर, दुई अर्ब ६३ करोडको कार्यक्रम संशोधन



पूर्वसचिव गोपीनाथ मैनाली भन्छन्– बजेट कार्यान्वयनको विषम परिस्थिति र भैपरी आउने स्थितिका लागि रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधनको व्यवस्था गरिएको हुन्छ। तर, बजेटमा अनावश्यक कार्यक्रममा पैसा छुट्याउने र आवश्यक कार्यक्रममा कम विनियोजन गर्ने प्रवृत्तिले आर्थिक वर्षको अन्तिममा रकमान्तर र कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था आएको छ। (विस्तृत पृष्ठ ६)





■ मधेश सरकारका १५ महिना

बनेन एउटा पनि कानुन

जनकपुरधाममा **हदिश खुद्दार**

जनता समाजवादी पार्टीका सरोजकुमार यादव नेतृत्वको मधेश प्रदेश सरकार गठन भएको १५ महिना हुन लागेको छ। ०७९ पुसमा जसपा संसदीय दलका नेता यादवले मधेश प्रदेशको दोस्रो मुख्यमन्त्रीका रूपमा शपथग्रहण गरेका थिए। झन्डै १५ महिनासम्म प्रदेश सभाबाट एउटा पनि कानुन बन्न सकेको छैन।

यस अवधिमा प्रदेश सभाको पहिलो अधिवेशनमा ३६ र चालू दोस्रो अधिवेशनमा १२ गरी ४८ वटा बैठक भएको छ। चार सय ४५ दिनमा जम्मा प्रदेश सभा ४८ दिन मात्र सञ्चालन भएको छ। मुख्यमन्त्री यादव नेतृत्वको सरकारले विभिन्न १० वटा विधेयक प्रदेश सभामा लगे पनि मधेश प्रदेशको केही ऐन संशोधन गर्न बनेको विधेयक, २०७९, आर्थिक विधेयक, २०८० र मधेश प्रदेश विनियोजन विधेयक, २०८० मात्रै प्रदेश सभाबाट पास भएको छ। आर्थिक र विनियोजन विधेयक बर्सेनि बजेट र राजस्वसँग सम्बन्धित रहेकाले यसलाई कानुनका रूपमा गणना गर्ने चलन छैन।



बिजनेसको पर्खाइमा प्रदेश सभा

● **रामचन्द्र मण्डल**, सभामुख, मधेश प्रदेश सभा



सभामा खासै बिजनेस छैन। बिजनेस दिने काम सरकारको हो। तर, देशमा हुने राजनीतिक घटनाक्रमको असर यहाँ पनि परेको छ। बिजनेस नै नभएपछि सभा चल्ने कुरा पनि आएन।

प्रदेश सरकारको विभिन्न मन्त्रालयले अहिलेसम्म सातवटा विधेयक प्रदेश सभामा लगेको छ। त्यसमध्ये ६ वटा प्रदेश सभामा टेबुल भई छलफलका लागि समितिमा पठाइएको छ। प्रदेश पर्यटन प्रवर्द्धन विधेयक प्रदेश सभा सचिवालयमा दर्ता भएको छ। मधेश प्रदेश सवारी तथा यातायातसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९, मधेश प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०, प्रदेश कृषि विकास विधेयक, २०८०, स्थानीय सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० र प्रदेश बाल अधिकार ऐन, २०७९ को पहिलो संशोधन विधेयक प्रदेश सभामा टेबुल भई छलफलका

» पृष्ठ २ मा क्रमशः

बर्दिया कारागारमा क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी

बर्दियामा **यज्ञप्रसाद सापकोटा**

क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी हुँदा बर्दिया कारागार व्यवस्थापनमा समस्या परेको छ। धेरैजना एकै ठाउँमा बस्नुपर्दा उनीहरूको जीवन कष्टपूर्ण बनेको छ। एक सय ५० जनाको क्षमता रहेको बर्दिया कारागारमा तीनजना आश्रित बालबालिका गरी चार सय ५१ जना छन्।

कारागारभित्रको सानो कोठामा कोच्चिएर सुत्नुपर्ने बाध्यता छ। कारागारमा हुनुपर्ने पर्याप्त कोठासमेत नभएको कैदीबन्दीहरूको गुनासो छ। शौच गर्न, नुहाउनलगायत व्यक्तिगत सरसफाइका लागि समेत लामो लाइन बस्नुपर्ने बाध्यता छ। खेल्न र शारीरिक व्यायामका लागि पर्याप्त ठाउँ छैन। खाना पकाउन र खान सास्ती भोग्नुपर्ने अवस्था छ। न्यूनतम सेवा-सुविधा पाउन पनि मुस्किल भएको एक कैदीले बताए। 'राम्रोसँग सुत्नसम्म पाइँदैन, कोल्टे फर्कने ठाउँसम्म हुन्न,' उनले भने, 'अब गर्मीको समयमा झनै सास्ती हुन्छ।'

बर्दिया कारागारका मूल नाइके खुसीराम चौधरीले संविधानमा कारागारलाई सुधारगृहका रूपमा उल्लेख गरिए पनि व्यावहारिक रूपमा त्यो नभएको बताए। 'मानव अधिकारका न्यूनतम आवश्यकता पनि कारागारभित्र प्राप्त गर्न सकेका छैनौँ,' उनले भने। शुद्ध खानेपानी पिउन, व्यक्तिगत सरसफाइ गर्न, समयमा औषधि उपचार गर्न, मनोरञ्जनका लागि खेल्ने ठाउँको कमी भएको चौधरीले बताए। पुरुष कारागारलाई भन्दा आफूहरूलाई बस्न निकै कष्टकर भएको महिला कैदीहरू बताउँछन्।

बर्दिया कारागारमा चार सय दुईजना पुरुष कैदीबन्दी छन्। जसमध्ये दुई सय ७४ जना कैदी र एक सय २८ जना बन्दी छन्। २५ जनाको क्षमता रहेको महिला कारागारमा २८ जना कैदी, १८ जना बन्दी र तीनजना आश्रित बालबालिका गरी ४९ जना छन्। बर्दिया कारागारका प्रशासक काशीप्रसाद पंगेनीले क्षमताभन्दा धेरै कैदीबन्दी भएकाले उनीहरूलाई न्यूनतम सेवा-सुविधा दिन कठिनाइ भएको बताए। भौतिक संरचनाको अभावमा बस्न खान समस्या रहेको उनको भनाइ छ। कारागारमा कैदीबन्दीलाई बस्न सहज होस् भनेर कोसिस गरिरहेका छौँ,' उनले भने, 'क्षमताभन्दा बढी भएकाले पनि सेवासु-विधा दिन कठिनाइ भएको हो।'

बर्दिया कारागारको कैदीबन्दीलाई राख्ने भवन पुरानो छ। पछिल्लो समयमा कारागार भवन भूकम्प प्रतिरोधी बनाउने भनिए पनि वर्षाका वेला बर्दिया कारागारमा पानी चुहिने समस्या छ। समयसमयमा मर्मत-सम्भार गरेर कामचलाउ बनाइरहेको कारागारका एक कर्मचारीले बताए। 'सकेसम्म नचुहिने बनाएर राखेका छौँ,' उनले भने, 'भूकम्प आयो भने त थेग्न सक्दैन होला, जोखिमपूर्ण छ।'

पुरानो भवन भएकाले विद्युत् वाइरिङमा पनि समय-समयमा समस्या आउने गरेको उनले बताए। वर्षौं पहिले बनेको भवनमा व्यवस्थित विद्युत्, पानी र शौचालय छैन। बर्दिया कारागारको नाममा दुई बिघाभन्दा बढी जग्गा भए पनि महिला र पुरुष ब्लक र कार्यालय प्रयोजनका लागि बढीमा १५ कट्ठा जग्गा प्रयोग भएको कारागार प्रशासनले जनाएको छ। सबै जग्गालाई सुरक्षित रूपमा कम्पाउन्ड गरेर आधुनिक भवन बनाउनुपर्ने आवश्यकता देखिएको बर्दिया कारागारका प्रशासक काशीप्रसाद पंगेनीले बताए।

कारागारमा रहेकामध्ये २२ जना विदेशी नागरिक

बर्दिया कारागारमा रहेका कैदीबन्दीमध्ये अधिकांश जबर्जस्ती करणीको मुद्दामा थुनिएका छन्। थुनामा रहेका चार सय ४९ मध्ये ३७.४७ प्रतिशत अर्थात् एक सय ६९ जना जबर्जस्ती करणी मुद्दाका छन्। उनीहरूमध्ये एक सय २३ जना कैदी र ४६ जना बन्दी छन्। जबर्जस्ती करणी प्रयासमा २५ जना थुनामा छन्। बर्दिया कारागारमा लागुऔषध तथा औषधिसम्बन्धी कसुरमा ८१ जना छन्। कर्तव्यज्यान मुद्दामा ४९ जना थुनामा छन्। कारागारमा रहेकामध्ये २२ जना विदेशी नागरिक छन्।

उपत्यकाका...

पृष्ठ १ बाट क्रमशः

संयोजकत्वमा गठित छानबिन समितिमा नापी अधिकृत विमला क्षेत्री, इन्जिनियर दिनेश भण्डारी र सबइन्जिनियर सुनीलकुमार यादव सदस्य थिए। समितिलाई काठमाडौं उपत्यकाभित्र रहेका सम्पूर्ण ट्रायल सेन्टरहरू प्रचलित कानुनमा तोकिएको मापदण्डअनुरूप भए-नभएको विषयमा अनुगमन तथा छानबिन गरी प्रतिवेदन पेस गर्ने कार्यभार दिइएको थियो।

छानबिन समितिले प्रचलित कानुनी व्यवस्था र मापदण्डको अध्ययन गरी स्थलगत निरीक्षण, नापजाँच, सरोकारवालासँगको छलफल आदिका आधारमा 'काठमाडौं उपत्यकामा सञ्चालित ट्रायल सेन्टरहरूको अनुगमन प्रतिवेदन, २०८०' तयार गरेर केन्द्रमा बुझाएको छ। समितिले ट्रायल सेन्टरको सञ्चालन अवस्थाको विश्लेषण गरेर सुझावसहितको प्रतिवेदन दिएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सैद्धान्तिक सहमति लिएर यातायात व्यवस्था विभागले सवारीचालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ लागू गरेको छ। निर्देशिकाको मापदण्ड पूर्ण पालना नभएकाले ट्रायल सेन्टरहरूले प्रयोगात्मक परीक्षास्थलमा लिएको परीक्षालाई विधिसम्मत भयो भन्न सक्ने अवस्था नदेखिएको प्रतिवेदनले किटान गरेको छ। ती ट्रायल सेन्टर र त्यसको अनुगमन गर्नुपर्ने भूमिका भएका जिम्मेवार पदाधिकारीलाई कारबाही गर्न केन्द्रले सुझाएको छ।

छानबिनका क्रममा समितिले यातायात व्यवस्था कार्यालयहरूबाट सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा प्रयोजनका लागि सम्झौता भएर उपत्यकामा सञ्चालनमा रहेका ट्रायल सेन्टरहरूको अनुगमन र नापजाँच गरेको थियो। छानबिन समितिले भक्तपुरको राधेराधेस्थित इजी वे ट्रायल सेन्टर प्रालि र बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल तथा काठमाडौंको गुर्जुधारास्थित भेइकल एकेडेमी तथा रिसर्च सेन्टर प्रालि र गोकर्णेश्वरस्थित नेपाल ड्राइभिङ एन्ड रिकन्डिसन सेन्टर प्रालिको अनुगमन र नापजाँच गरेको थियो। त्यस्तै, ललितपुरको एकान्तकुनास्थित सुजुकी ड्राइभिङ स्कुल प्रालि र अन्य दुईवटा निजी ट्रायल सेन्टरहरू सिटी ड्राइभिङ प्रशिक्षण केन्द्र र एकान्तकुना ड्राइभिङ सेन्टरको पनि अनुगमन तथा नापजाँच गरेको थियो।

छानबिन समिति संयोजक खनालले काठमाडौंका सबै ट्रायल सेन्टरमा मापदण्डको पूर्ण पालना नभएको साझा समस्या देखिएको बताए। ट्रायल सेन्टरले नै मापदण्ड पालना नगर्दा निर्देशिकाले तोकेका मापदण्डअनुसार तयारी गरेर गएका परीक्षार्थीहरू असफल हुने जोखिम हुने उनको भनाइ छ। 'यो त परीक्षामा पाठ्यक्रमबाहिरबाट प्रश्न आएजस्तो भयो,' उनले भने, 'ट्रायल सेन्टरहरूले कानुनबमोजिम मापदण्ड पालना गर्नुपर्छ।'

जिम्मेवार पदाधिकारी र ट्रायल सेन्टरलाई कारबाही गर्नुपर्ने सतर्कताको निष्कर्ष

राष्ट्रिय सतर्कता केन्द्रले ट्रायल सेन्टरहरूले कानुनी मापदण्ड पालना नगरेको निष्कर्ष निकालेको छ। ट्रायल सेन्टरहरू सवारीचालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिकाले तोकेको मापदण्डअनुसार नभएको छानबिनको ठहर छ। त्यस प्रकारका प्रयोगात्मक परीक्षास्थलमा लिएको परीक्षालाई विधिसम्मत भयो भन्न सक्ने अवस्थासमेत नदेखिएको प्रतिवेदनले किटान गरेको छ। ती ट्रायल सेन्टर र त्यसको अनुगमन गर्नुपर्ने भूमिका भएका जिम्मेवार पदाधिकारीलाई कारबाही गर्न केन्द्रले सुझाव दिएको छ। 'अनुगमन तथा निर्देशन दिने निकाय सम्बन्धित यातायात व्यवस्था कार्यालयका जिम्मेवार पदाधिकारी तथा ट्रायल सेन्टरलाई कानुनबमोजिम कारबाही गरी कानुनअनुसार तोकिएको मापदण्डअनुसार सञ्चालनमा ल्याउन निर्देशन दिनुपर्ने' निष्कर्ष छानबिन समितिको छ।

त्यस्तै, निजी ड्राइभिङ स्कुलहरूबारे पनि छानबिन समितिले चासो देखाएको छ। त्यस्ता निजी ड्राइभिङ स्कुलहरू के-कति सञ्चालनमा छन्, अनुमति लिए-नलिएको तथा नवीकरण भए-नभएको सम्बन्धमा यकिन विवरण नरहेको पाएको प्रतिवेदनमा उल्लेख छ। तिनले मनलाग्दी ढंगले प्रयोगात्मक प्रशिक्षण दिई रकम असुलउपर गरेकाले यस सम्बन्धमा सम्पूर्ण सेन्टरलाई अनुगमन गर्नुपर्ने आवश्यकता प्रतिवेदनले औँल्याएको छ। मापदण्डमा सञ्चालन भएकालाई नवीकरण गरी सञ्चालनमा ल्याउने, दर्ता भएका तर नवीकरण नभएकालाई तोकिएबमोजिम नवीकरण गर्ने र दर्ता नभएकालाई मापदण्डअनुसार प्रयोगात्मक परीक्षास्थल बनाउन लगाउने तथा मापदण्ड पुऱ्याउन नसक्नेलाई बन्द गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिनुपर्ने सिफारिस छानबिन समितिले गरेको छ।

कुन ट्रायल सेन्टरमा कस्तो कैफियत ?

● इजी वे ट्रायल सेन्टर, राधेराधे भक्तपुर

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, जगाती, भक्तपुर र इजी वे ट्रायल सेन्टर प्रालिबीच सशुल्क रूपमा प्रयोगात्मक परीक्षास्थल र परीक्षामा प्रयोग हुने दुई र चारपांग्रे सवारीसाधन उपलब्ध गराउने गरी १६ वैशाख ०७६ मा सम्झौता भएको थियो। सम्झौतामा सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा दिने परीक्षार्थीलाई सम्झौतामा तोकिएबमोजिमको रकम लिने गरी सवारीचालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ बमोजिमको सम्पूर्ण भौतिक पूर्वाधार भएको प्रयोगात्मक परीक्षास्थल र सवारीसाधनसमेत उपलब्ध गराउने उल्लेख छ।

केन्द्रको छानबिनबाट यस ट्रायल सेन्टरमा दुई र चारपांग्रे सवारीसाधनका लागि तोकिएको लेआउटको क्रम नमिलेको, दुईपांग्रे सवारीसाधनको 'बम्पी टेस्ट'अन्तर्गत 'पिसिसी प्ल्याटफर्म' नभएको, 'न्यारो प्ल्याक'को 'स्लोप पार्ट' बिग्रेकाले वास्तविक नाप लिन नसकिएको जस्ता समस्या देखिएका छन्। चारपांग्रे (साना सवारी)को 'र्‍याम्प टेस्ट जाँच गर्दा रेखा मेटिसकेकाले कहाँबाट नाप लिने स्पष्ट नभएकाले जाँच गर्न नसकिएको, ग्यारेज पार्किङ टेस्ट एउटा हुनुपर्नेमा सँगसँगै दुईवटा रहेको र लेआउटमा राइट टर्नको प्रावधान निर्देशिकामा नरहेकामा दुईवटा यस्ता राइट टर्न रहेको लगायत समस्या छानबिन समितिले औँल्याएको छ।

● बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल, भक्तपुर

सवारी तथा यातायात व्यवस्था ऐन, सवारीचालक प्रशिक्षण केन्द्र निर्देशिका, २०७४ को व्यवस्थाअनुसारको सवारीसाधनको प्रयोगात्मक परीक्षास्थल तथा तोकिएको मापदण्डअनुसारका सवारीसाधन उपलब्ध गराउने गरी यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, जगाती, भक्तपुर र बुढाथोकी ट्रेडर्स एन्ड ट्रेडिङ स्कुलबीच सम्झौता भएको थियो। क्याटेगोरी 'एफ' (मिनीबस र मिनीट्रक) तथा क्याटेगोरी 'जी' (ट्रक, बस र लरी)का प्रयोगात्मक परीक्षास्थल र त्यसमा प्रयोग हुने सवारीसाधन उपलब्ध गराउने गरी दुई पक्षबीच २९ वैशाख ०८० मा सम्झौता भएको थियो। यो ट्रायल सेन्टरमा ठूलो समस्या नदेखिएको र निर्देशिकाबमोजिम नै सञ्चालनमा रहेको प्रतिवेदनमा उल्लेख छ।

● भेइकल एकेडेमी तथा रिसर्च सेन्टर प्रालि, गुर्जुधारा

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, ठूलोभऱ्याङ, काठमाडौं र भेइकल एकेडेमी तथा रिसर्च सेन्टर प्रालिबीच प्रयोगात्मक परीक्षास्थल त्यसमा प्रयोग हुने चारपांग्रे सवारीसाधन उपलब्ध गराउने गरी १३ जेठ ०७६ मा सम्झौता भएको थियो। सम्झौतामा सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा दिने परीक्षार्थीलाई तोकिएबमोजिमको रकम लिने गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने निर्देशिका, २०६९ अनुसारको सम्पूर्ण भौतिक पूर्वाधार भएको प्रयोगात्मक परीक्षास्थल र सवारीसाधनसमेत उपलब्ध गराउने उल्लेख छ। सवारीचालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ कार्यान्वयनमा आइसकेपछि पुरानो कार्यविधिको व्यवस्थाअनुसारको भौतिक पूर्वाधार भएको परीक्षास्थल उपलब्ध गराउने गरी भएको सम्झौता गैरकानुनी भएको केन्द्रको ठहर छ।

त्यसैगरी यातायात व्यवस्था कार्यालय ठूलोभऱ्याङ र भेइकल एकेडेमीबीच सशुल्क रूपमा प्रयोगात्मक परीक्षास्थल र त्यसमा प्रयोग हुने दुईपांग्रे सवारीसाधन उपलब्ध गराउने गरी ११ मंसिर ०८० मा अर्को सम्झौता भएको थियो। सम्झौतामा लिखित तथा प्रयोगात्मक परीक्षास्थलको मापदण्ड तथा व्यवस्था, सवारीचालक प्रशिक्षण केन्द्र निर्देशिका, २०७४ र बागमती प्रदेश सरकारबाट जारी सवारीचालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षास्थल (छनोट तथा सञ्चालन) कार्यविधि, २०७८ को व्यवस्थाको पालना गर्नुपर्ने उल्लेख छ। तर, यस ट्रायल सेन्टरमा दुईपांग्रेको तोकिएको लेआउट मिले पनि स्पिड ब्रेकर टेस्टमा 'मेटल प्लेट' राखी स्लोप लामो बनाइएको तथा चारपांग्रे (साना, मझौला र ठूला सवारी)को तोकिएको लेआउट नमिलेको, ट्राफिक चिह्न जाँच निर्देशिकामा तोकिएबमोजिम नभएको र मापदण्डमा उल्लेख नभएको स्पिड ब्रेकर (बम्पी टेस्ट) राखेको लगायतमा समस्या रहेको छानबिनले औँल्याएको छ।

● नेपाल ड्राइभिङ एन्ड रिकन्डिसन सेन्टर प्रालि, गोकर्णेश्वर

यातायात व्यवस्था कार्यालय, चाबहिल र नेपाल ड्राइभिङ एन्ड रिकन्डिसन प्रालि, गोकर्णेश्वरबीच प्रयोगात्मक परीक्षास्थल र सो परीक्षामा प्रयोग हुने चारपांग्रे साना, मझौला र ठूला सवारीसाधन उपलब्ध गराउने भनी १० जेठ ०७८ मा सम्झौता भएको थियो। त्यस्तै, यातायात व्यवस्था कार्यालय र नेपाल ड्राइभिङ एन्ड रिकन्डिसनबीच प्रयोगात्मक परीक्षास्थल र त्यसमा प्रयोग हुने दुईपांग्रे सवारीसाधन उपलब्ध गराउने गरी ४ असोज ०७८ मा अर्को सम्झौता भएको थियो। यिनमा सबैको ताकिएको लेआउट क्रम मिले पनि दुईपांग्रे सवारीसाधनको बम्पी टेस्टअन्तर्गत पिसिसी प्ल्याटफर्म नभएको समस्या छानबिनले औँल्याएको छ।

● सुजुकी ड्राइभिङ स्कुल प्रालि, एकान्तकुना

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, एकान्तकुना र सुजुकी ड्राइभिङ स्कुलबीच प्रयोगात्मक परीक्षास्थल र त्यसमा प्रयोग हुने दुई र चारपांग्रे सवारीसाधन उपलब्ध गराउने गरी ३ कात्तिक ०७३ मा सम्झौता भएको थियो। यो ड्राइभिङ सेन्टरमा दुई र चारपांग्रे सवारीको तोकिएको लेआउटको क्रम नमिलेको, केन्द्रबिन्दु रुख/पोल भएकाले 'फिगर ड/युटर्न टेस्ट'को यकिन नापजाँच गर्न नसकिएको, दुईपांग्रे सवारीसाधनको बम्पी टेस्टअन्तर्गत पिसिसी प्ल्याटफर्म नभएको लगायत समस्या प्रतिवेदनमा उल्लेख छ। दुई तथा चारपांग्रे सवारीसाधनको ट्राफिक सिग्नल टेस्ट निर्देशिकामा तोकिएबमोजिम भएको नपाइएको पनि छानबिन समितिले औँल्याएको छ।

● सिटी ड्राइभिङ प्रशिक्षण केन्द्र र एकान्तकुना ड्राइभिङ सेन्टर, ललितपुर (निजी)

छानबिन समितिले दुईवटा निजी ट्रायल सेन्टरको पनि नापजाँच गरेको थियो। सिटी ड्राइभिङ प्रशिक्षण केन्द्र र एकान्तकुना ड्राइभिङ सेन्टर दुवैमा लेआउटको क्रम नमिलेको र ट्रायल सेन्टरको नापजाँच तोकिएबमोजिम भएको नपाइएको प्रतिवेदनमा उल्लेख छ।

नेपालको...

पृष्ठ १ बाट क्रमशः

खेलाडीको विश्व रेकर्ड बनेको छ। त्यस्तै, एकै ओभरमा ६ छक्का हान्ने उनी पहिलो नेपाली क्रिकेटर बनेका छन्। ओमानमा चलिरहेको एसिसी प्रिमियर कप टी-२० क्रिकेट प्रतियोगितामा कतारलाई ३२ रनले हराउने क्रममा दीपेन्द्रले २०औँ ओभरमा ६ छक्का प्रहार गरेर ऐतिहासिक रेकर्ड बनाएका हुन्।

यसअघि एकै ओभरमा ६ छक्काको कीर्तिमान भारतका युवराज सिंह, वेस्ट इन्डिजका किरन पोलार्ड, दक्षिण अफ्रिकाका हर्सेल गिब्स र अमेरिकाका जसकरन मलहोत्राको नाममा थियो। युवराज र किरनले टी- २० तथा गिब्स र जसकरनले एकदिवसीयमा यो रेकर्ड बनाएका थिए। युवराजले सन् २००७ टी-२० विश्वकपमा इंग्ल्यान्डविरुद्ध र पोलार्डले सन् २०२१ मा श्रीलंकाविरुद्ध लगातार ६ बलमा छक्का हानेका थिए। हर्सेलले सन् २००७ को एकदीवसीय विश्वकपमा नेदरल्यान्ड्सविरुद्ध एकै ओभरमा ६ छक्का हिर्काएका थिए। त्यस्तै, सन् २०२१ मा अमेरिकाका जसकरन मलहोत्राले पपुवा न्युगिनीविरुद्ध यही रेकर्ड कायम गरेका छन्।

अल अमेरात मैदानमा पाँचौँ नम्बर क्रिजमा पुगेका दीपेन्द्रले पहिलो इनिङ्सको अन्तिम ओभरमा कमरान खानलाई ६ छक्का प्रहार गरे। १९ ओभर समाप्तिमा नेपालले सात विकेट गुमाउँदै १७४ रन बनाएर खेलिरहेको थियो। दीपेन्द्रले ६ छक्कासहित ३६ रन जोड्दा नेपालले निर्धारित २० ओभरमा २१० रनको विशाल लक्ष्य प्रस्तुत गरेको थियो। दीपेन्द्रविरुद्ध बलिङ गर्न आएका कमरानले १.४ ओभरमा सर्वाधिक ४२ रन खर्चिए।

दीपेन्द्रले चौथो छक्का प्रहार गरेपछि ६ वटै बलमा छक्का हान्न सक्ने आत्मविश्वास पलाएको अनुभव सुनाएका छन्। 'पहिलादेखि नै अभ्यास यस्तै गरिरहेको थिएँ। आज त्यो यहाँ (कतारविरुद्ध) देखिएको छ,' उनले भने, 'चौथो छक्का प्रहार गरेपछि अब ६ छक्का प्रहार गर्न सक्छु भन्ने लाग्यो। कीर्तिमान बनाएको छु। एकदमै खुसी छु। टिमले मलाई समर्थन गरेको छ। कोचले पनि फिनिसर मान्नुभएको छ। त्यसैले म यहाँ छु। राम्रो भइरहेको छ।'

टस जितेर ब्याटिङ गरेको नेपालले पूरा ओभर खेल्दै २११ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा कतारले पूरा २० ओभर खेल्दै नौ विकेट गुमाएर १७८ रन बनायो।

नेपाली राष्ट्रिय टोली कप्तान रोहितकुमार पौडेलले दीपेन्द्रसहित सबै खेलाडीबाट समग्रमा राम्रो प्रस्तुति भएको बताए। 'ब्याटिङमा राम्रो भयो, दीपेन्द्र दाइले राम्रो प्रदर्शन गर्नुभयो। नेपाली ब्याटिङको शीर्ष क्रम राम्रो भएको छ। बलिङ पनि पावर प्लेमा राम्रो भएको छ,' उनले भने।

लगातार दोस्रो जितपछि नेपालले ४ अंक जोडेको छ। नेपालले समूह १ को पहिलो खेलमा मलेसियालाई पाँच विकेटले हराएको थियो। यसअघि दीपेन्द्रले नै चीनमा आयोजना भएको १९औँ एसियाली गेम्समा मंगोलियाविरुद्ध एकै ओभरमा पाँच छक्का प्रहार गरेका थिए। उक्त खेलमा उनले नौ बलमा अर्धशतक बनाउँदै विश्व कीर्तिमान बनाएका थिए।

प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालय
भूमिगत जलश्रोत तथा सिँचाइ विकास डिभिजन
काभ्रेपलान्चोक, बागमती प्रदेश

सिलबन्दी दरभाउपत्र र बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति : २०८१/०१/०२)

यस कार्यालयबाट नुवाकोट (प्रथम पटक) र सिन्धुली (दोस्रो पटक) जिल्लाका विभिन्न गा.पा.हरुमा डीप ट्यूबवेल निर्माण तथा पम्पीङ्ग टेष्ट कार्यको लागि विद्युतीय बोलपत्र र विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत हेर्न सकिनेछ।

(डिभिजन प्रमुख)

माईग्रेशन सर्टिफिकेट हरायो

मिति २०८०/१०/१५ गते भवानिपुर बाट चन्द्रपुरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **माईग्रेशन सर्टिफिकेट** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name: Bisheshwar Chaudhary
Reg. No.: 757695042
Symbol No : 27616909
Contact : 9851326771

Beni Municipality
Office of Municipal Executive, Beni, Myagdi
Invitation for Sealed Quotation
Date of Second Publication: 2080/12/30 (12th April.2024)

1. Beni Municipality, Office of Municipal Executive invites Electronic Bids from eligible bidders for following projects.

S. No	Name of Project &Contract ID.	Price Of Bid Document	Estimated Amount Including VAT & PS(Nrs.)	Last Date, Time of bid Submission and Opening	Bid Security Amount & Bid Security Validity Period	Bank A/C Details (For cost of bid Document &Bid Security Amount)
1	Printing and Supplying of Local Text Book Work (Contract ID: BM/SQ/G/Re/02/2080-81)	NRs.1000	12,86,050.00	2081-01-16 at or before 12:00 hrs and 13:00 hrs Respectively	NRs.32,500.00 & 75 Days	Name Of Account: -: GA 1.1-BENI NAPA AANTARIK RAJASWA KHATA, (Rajaswa revenue Khata No): - 06303000001001000001 Name of Account: - GA 3.0-BENI NAPA DHARAUTI KHATA Account No (Dharauti) Khata No: 06303000003000000001

2. Eligible Bidders may obtain further information from the (Phone no. 069-521095, website: benimun.gov.np) Beni Municipality, Office of Municipal Executive, Beni Myagdi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Beni Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above-mentioned Date & time.

Chief Administrative Officer

Namkha Rural Municipality
Office of the Municipal Executive
Humla
INVITATION FOR Sealed Quotation
Invitation for sealed Bids for procurement of Fabricated Steel Parts for Trail Bridges
Sealed Quotation No: **SQ1/2080/2081.**
First Date of Publication: **14/04/2024**

1. Namkha Rural Municipality Office of the Municipal Executive Humla invites sealed bids from registered fabricators for procuremrnt and supply of fabricated steel parts for following Trail Bridges.
2. Bidders who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e. www.bolpatra.gov.np/egp. Bidders, submitting their bids electronically, should deposit the cost of bidding documents in the following account,
   i. **Name of the bank** : Citizens bank international Ltd.
   ii. **Name of office** : Namkha rural municipality,yalbang humla
   iii. **Official account number** : 0760100000001202
3. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit in Account No 0760100000001202 (**Citizen Bank** Yalbang, Humla)
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
5. The name and identification of the contract are as follows:

Sealed Quotation No.	Description of Work (Fabrication Package)	Estimated Amount, NRS (Including VAT)	Bid Security Amount (Rs.)	Bid document fee
SQ1/2080/2081.	Procurement of fabricated package	17,73,716.21	40,000.00	1000.00

Chief Administration Officer

डोल्पामा...

पृष्ठ १ बाट क्रमशः

ज्यान गएको प्रजिअ दाहालले जानकारी दिए। सोही घटनामा घाइते भएका १० वर्षीय सुलस बुढाको ३० चैतमा जिल्ला अस्पताल डोल्पामा उपचारका क्रममा मृत्यु भएको थियो। आगलागीमा परी एकै गाउँका तीन बालकको मृत्यु भएपछि सिंगो गाउँ शोकमा डुबेको त्रिपुरासुन्दरी- ४ का वडाध्यक्ष रञ्जित बुढाले बताए। 'यसपटक गाउँमा नयाँ वर्ष मनाउन पाइएन,' उनले भने।

बालकको ज्यान जाने गरी भएको घटनाको तीन दिनअघि मात्र डढेलोबाट डोल्पामै तीन सैनिकको ज्यान गएको थियो। २६ चैतमा ठूलीभेरी नगरपालिका- ४ स्थित मस्टा सामुदायिक वनमा लागेको डढेलो निभाउन गएका सेनाको देवीदत्त गुल्म 'क'मा कार्यरत सैनिक घाइते भएका थिए। जुम्लाका सिपाही हेमन्त रावल, २३ वर्षीय जवान आशिष बुढा र काभ्रे घर भएका ३८ वर्षीय जमदार केशरबहादुर जर्गामगरको मृत्यु भएको थियो। रावलको जिल्ला अस्पताल दुनैमा तथा बुढा र मगरको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारको क्रममा ज्यान गएको थियो।

कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचाररत सुर्खेत जरबुटाका प्युठ विजय कोइरालाको स्वास्थ्य अवस्था सुधारोन्मुख भए पनि खतरामुक्त नभएको चिकित्सकले जनाएको प्रजिअ दाहालले बताए। 'चिकित्सकले घाइते सैनिकको स्वास्थ्य अवस्था सुधारोन्मुख भए पनि अझैं खतरामुक्त नभएको जानकारी गराउनुभएको छ,' प्रजिअ दाहालले भने। डोल्पाको विभिन्न सामुदायिक वनमा केही दिनदेखि डढेलो सल्किएको छ। वनमा लागेको डढेलो नियन्त्रण गर्न नेपाली सेनाका दुईवटा गुल्म, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्थानीयको टोली खटिए पनि नियन्त्रणमा आउन सकेको छैन।

बनेन एउटा पनि...

पृष्ठ १ बाट क्रमशः

क्रममा रहेको प्रदेश सभाका प्रवक्ता अरुणकुमार झाले बताए।

बिजनेसको पर्खाइमा प्रदेश सभा

मधेश प्रदेश सभाको दोस्रो कार्यालयअन्तर्गत अहिलेसम्म ४८ वटा बैठक मात्र बसेको छ। पछिल्लोपटक गत ६ फागुनमा मुख्यमन्त्री यादवले विश्वासको मत लिँदा प्रदेश सभाको बैठक चलेको थियो। त्यसपछि १५ फागुनमा प्रदेश सभाको बैठक सुरु नहुँदै जनमत पार्टीले राजविराजस्थित कृषि विश्वविद्यालयको भवन शिलान्यासको विषयमा तत्कालीन शिक्षामन्त्री महेशप्रसाद यादवमाथि प्रहरीले गरेको लाठीचार्जको विषयमा मुख्यमन्त्री यादवले माफी माग्नुपर्ने भन्दै बैठक अवरुद्ध गरेदेखि सभाको अर्को बैठक बस्न सकेको छैन। बिजनेस अभावका कारण प्रदेश सभाको बैठक अपेक्षाअनुसार बस्न नसकेको प्रदेश सभामुख रामचन्द्र मण्डलले स्वीकार गरे। 'प्रदेश सभामा खासै बिजनेस छैन,' उनले भने, 'बिजनेस दिने काम सरकारको हो। तर, देशमा हुने राजनीतिक घटनाक्रमले पनि सरकारले बिजनेस दिन नसकेको छैन। बिजनेस नै नभएपछि सभा बैठक गर्ने कुरा पनि आएन।'

विगतमा बनेका कतिपय विधेयक प्रदेश सभामा दर्ता भए पनि पास हुन सकेको छैन। कतिपय विधेयक सम्बन्धित संसदीय समितिमै रहेको अवस्थामा पहिलो प्रदेश सभाको कार्यकाल समाप्त भएको थियो। 'ती विधेयकलाई पुनः सभामा प्रवेश गराउन वर्तमान सरकारले ती विधेयकको स्वामित्व लिई पुनः प्रदेश सभामा पठाउनुपर्ने कानुनी प्रवधान छ,' सभामुख मण्डलले भने, 'विगतमा सभाबाट पास हुन नसकेको विधेयकलाई पनि स्वामित्व लिई अगाडि बढाउन सकिन्छ।'

मधेश सरकारले सुरुवाती अवस्थामा प्रदेश सरकारलाई चुस्तदुरुस्त बनाउन कम्तीमा ११५ वटा कानुन निर्माण गर्नुपर्ने पहिचान गरेको थियो। सोहीअनुसार तत्कालीन लालबाबु राउत नेतृत्वको सरकारले ५७ वटा कानुन निर्माण गरेकोमा ५५ वटा कानुन प्रदेश सभाबाट पास भई प्रदेश प्रमुखबाट प्रमाणीकरणसमेत भइसकेको छ। तर, मुख्यमन्त्री सरोजकुमार यादवको नेतृत्वको सरकार गठन भएयता प्रदेश सभाबाट एउटा पनि कानुन ल्याउन सकेको छैन।

मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता वीरेन्द्र ठाकुरले कानुन निर्माण आवश्यकता र औचित्यका अधारमा गर्नुपर्ने भन्दै प्रदेश सरकार अवश्यकताअनुसार ऐन निर्माणतर्फ लागेको बताए। संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार सूचीमा १५, प्रदेशको एकल अधिकार सूचीमा २१, संघको एकल अधिकार सूचीमा ३५ र स्थानीयको एक अधिकार सूचीमा २२ वटा कानुन तोकिएको उनले बताए। प्रदेशले आफ्ना अधिकार सूचीमा पर्ने कानुन निर्माणमा जोड दिई संघीयतालाई कार्यान्वयनमा अगाडि बढ्नुपर्ने अधिवक्ता विमल झाले बताए।

विकास निर्माण झन् सुस्त

चालू आर्थिक वर्षको नौ महिना बित्न लाग्दा पनि प्रदेश सरकारको विकास निर्माणको काम सुस्त देखिएको छ। मुलुकमा हुने राजनीतिक घटना क्रममको प्रभाव मधेश प्रदेशको विकास निर्माणको पनि परेको छ। पटक-पटक हुने सत्तारूढ गठबन्धन दलहरूबीच मन्त्रालय भागबन्डाको खेलले पनि विकास निर्माण प्रभावित हुने पुगेको छ। शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई टुक्र्याएर बनाइएको खेलकुद तथा समाज कल्याण मन्त्रालय, शिक्षा तथा सांस्कृतिक मन्त्रालय, श्रम तथा यातायात मन्त्रालयलगायतले विकास निर्माणको काम सुरु गर्न सकेका छैनन्। चालू आर्थिक वर्ष ०८०/८१ को मध्य चैतसम्ममा कुल बजेटको १५ दशमलव १३ प्रतिशत मात्रै खर्च भएको छ। त्यसमध्ये चालूतर्फ १९ दशमलव ३२ प्रतिशत र पुँजीगत जम्मा ११ दशमलव ३१ प्रतिशत मात्र खर्च हुन सकेको प्रदेश कोष लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

मधेश प्रदेश लेखानियन्त्रक कार्यालयको तथ्यांकअनुसार चालू आवको कुल बजेट ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार विनियोजन गरिएको छ। अहिलेसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय १५.२२, अर्थ मन्त्रालय १५.१५, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय ६.७०, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय १३.४२, ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालयले १७.६६ प्रतिशत बजेट खर्च गरेको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालय १६.९५, वन तथा वातावरण मन्त्रालय ३२.८७, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय १४.३९, शिक्षा तथा समाज कल्याण मन्त्रालय २२.३६, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय १७.९८ र श्रम तथा यातायात मन्त्रालयले ९.८२ प्रतिशत बजेट खर्च गर्न सकेको प्रदेश कोलनिकाले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ।

नागरिक उन्मुक्तिको विवादले सुदूरपश्चिम सरकार गठनमा अन्योल

प्रदेश प्रमुखले मुख्यमन्त्रीमा दाबी गर्न दिएको समयसीमा एक दिन मात्रै बाँकी रहँदा नागरिक उन्मुक्तिभित्रको विवादले सरकार गठनबारे गठबन्धनमा रहेका दलहरूबीच औपचारिक छलफलसमेत भएको छैन

धनगढीमा **तेजराज भट्ट**

प्रदेश प्रमुखले सरकार गठनका लागि दिएको समयसीमा सकिन एक दिन बाँकी रहँदा सुदूरपश्चिममा सरकार गठनको अन्योल कायम छ। बहुमतका लागि निर्णायक रहेको नागरिक उन्मुक्ति पार्टीभित्रको विवादका कारण सत्तागठबन्धनबीच सरकार गठनबारे प्रदेश तहमा औपचारिक छलफलसमेत हुन सकेको छैन। प्रदेश प्रमुख नजिर मियाँले सरकार गठनका लागि २ वैशाख साँझ ५ बजेसम्मको समय दिएका छन्।

माओवादी संसदीय दलका नेता मानबहादुर धामीले सरकार गठनबारे प्रदेशमा औपचारिक छलफल नभएको बताए। नागरिक उन्मुक्तिभित्रको द्वन्द्वले सरकार गठनको छलफलले औपचारिकता पाउन नसकेको उनले बताए।

गठबन्धनबीच सुदूरपश्चिममा कुन पार्टीको नेतृत्वमा सरकार गठन गर्ने भन्ने टुंगिएको छैन। यसअघि सुदूरपश्चिम सरकारको नेतृत्व एकीकृत समाजवादीले गर्ने केन्द्रमा गठबन्धनको शीर्ष तहमा सहमति भएको सार्वजनिक भएको थियो। तर, नागरिक उन्मुक्तिले पनि नेतृत्व दाबी गरेपछि केन्द्रमा यसबारे औपचारिक निर्णय नभएको नेताहरूले बताएका छन्। नेता धामीले प्रदेश सरकारको नेतृत्व कुन पार्टीले गर्ने भन्ने निर्णय केन्द्रमै हुने बताए। 'नागरिक उन्मुक्तिका बहुमत सांसद एकातिर छन्, पार्टीको आधिकारिक लाइन दलमा अल्पमतमा रहेको पक्षसँग छ,' गठबन्धनका एक नेताले भने, 'कुन पक्षसँग छलफल गर्ने भन्ने नै अन्योल छ।'

यसअघि प्रदेश सरकारमा सहभागिताको विषयमा नागरिक उन्मुक्तिभित्र विवाद चर्किएको थियो। अहिले मुख्यमन्त्री को बन्ने भन्ने विवाद बढेको छ। नागरिक उन्मुक्तिका बहुमत प्रदेश सांसदको समर्थनका बीच विश्वासको मत पाउन सक्ने अवस्था नभएपछि मुख्यमन्त्री कमलबहादुर शाहले गत २२ चैतमा राजीनामा दिएका थिए।

पार्टीका संरक्षक रेशम चौधरीको उपस्थितिमा नागरिक उन्मुक्ति सांसदबीच २८ चैतमा भएको छलफलमा एमाले-माओवादीसहितको गठबन्धन सहभागी हुने र सरकारको नेतृत्वमा दाबी गर्ने समझदारी बनेको थियो। तर, सरकारको नेतृत्व कसले गर्ने भन्ने विवाद चर्किएको छ। संसदीय दलका बहुमत सांसदले लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्रीमा अघि सार्ने निर्णय गरेका छन्। ६ जना प्रदेश सांसदमध्ये रेशमनिकट चारजनाले यस्तो निर्णय गरेका हुन्।



विवाद बढेपछि पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठले संसदीय दलका नेता घनश्याम चौधरीलाई तीन महिनाका लागि निलम्बन गरेकी छिन्। उनले आफ्नो विश्वासपात्र सांसद कैलाश चौधरीलाई मुख्यमन्त्री बनाउन चाहेकी छिन्। सुदूरपश्चिममा नागरिक उन्मुक्तिलाई मुख्यमन्त्री दिने गठबन्धनको शीर्ष तहमा सहमति भएको उनको दाबी छ। नागरिक उन्मुक्तिले नेतृत्व पाए कैलाश मुख्यमन्त्री बन्ने सम्भावना बलियो छ। रेशम पक्षबाट मुख्यमन्त्रीका दाबेदार लक्ष्मणकिशोरले पार्टीको आन्तरिक विवादका कारण गठबन्धनसँग सरकार गठनबारे छलफल हुन नसकेको स्वीकारे। मुख्यमन्त्री को बन्ने भन्नेमा पार्टीमा विवाद देखिएपछि गठबन्धनसँग सरकारको नेतृत्वका लागि औपचारिक दाबी गर्न नसकिएको उनले बताए। 'हाम्रो दलभित्रै फरक कुरा आएपछि मिलाउने प्रयासमा छौं,' उनले भने, 'बहुमतीय प्रणालीबाट साथीहरूले मुख्यमन्त्रीमा मलाई अघि सार्नुभएको छ। अरू साथीहरूले पनि दाबी गर्नु स्वाभाविक हो, तर बहुमत सदस्यले निर्णय गरेपछि त्यसलाई सबैले मानेर जानुपर्छ।'

कैलाशले भने पार्टीले मुख्यमन्त्रीका रूपमा आफूलाई अघि सारेको बताए। संसदीय दलमा विवाद रहेको अवस्थामा मुख्यमन्त्रीमा कसलाई अघि सार्ने भन्ने निर्णय पार्टी केन्द्रले नै गर्ने बताए। विवादबीच एक पक्षले गरेको निर्णयले अर्थ नराख्ने उनको भनाइ छ।



■ **मानबहादुर धामी**, संसदीय दलका नेता, नेकपा माओवादी

नागरिक उन्मुक्ति एकमत भएको भए औपचारिक कुराकानी गर्न सहज हुन्थ्यो अनौपचारिक छलफल भइरहेका छन्, २ वैशाखसम्म केही न केही निर्णयमा पुगिएला।

■ चौधरीलाई तीन महिना निलम्बन

आन्तरिक विवादबीच नागरिक उन्मुक्तिले संसदीय दलका नेता घनश्याम चौधरीलाई तीन महिनाका लागि निलम्बन गरेको छ। पार्टी अध्यक्ष श्रेष्ठले प्रदेशका सभामुख भीमबहादुर भण्डारीलाई पत्र पठाउँदै चौधरीलाई तीन महिनाका लागि निलम्बनसहितको कारबाही गरेको जानकारी गराएकी छिन्। पार्टीका अति महत्त्वपूर्ण र गम्भीर विषयमा छलफल गरी निर्णय गर्नुपर्ने भनि पटकपटक बोलाउँदा पनि उपस्थित नभएको र अध्यक्षले पठाएको स्पष्टीकरणको चित्तबुझ्दो जवाफ नदिएकाले उनलाई कारबाही गरिएको पत्रमा उल्लेख छ। पार्टीको अन्तरिम विधानबमोजिम कार्य गरेकाले उनलाई तीन महिनाका लागि निलम्बन गर्ने केन्द्रीय कमिटीले निर्णय गरेको अध्यक्ष श्रेष्ठले जनाएकी छिन्।अध्यक्ष श्रेष्ठले चौधरीलाई यसअघि दलको नेताबाट हटाएर कैलाशलाई जिम्मेवारी दिएकी थिइन्।

भागबन्डा नमिल्दा लुम्बिनीमा मन्त्रीले पाएनन् जिम्मेवारी

बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनीमा सरकार गठनको एक साता बित्दा पनि मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन। माओवादी नेता जोखबहादुर महरा २३ चैतमा मुख्यमन्त्री बने पनि मन्त्रालय भागबन्डामा गठबन्धन दलबीच सहमति नजुट्दा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको हो।

२५ चैतमा मुख्यमन्त्री महराको शपथसँगै एमाले, माओवादी र जसपाबाट एक-एकजना मन्त्री नियुक्त गरे पनि उनीहरूले अझै जिम्मेवारी पाएका छैनन्। एमालेका चेतनारायण आचार्य, माओवादीका दीपेन्द्रकुमार पुनमगर र जसपाका भण्डारीलाल अहिर मन्त्री नियुक्त भएका थिए।

एमाले संसदीय दलका उपनेता एवं एमालेबाट नेतृत्व गरेर सरकारमा सहभागी भएका मन्त्री चेतनारायण आचार्यले एक साताभित्र समिति र मन्त्रिपरिषद्ले पूर्णता पाउने गरी तयारी गरिएको बताए। 'दलहरूबीच छलफल गरी एक साताभित्र सबै टुंगोमा पुग्छौं,' उनले भने। प्रदेश सभाका संसदीय समिति एक वर्षभन्दा बढीदेखि नेतृत्वविहीन अवस्थामा छन्। यहाँ ६ वटा समिति रहेका छन्। नयाँ गठबन्धनले ६ वटा मध्ये दुईवटा समितिको नेतृत्व कांग्रेसलाई दिने गरी तयारी गरेको छ। लेखा र कृषि समिति कांग्रेसलाई दिने तयारी छ। अन्य समितिको सभापतिका बारेमा गठबन्धनको छलफलबाट टुंगो लगाइनेछ। एमालेले तीन र माओवादी केन्द्रले दुईवटा सभापति लिने गरी छलफल भएको उमालेका उपनेता तथा मन्त्री आचार्यले बताए।

लुम्बिनी प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य (सांसद)हरूले १७ पुस ०७९ मा शपथ लिएका थिए। यहाँ दोस्रो प्रदेश सभाको पहिलो अधिवेशन १८ पुस ०७९ मा सुरु भएको थियो। यस्तै, ३ माघमा सभामुख तथा उपसभामुख चयन भएका थिए। लुम्बिनीमा पहिलो अधिवेशनको समयमा समिति बन्न नसकेको अवस्थामा दोस्रो अधिवेशनमा समिति गठन भए। तर, तिनले अझै नेतृत्व पाएका छैनन्।

यहाँ अर्थ, उद्योग तथा पर्यटन समिति, प्रदेश मामिला तथा कानुन समिति, सार्वजनिक लेखा समिति, भौतिक पूर्वाधार तथा विकास समिति, सामाजिक विकास समिति र कृषि वन तथा वातावरण समिति रहने प्रावधान रहेको छ। लुम्बिनी प्रदेश सभामा ८७ जना सदस्य (सांसद) रहेकोमा एकजना निलम्बनमा छन्। १० वटा दलले प्रदेश सभामा प्रतिनिधित्व गर्छन्।सरकारका प्रवक्ता दीपेन्द्रकुमार पुनमगरले गठबन्धनमा सामेल दलहरूमध्ये कसले कति र कुन मन्त्रालय लिने भन्ने विषय छलफलमै रहेको बताएका छन्। उनले समितिका सभापतिहरूको टुंगो ४ वैशाखसम्ममा लगाउने र त्यसको एक-दुई दिनभित्रमा मन्त्रिपरिषद्ले पूर्णता पाउने बताए। उनले भने, '२ वैशाखबाट छलफल हुन्छ र छिट्टै टुंगोमा पुगिन्छ।' माओवादी केन्द्रले मुख्य मन्त्रीबाहेक दुई, एमालेले पाँच, जसपाले दुई, स्वतन्त्रले एक मन्त्रालय लिनेबारे छलफल भएको उनले बताए।

दमक बजारको बेहाल

विकासका नाममा संघीय सरकारले कालोपत्रे सडक भत्कायो, समयमा नबनाउँदा सास्ती भोग्दै स्थानीय



दमकको मुख्य बजारमा भत्काइएको सडक।

झापामा **चिरञ्जीवी घिमिरे**

दमकको मुख्य बजारसहितका आधा दर्जन कालोपत्रे सडक भत्काएको ६ महिनाभन्दा बढी भइसक्यो। तर, भत्काइएको कालोपत्रे पुनः नबनाइँदा अहिले दमकवासी सास्ती खेप्न बाध्य छन्।

दमकवासीको घरबाट निस्किएको ढललाई प्रशोधन गर्ने उद्देश्यले संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगरले ठेक्का लगाएर ढल निर्माणका लागि सडक भत्काएको थियो। सडकका बीचमा ढलको पाइप लगाउन दमकका आधा दर्जनभन्दा बढी सडक भत्काइएको छ। मुख्य बजारका सडक भत्काएर ढलको पाइप लगाउने काम भएको छ। यद्यपि, समयमा काम अघि नबढाउँदा भत्किएका सडक लथालिंग अवस्थामा छाडिएको छ। जसले सामान्य झरीमा पनि दमक बजार हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुने गरेको छ।

पहिलो चरणमा ढल निर्माणका लागि ११ असोज ०७७ मा स्वामीनारायण आशीर्वाद वर्ल्ड ट्रेडलाई ७४ करोड ३१ लाखमा ठेक्का दिइएको थियो। उक्त निर्माण कम्पनीले दमकको विभिन्न सडकका ३८ किलोमिटर खनेर ढलका लागि पाइप लगाउनुपर्ने सम्झौता छ। निर्माण कम्पनीले ०७९ चैत मसान्तसम्मै काम सक्नुपर्ने हो। तर, समयमा काम नसकिएपछि ०८१ वैशाख मसान्तसम्मको म्याद थपिएको छ। थपिएको समयमा पनि काम नसकिएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगरका इन्जिनियर सुलभ काफ्लेले बताए। हालसम्म ढलका लागि पाइप बिछ्याउन भत्काइएको सडक कालोपत्रे गर्ने गरी ७८ प्रतिशत काम भएको उनले बताए। 'दमकको मुख्य बजारको हालत यो छ। पहिलोभन्दा ५० प्रतिशत व्यापार घटेको छ। धुलोले सामान बिग्रिएका छन्। यसरी सडक अलपत्र छाड्ने ठेकेदारलाई के कारबाही हुन्छ ?' दमक- ६ मा व्यापार गर्दै आएका सुमन लुइँटेलले भने, 'यो राज्यको गम्भीर लापारबाही हो। विकसित भनिएको दमक सहरको हालत यस्तो छ भने विकट गाउँको अवस्था के होला ?'

दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईले पटक-पटक दबाब दिँदा पनि समयमा सडक नबनेको गुनासो गरे। मुख्य बजारमा सडक अलपत्र छाडिँदा त्यसको प्रत्यक्ष असर व्यापार व्यवसायमा परेको उनको भनाइ छ। 'सडक खनेर त्यसै छाडिँदा सर्वसाधारणलाई हिँड्डुलमा समस्या हुन्छ। हिँड्डुलमै समस्या भएपछि त्यसले व्यापारमा त्यसै समस्या गरिहाल्छ नि ! व्यापारीको धेरै सामग्री नष्ट पनि भएको छ,' उनले भने।

संघीय सरकारको यो योजनामा ढिलाइ हुँदा त्यसको आक्रोश स्थानीय सरकारले भोग्नुपरेको दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई बताउँछिन्। 'स्थानीयको धेरै दबाब छ। हामी आफैंलाई पनि यति धेरै लाज भइसक्यो। तर, हामीले पनि फलोअप मात्र गर्ने हो। एउटा बाटो सक्दै अर्को भत्काउनुपर्ने हो। तर, सबै एकैपटक भत्काए। बीचमा बजेट छैन, नगरपालिकाले पनि पहल गरिदिओस् भन्ने आशय आएपछि हामीले पनि पहल गर्यौं,' उनले भनिन्।

संक्षेप

आज एमाले सचिवालय बैठक

काठमाडौं/ नेकपा एमालेले आज (आइतबार) केन्द्रीय सचिवालय बैठक बोलाएको छ। ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा बैठक बस्ने गरी बोलाइएको हो। कार्यालय सचिव डा. भीष्म अधिकारीका अनुसार बैठकमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकको तयारी, नेकपाको ७५औं स्थापना दिवस, १५ वैशाखमा हुने उपनिर्वाचनलगायत समसामयिक विषयमा छलफल हुनेछ। एमालेको राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठक यही ८ र ९ वैशाखमा ललितपुरको गोदावरीमा हुँदै छ। बैठकको व्यवस्थापकीय तयारीका लागि एमालेले उपमहासचिव विष्णु रिमालको संयोजकत्वमा कमिटी बनाएर काम गरिरहेको छ। यस्तै, महासचिव शंकर पोखरेलले दस्तावेज लेखन गरिरहेका छन्। परिषद् बैठक सकिएपछि पार्टी स्थापनाको ७५औं वर्षगाँठलाई हिरक महोत्सवका रूपमा १० वैशाखमा मनाउने गरी तयारी गरिरहेको छ। तिनै विषयमा केन्द्रित रहेर छलफल गर्ने गरी एमालेले बैठक बोलाएको हो।

दुई लाख ३० हजार पशुचौपायालाई खोप

तनहुँ/ भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र तनहुँले खटाएको खोपकर्ताले तनहुँका किसानको घरघरमै पुगेर सवा दुई लाख पशुचौपायालाई खोप लगाएका छन्। उनीहरूले चैतमसान्तसम्म दुई लाख ३० हजार पशुचौपायालाई विभिन्न खोप लगाएका हुन्। केन्द्रले १८ चैतदेखि तनहुँमा पशुका लागि पूर्णखोप कार्यक्रम सुरु गरेको थियो। केन्द्रले १० वटै स्थानीय तहमा ९२ जना पशुखोपकर्ता खटाएर खोप लगाउने अभियान थालेको हो। पशु चिकित्सक डा. राजेश चौधरीका अनुसार खोपकर्ताले चैतमसान्तसम्म दुई लाख ३० हजार पशुचौपायालाई खोप लगाइसकेका छन्। खोपकर्ताहरूले पशुको तथ्यांक लिने र खोप लगाउने काम गरिरहेको पशु स्वास्थ्य प्राविधिक रुद्र सिंह ठकुरीले बताए।

जनकपुरधाम दोस्रो सांस्कृतिक महोत्सव

काठमाडौं/ नेपालस्थित भारतीय राजदूतावास, काठमाडौंमा रहेको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतको महावाणिज्य दूतावास, वीरगन्ज र बिपी कोइराला भारत-नेपाल फाउन्डेसनले नेपाली नयाँ वर्ष ०८१ को अवसरमा शनिबार जनकपुरधाम सांस्कृतिक महोत्सवको दोस्रो संस्करणको आयोजना गरेका छन्। जनकपुरधाम सांस्कृतिक महोत्सवको पहिलो संस्करणगत वर्ष (सन् २०२३ अप्रिलमा)आयोजना भएको थियो। महोत्सव जनकपुरस्थित महेन्द्रनारायणनिधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजना गरिएको हो। महोत्सव दुई सत्रमा सम्पन्न गरिएको थियो। पहिलो सत्रमा हरिवंश झाले 'जानकी लीला'मा महत्त्वपूर्ण व्याख्यान प्रस्तुत गरेका थिए। कार्यक्रममा नेपाल र भारतका किल्लाहरूको प्रदर्शनी र चर्चित सेफ सन्तोष साहद्वारा प्रस्तुत मैथिली फुड फेस्टिभल पनि समावेश थियो। यस्तै, दोस्रो सत्रमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका गुरु तथा कलाकारले भगवान् राम र सीताको जीवनीमा आधारित भजन प्रस्तुत गरेका थिए।

गैंडाको आक्रमणबाट नेचर गाइडको मृत्यु

भरतपुर/ नयाँ वर्षको दिन पर्यटकलाई जंगल वाक गराउने क्रममा गैंडाको आक्रमणबाट नेचर गाइडको ज्यान गएको छ। चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत मध्यवर्ती क्षेत्रमा पर्यटक लिएर गएका ३३ वर्षीय नेचर गाइड सुवास रेग्मीलाई गैंडाले आक्रमण गर्दा उनको ज्यान गएको हो। चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेश तिवारीका अनुसार बिहानै दुई पर्यटक लिई गएका रेग्मीले गैंडाले आक्रमण गर्न लागेपछि पर्यटक बचाउन खोज्दा आफ्नै ज्यान गएको थियो। तिवारीले भने, 'उनी बिहानैदेखि हराइरहेका थिए। तर, निकुञ्ज र नेपाल प्रहरीका सुरक्षाकर्मीसहित हात्तीमा गएको टोलीले करिब पौने १२ बजेतिर गम्भीर घाइते अवस्थामा जंगलमा भेटेका थिए।' बबतालनजिक उनलाई गैंडाले आक्रमण गरेको भए पनि निकुञ्जको हात्ती प्रजनन केन्द्रको पश्चिम क्षेत्रतर्फ रहेको मृगकुञ्ज उपभोक्ता समितिअन्तर्गतको मध्यवर्ती क्षेत्रमा भेटिएको थियो। सख्त घाइते रेग्मीलाई उपचारका लागि चितवन मेडिकल कलेज भरतपुरमा पठाइएकोमा दिउँसो पौने दुई बजेको हाराहारीमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता डिएसपी श्रीराम भण्डारीले जानकारी दिए।

■ देउडा खेलेर नयाँ वर्षलाई स्वागत



नयाँ वर्ष ०८१ का अवसरमा हुम्ला सदरमुकाम सिमकोटमा देउडा खेल्दै माथिल्लो हुम्लाका महिला र तल्लो हुम्लाका पुरुष। यहाँ नयाँ वर्षलाई स्वागत गर्दै हरेक वर्ष १ वैशाखमा यसरी नै देउडा खेल्ने चलन छ। **तस्बिर : रासस**

■ एमाले अध्यक्ष ओलीको दाबी

देशमा अब राजतन्त्र पुनर्स्थापना हुन सक्दैन



काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले राजनीतिक कोर्सलाई उल्टो बाटोमा फर्काउन खोज्दैमा देशमा राजतन्त्र पुनर्स्थापना हुन नसक्ने स्पष्ट पारेका छन्। पूर्वराजा ज्ञानेन्द्र शाहको सक्रियतातर्फ संकेत गर्दै ओलीले देशले अब कुनै एक परिवारलाई वा माली व्यक्तिलाई स्थापना नगर्ने भन्दै अनावश्यक चलखेल बन्द गर्न सुझाए।

'संविधान, परिवर्तन र जनताको सर्वोच्चता नै नमान्ने र मलाई एउटा 'माली चाहियो' भनेर कुद्नेले त्यस्तो माली स्थापना घरमा गर्दै गरे हुन्छ। देशले अब माली व्यक्तिलाई स्थापना गर्दैन, कुनै एउटा परिवारलाई स्थापना गर्दैन,' बुढानीलकण्ठ नगर अस्पतालको शनिबार उद्घाटन गर्दै ओलीले भने, 'अहिले संवैधानिक बाटोबाट कुनै पनि माग पूरा गर्न, लोकतान्त्रिक विधिबाट माग पूरा गर्न कतै प्रतिबन्धित छैन। निरंकुशता र राजतन्त्र भएको वेलामा राजतन्त्रले प्रतिगमन गर्थ्यो। जनताका अधिकार पटक-पटक खोस्थ्यो। अहिले जनताको अधिकार खोसिँदैन। खोस्न मिल्दैन, यो राजतन्त्र भएको समय होइन, गणतन्त्रको समय हो।'

अहिले जनता र नागरिकका अधिकार सुरक्षित रहेकाले ती अधिकारको प्रयोग संविधानभित्र रहेर अगाडि बढ्न सकिने पनि ओलीले प्रस्ट् याए। यस्तै, पार्टीनिकट प्रवासी नेपाली अन्तर्राष्ट्रिय कमिटी (ओएनएफ)ले आयोजना गरेको शुभकामना कार्यक्रममा ओलीले नयाँ वर्ष ०८१ नेपाली समाजलाई निराशा, भ्रम र अविश्वासबाट मुक्त गरी विश्वास जगाउने वर्षका रूपमा स्थापित गर्नुपर्ने बताए। 'म बनाउँछु मेरो देश' भन्ने विश्वास जगाउने वर्षका रूपमा ०८१ लाई स्थापित गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष ओलीले कुनै पनि देश अरू कसैले नभई आफैंले बनाउनुपर्ने धारणा राखे।

यात्रु, चालक र प्रहरीसँग मनाए गृहमन्त्रीले नयाँ वर्ष

नयाँ पत्रिका

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले यात्रु, चालक र प्रहरीलाई लड्डु बाँडेर नयाँ वर्ष मनाएका छन्। उनले शनिबार बिहान थापाथली चोकमै पुगेर सुरक्षाकर्मी, सवारीचालक, यात्रुलाई लड्डु बाँडेका हुन्।

प्रहरी 'स्कर्टिङ'सहित थापाथली पुगेका गृहमन्त्री लामिछानेले आफू सवार गाडी सडकमै रोक्न लगाएका थिए। लड्डुको प्याकेटसहित सडकमा उत्रिएका उनले पहिलो चरणमा ट्राफिक प्रहरीलाई बाँडे।त्यसपछि उनी सडकमा रोकिएका सवारीसाधननजिक पुगे। सवारीसाधनको झ्याल खोल्न लगाउँदै उनले चालकलाई पनि लड्डु बाँडे। उनी यतिमै रोकिएनन्। सडकमा गुड्दै गरेको एक बसलाई पनि रोक्न लगाए। उक्त बसमा यात्रारत यात्रुलाई पनि लड्डु बाँडे। उनले लड्डु बाँड्न थालेपछि बस, माइक्रोबस, ट्याक्सी, टेम्पोलगायत सवारीसाधन सडकमा रोकिएका थिए। ट्राफिक जाममा रहेका मोटरसाइकल तथा कार चालकले पनि उनले बाँडेको लड्डु खान भ्याए।

प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले शुभकामना आदान-प्रदान गर्ने क्रममा गृहमन्त्रीले शनिबार बिहान लड्डु बाँडेको बताए। उनले भने, 'नयाँ वर्षको शुभकामना अदान-प्रदान गर्ने क्रममा गृहमन्त्रीज्यू थापाथली चोकमा पुग्नुभएको थियो। उहाँले सडकमा खटिएका सुरक्षाकर्मी, सवारीचालक, यात्रुलाई लड्डु वितरण गर्नुभयो। विशेष गरी सुरक्षाकर्मीको मनोबल बढाउने उद्देश्यले यस्तो गतिविधि भएको हो।' कार्यक्रममा नेपाल प्रहरीका आइजिपी बसन्त कुँवर, जिल्ला प्रशासन कार्यालय काठमाडौंका सिडिओ जितेन्द्र बस्नेत, जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्रीलगायतयका उच्च अधिकारी सहभागी थिए।



पर्यटकीय क्षेत्र ठमेललाई २४सै घन्टा खुलाउने घोषणा गर्न ठमेल पुगेका गृहमन्त्री लामिछाने।

ठमेलको सुरक्षा प्रबन्ध मजबुत बनाउन निर्देशन

देशको मुख्य पर्यटन नगरी ठमेल शुक्रबारमध्ये रातदेखि २४सै घन्टा खुला गरिएको छ। सुरक्षाका लागि अतिरिक्त सुरक्षाकर्मी ठमेलआसपास खटाइएका छन्। मध्यरात १२ बजेपछि सुनसान हुने ठमेल नयाँ वर्षको सुरुवातसँगै २४सै घन्टा खुला हुनेछ। गृहमन्त्री लामिछानेले ठमेललाई २४सै घन्टा खुला बनाउन सुरक्षा प्रबन्ध मजबुत तुल्याउन मातहतका प्रहरीलाई निर्देशन दिएका थिए। गृहमन्त्री लामिछाने शनिबार साँझ व्यवसायीको प्रतिक्रिया बुझ्न ठमेल पुगेका थिए। २४सै घण्टा ठमेल खुल्ने भएपछि व्यवसायी उत्साहित भएका थिए। सुरक्षा प्रबन्ध मिलाउन जुटेका जिल्ला प्रहरी कार्यालय काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले २४सै घन्टा ठमेललाई खुला गराउन सुरक्षा प्रबन्ध चुस्त पारिएको बताए। उनले भने, 'नयाँ वर्षदेखि ठमेल २४सै घन्टा खुला भएको छ। सुरक्षाका लागि अतिरिक्त सुरक्षाकर्मी परिचालन गरिएका छन्। सुरक्षा प्रबन्ध मजबुत छ। व्यवसायीले ढुक्क भएर आफ्नो व्यवसाय सञ्चालन गर्दा हुन्छ। कुनै किसिमको खतरा भए नजिकको प्रहरीलाई खबर गर्दा हुन्छ।'

'राम्रो कति गर्न सक्छौं थाहा छैन, नराम्रोचाहिं एउटै गर्दैनौं'

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले काठमाडौंलाई चलायमान सहर बनाउन ठमेल र दरबारमार्गलाई २४सै घन्टा खुलाउने निर्णय गरिएको बताएका छन्। ठमेलमा शनिबार साँझ आयोजित कार्यक्रममा २४सै घन्टा पर्यटकीय क्षेत्र खुला रहँदा देशको बारेमा सकारात्मक सन्देश जाने उनले बताए। ठमेल पर्यटन परिषद् र दरबारमार्ग विकास बोर्डले संयुक्त रूपमा ठमेलमा आयोजना गरेको कार्यक्रममा उनले पूर्णकालीन रूपमा बजार खुल्ने घोषणा गरेका हुन्। 'यो ऐतिहासिक सुरुवात हो, यसले सकारात्मक सन्देश दिन्छ,' उनले भने, 'काठमाडौं चलायमान सहर बनोस् भनेर त्यसको सुरुवात दुई ठाउँबाट गरिएको हो। यसलाई सफल बनाउन सबैको दायित्व छ।' व्यवसायी, कर्मचारी तथा पर्यटक सबैलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिन सरकार तयार रहेको उनको भनाइ छ। 'संसारभर परिचित ठमेलको पहिचान थप स्थापित गर्न पनि यो अभियान सुरु गरेका हौं,' उनले भने, 'सफल बनाउन हामी सबैको दायित्व हो। त्यसमा ध्यान दिऔं।' २४सै घन्टा बजार खुला गर्दा स्थानीयका मागलाई पनि सम्बोधन गरिने उनले बताए। उनले ठमेलका व्यवसायी तथा स्थानीयका गुनासासमेत सुनेका थिए। आचारसंहिता कडाइका साथ पालना गरेर ठमेल र दरबारमार्गमा सबै प्रकारका व्यवसाय शनिबारदेखि पूर्णकालीन रूपमा सञ्चालन गर्न दिने निर्णय भएको हो। गृह प्रशासनमा सुधारका काम गरिरहेको दाबी गर्दै लामिछानेले भने 'हामी राम्रो कति गर्न सक्छौं थाहा छैन, नराम्रोचाहिं एउटा पनि गर्नैछैनौं, नयाँ दल हुनुको परिचय कामबाटै दिन्छौं।'

एकध्रुवीय राजनीतिको खाँचो

कांग्रेस या एमालेमध्ये कुनै एक पार्टी कमजोर भएमा देश एकध्रुवीय राजनीतिमा प्रवेश गर्छ र यसबाट देशलाई फाइदा पुग्छ



● विदुरप्रसाद दाहाल

अग्रलेख

प्रजातन्त्रको विकल्प उन्नत प्रजातन्त्र हो । प्रजातन्त्रका अनेक स्वरूप हुन्छन् । प्रजातन्त्रभित्रको एकध्रुवीय राजनीतिले मात्र शान्ति र स्थिरता दिन सक्छ । विकासलाई तीव्र बनाउन सक्छ । नेपालमा यो खालको राजनीति र प्रजातन्त्र चाहिन्छ । राजनीति अनन्त सम्भावनाको खेल हो । राजनीतिमा पनि सम्भव हुन्छ भन्ने गरिन्छ । नेपालको राजनीतिले पनि त्यसलाई पुष्टि गर्छ । नेपाली राजनीतिमा ०४६ पछि अनेक खालका गठजोड भए । कांग्रेस र एमाले ०४६ पछिका दुई प्रतिद्वन्द्वी शक्ति हुन् । १० वर्षको सशस्त्र युद्धले माओवादीलाई अर्को शक्तिका रूपमा स्थापित गऱ्यो । देशमा तीनवटा समानान्तर शक्ति बने । कुनै पनि देशमा तीनवटा समानान्तर शक्ति लामो समय टिक्दैनन् । हामीकहाँ पनि टिकेनन् । । माओवादी कमजोर शक्तिमा परिणत भयो । पार्टी कमजोर भए पनि माओवादी अध्यक्ष प्रचण्ड अझै कमजोर भएका छैनन् । तेस्रो पार्टी भएर दुई ठूला पार्टीको सहयोगमा सरकारको नेतृत्वमा छन् ।

गठबन्धन नगरी पार्टीहरू एक्लाएक्लै निर्वाचनमा गए दलहरूको वास्तविक हैसियत प्रस्ट हुनेछ । गगन-शेखर समूहको कांग्रेसले माओवादीलगायत कुनै पनि पार्टीसँग भविष्यमा चुनावी तालमेल नगर्ने प्रस्ट पारिसकेको छ । यसैको परिणामस्वरूप अहिले नयाँ सत्ता गठबन्धन बनेको छ । माओवादी-कांग्रेस गठबन्धन भत्केर माओवादी-एमालेलगायत दलको गठबन्धन बनेको छ । आफू सत्ताबाहिर बस्नु परेर तिल्मिलाइरहेका एमाले अध्यक्ष केपी ओली पनि माओवादीलाई च्यापेर पार्टीलाई सत्तामा फर्काउन सफल भएका छन् । ओली-प्रचण्ड गठबन्धनबाट कांग्रेसलाई झड्का लागेको छ । ऊ सत्ताबाट प्रतिपक्षमा पुगेको छ ।

माओवादी पार्टी कमजोर बन्दै गर्दा कम्युनिस्ट एकता वा अरू कुनै नाममा गठबन्धन हुनु नै थियो, भयो । कम्युनिस्ट या समाजवादी शक्तिका नाममा पुरानो कांग्रेससहितको गठबन्धन तोडेर नयाँ गठबन्धन बनाइएको छ अहिले । माधव नेपालको पार्टी एकीकृत समाजवादी लगभग सकिँदै थियो । कम्युनिस्ट विचार राख्ने नेता-कार्यकर्तालाई एउटा सुरक्षित अवतरण चाहिएको थियो । वर्तमान गठबन्धनबाट त्यो पनि प्राप्त भयो । व्यक्तिगत रूपमा ओलीसँग माधव नेपालको इगो सकिएको छैन, अझै बाँकी छ । त्यसैले उनी पर्ख र हेरको स्थितिमा छन् । माधवलाई नअल्मल्याउने हो भने वर्तमान गठबन्धन धर्मराउँछ । यो कुरा ओलीलाई राम्रोसँग थाहा छ । प्रचण्ड र माधवसँगको व्यक्तिगत दुस्मनीलाई ओलीले दबाएका छन् । परिणामस्वरूप माओवादीसँगै एकीकृत समाजवादी पनि गठबन्धनमा समेटिएको छ । एकीकृत समाजवादीका नेता झलनाथ खनालले त यो गठबन्धन मात्र होइन, ०८४ सम्म कम्युनिस्ट एकताकै प्रयास हो भनेका छन् । चित्त नबुझे पनि क्षणिक फाइदाका लागि ओली यो गठबन्धनमा समाजवादीलाई मिसाउन ओली सहमत भएका हुन् । भविष्यमा उनको रणनीति कस्तो हुनेछ, अनुमान गर्न सजिलो छैन । माओवादीसँगै समाजवादीलाई साथमा लिएर गुमेको सत्ता प्राप्त गर्नु एमालेको स्वार्थ थियो । जसरी पनि चीर प्रतिद्वन्द्वी कांग्रेसलाई सत्ताबाहिर राख्नु जरुरी थियो । ओली त्यसमा सफल पनि भए । यसलाई मिसन २०८४ को एक भाग भएको बताए । तत्काल हेर्दा ओली, प्रचण्ड र माधव नेपाल सबैले जिते । शेरबहादुर देउवाको पार्टीभित्रको शक्ति कमजोर बनाउन शेखर समूह माओवादी-कांग्रेस गठबन्धन भत्काउन चाहन्थ्यो । यसमा शेखर समूह पनि सफल भयो । उसले पनि जित्यो । सबैले जित्दै गर्दा मुलुक र जनताले भने हारिरहेका छन् । त्यसैले, अहिले मुलुक र जनताले जित्ने राजनीतिक प्रणालीको खाँचो छ ।

माओवादी सत्ताको 'कि मेकर' बनिरहेको समयमा एमाले र कांग्रेस मिल्नुपर्छ भन्ने जमात कांग्रेसमा बढ्दै गएको देखिन्छ । व्यवस्था र देश विकासको हुटहुटीभन्दा पनि माओवादीलाई तह लगाउने ध्याउन्न यसको अन्तरकुन्तरमा लुकेको छ । खासगरी शेखर समूहका नेता कांग्रेस-एमाले मिल्नुपर्छ भनेर 'लबिङ' गरिरहेका छन् । कृष्णप्रसाद सिटौलाहरूले पटक-पटक ओलीसँग वार्ता गरेका छन् । एमालेका केही नेता पनि माओवादीभन्दा कांग्रेससँग गठबन्धन गरी स्थायित्व दिनुपर्छ भनिरहेका छन् । प्रतिगामीहरू सलबलाइरहेका छन् । कांग्रेस-एमाले मिलेर तिनलाई परास्त गर्नुपर्छ भन्ने मत पनि बलियो छ । तर, यसमा एमाले अध्यक्ष ओलीको भने रुचि देखिँदैन ।



कांग्रेस-एमाले मिल्दा के हुन्छ ? यी दुई शक्ति मिल्दा सुशासन आउँछ ? विगतमा पनि कांग्रेस-एमाले मिलेकै हुन् । तर, यी दुई शक्ति मिल्दै पनि खासै उपलब्धि भएको इतिहास छैन । र, भविष्यमा पनि हुँदैन । ०४७, ०५६ र ०६३ पछि पटक-पटक यी दुई पार्टी मिलेका छन् । दुवै मिल्दा पनि देशका जल्दाबल्दा समस्यामा तात्त्विक अन्तर आएन । भाग लगाएर खानुबाहेक खासै उपलब्धि भएन । पार्टीले जित्यो, मन्त्री हुनेको संख्या थपियो, तर सुशासन आएन । युवाहरू बिदेसिए देश रित्तो हुने अवस्था आयो । प्रजातन्त्रको सुदृढीकरण भएन । भ्रष्टाचार घटेन, बरु बढ्यो । भुइँ तहका जनताले परिवर्तनको अनुभूति गर्न पाएनन् । कागलाई बेल पाक्यो, हर्ष न विस्मातजस्तो भयो, यो परिवर्तन । प्रचण्डलाई देखाइदिनुपर्छ । प्रचण्डसँग बदला लिनुपर्छ भन्नेहरूको जमात कांग्रेस-एमालेमा ठूलै छ । त्यसैले कांग्रेस-एमाले मिल्नुपर्छ भन्ने मुद्दाले ठाउँ पाएको हो । कुनै पनि व्यवस्था आफैंमा खराब हुँदैन । त्यसलाई प्रयोग गर्नेहरू खराब हुने हुन् । देशले कांग्रेस-एमाले मिल्नुपर्छ भन्ने खोजेको छैन । देशले समृद्धि खोजेको छ । कांग्रेस-एमाले मिल्दैमा समृद्धि आउँदैन भन्ने तथ्यलाई इतिहासले प्रमाणित गरेको छ । कांग्रेस-एमाले समानान्तर दुई शक्ति मिलेर होइन, एउटा शक्ति कमजोर भएमा उपलब्धि हुन्छ । बंगलादेशमा दुई प्रतिद्वन्द्वी बेगम खालिदा जिया र सेख हसिनाका समानान्तर दुई पार्टी (बंगलादेश नेसनलिस्ट पार्टी र अबामी लिग) का दुई महिला नेतृका कारण बंगलादेश लामो समय अस्थिर बन्यो । बेगम खालिदा जियाको पार्टी कमजोर हुनेबित्तिकै सेख हसिनाले देशलाई तीव्र गतिमा अगाडि बढाइन् । राजनीतिले स्थायित्व प्राप्त गऱ्यो । कम्बोडियामा पनि हुनसेनको पिपुल्स पार्टी बलियो हुनेबित्तिकै राजनीतिले स्थायित्व प्राप्त गऱ्यो । विकासले फड्को माऱ्यो । नेपालका दुई ठूला पार्टी मिलेर अगाडि बढ्ने कोसिस गर्नुभन्दा कांग्रेस या एमालेमध्ये कुनै एक पार्टी कमजोर भएमा देश एकध्रुवीय राजनीतिमा प्रवेश गर्छ र यसबाट देशलाई फाइदा पुग्छ ।

> बहुपार्टी या दुई पार्टीको शासन व्यवस्था होइन, एकल पार्टीको बलियो शासन भएको प्रजातान्त्रिक व्यवस्थातिर मुलुक फर्कन सक्यो भने स्थायित्व र विकास सम्भव छ

विकसित देशको नेतृत्वमा नैतिकता हुन्छ । नेताहरू इमानदार हुन्छन् । जीवनभर राजनीति ढुकेर बस्दैनन् । चितामा पुग्नुअघिसम्म शक्तिमै रहनु नेपाली नेता मात्रको विशेषता हो । त्यही भएर उनीहरू राजनीति छोड्दैनन् । नेपालका नेताले राजनीतिलाई पेसा बनाएका छन् । तर, राजनीति पेसा होइन, सेवा हो । उन्नत प्रजातान्त्रिक र विकसित देशलाई बहुपार्टी वा दुई पार्टीकेन्द्रित व्यवस्था हुँदा पनि फरक पर्दैन र परेको पनि छैन । तर, एसिया र अफ्रिकामा हेर्ने हो भने धेरै पार्टी र धेरै नेताभन्दा एक पार्टीको नेतृत्वमा देशको विकासले गति लिएको छ । छिमेकी चीनमा एक पार्टी प्रणाली छ । उसले चीनलाई विश्व शक्ति बनाइसक्यो । सिंगापुर ली क्वान यू एक्लैले बनाए । मलेसिया माहाथिर मोहम्मदले २२ वर्षमा सबल राष्ट्र बनाए । भियतनाम, कम्बोडिया, लाओसले तीव्र विकास गरे । नजिकको छिमेकी भारतलाई मोदीले १० वर्षमा विश्व महाशक्तिको 'लाइन'मा पुऱ्याए । अझै राजनीतिमा मोदीको हालिमुहाली छ । फेरि पनि उनको जित निश्चित छ । अल्पविकसित मुलुकमा बहुपार्टीभन्दा भिजन भएका नेता र उसले नेतृत्व गरेको एक पार्टी प्रणालीले चमत्कार गर्न सक्छ भन्ने देखाएको छ । नेपाल ०४८ पछि दुई ध्रुवको राजनीतिमा प्रवेश गरेको हो । भलै २०६३ पछि केही समय त्रिध्रुवमा गए पनि अहिले दुई ध्रुवीय राजनीतिमा फर्केको छ । दुई ध्रुवीय राजनीतिले पनि स्थिरता दिएन । अहिलेको निर्वाचन प्रणाली र अहिलेको शासकीय व्यवस्था भएसम्म स्थिरता केवल कल्पना हो । निर्वाचन प्रणाली र शासकीय व्यवस्था बदल्ने सोचमा अहिलेको कुनै नेतृत्व छैन । यसमा बहस गर्नसमेत रुचि देखाएका छैनन् । अझ माधव नेपालले त कार्यकारी राष्ट्रपति वा कार्यकारी प्रधानमन्त्री नेपालका लागि उपयुक्त नहुने नै बताइसकेका छन् । यसो हुँदा जनताको मत परिवर्तनले मात्र रूपान्तरण सम्भव छ । बहुपार्टी या दुई पार्टीको शासन व्यवस्था होइन, एकल पार्टीको बलियो शासन भएको प्रजातान्त्रिक व्यवस्थातिर मुलुक फर्कन सक्यो भने स्थायित्व र विकास सम्भव छ । एसिया र अफ्रिकाको अनुभवले त्यही देखाउँछ । त्यसैले, कांग्रेस-एमाले मिलेर टालटुल पार्नुभन्दा कुनै एउटा दल कमजोर, अर्को बलियो हुने एकध्रुवीय राजनीतिमा प्रवेश गर्नु देश र जनताको हितमा हुनेछ ।

कांग्रेस-एमालेका भुइँ तहसम्म रहेका संगठन बलिया छन् । यी दुई पार्टीका नेता-कार्यकर्ता चीरप्रतिद्वन्दी मात्र होइन, भ्रष्ट पनि छन् । दुई पार्टी मिल्दा एउटै खोरमा सिंहहरूलाई थुनेजस्तो हुनेछ । तल्लो तहमा झनै अराजकता बढ्नेछ । भ्रष्टाचार थप मौलाउनेछ । प्रजातान्त्रिक संस्कार नभएकाले द्वन्द्व झनै बढ्नेछ । प्रजातान्त्रको सुदृढीकरण, भ्रष्टाचार न्यूनीकरण र सुशासन बहालीका लागि दुई पार्टी मिल्नु हितकर हुनेछैन । नमिल्नु जाती हुनेछ । अझ महत्त्वपूर्ण कुरा, केपी ओली र शेरबहादुर देउवा दुवै शक्ति र पदका भोका हुन् । उनीहरूको व्यवस्थापन झनै पेचिलो हुनेछ । कुनै कारणवश यी दुई पार्टी र दुवै शीर्ष नेतृत्व मिले पनि देशले खासै परिवर्तन पाउनेछैन । प्रजातन्त्र थप कमजोर हुनेछ । देशमा अस्थिरता घट्ने होइन, बढ्नेछ ।

(दाहाल भक्तपुर क्याम्पसमा कार्यरत छन्)

---

३ प्रश्न

नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक **हिक्मतसिंह ऐर**लाई



नेपाली पर्यटन क्षेत्रका लागि वर्ष २०८० कस्तो रह्यो ?

वर्ष २०८० ले नेपाली पर्यटन क्षेत्रमा सन् २०१९ को क्षति 'कभर' गऱ्यो । वर्षभरिमा नेपाल भित्रिने पर्यटकको संख्या १० लाख कट्यो । पर्यटन क्षेत्रमा लगानी पनि बढ्यो । केही नयाँ पाँचतारे होटेल खुले र कतिपय खुल्ने क्रममा छन् । पर्यटक आगमनमा उत्साहप्रद वृद्धि देखेर नयाँ नयाँ विदेशी विमान कम्पनीले नेपालमा उडान भर्न अनुमति मागिरहेका छन् । पहिल्यैदेखि उडान भरिरहेका विमान कम्पनीहरू यथावत् छन् । समग्रमा हेर्दा वर्ष २०८० नेपाली पर्यटन क्षेत्रका लागि उत्साहप्रद नै रह्यो ।

वर्ष २०८० मा गर्न नसकिएका या हुन नसकेका कुनै काम छन् कि ?

हामीले बडो उत्साहसाथ निर्माण गरेर सञ्चालनमा ल्याएका पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल उडान अभावमा प्रयोगविहीन रहे भन्दा हुन्छ । पर्यटन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरण (क्यान) ले मिलेर मार्केटिङ गर्नुपर्नेमा त्यसो हुन सकेन । दुवै निकायले पहल गर्ने हो भने पोखरामा भारतीय र चीनियाँ चार्टर्ड विमान उडाउन सकिन्छ । त्यस्तै, भैरहवामा बुद्धिस्ट पर्यटकका चार्टर्ड विमान ल्याउन सकिन्छ ।

वर्ष २०८१ मा कति आशावादी हुन सकिएला ?

वर्ष २०८१ मा अहिलेकै पूर्वाधार र जनशक्तिबाट पनि २० प्रतिशत पर्यटक बढाउन सकिन्छ । हामीसित अहिले नै २५ लाख पर्यटकलाई सेवा दिन सक्ने सानाठुला पर्यटक स्तरीय होटेल छन् । पर्यटन क्षेत्रको हरेक प्याकेजमा ६० प्रतिशत खर्च विमानमा हुन्छ । आफ्नै अन्तर्राष्ट्रिय विमान नहुँदा हामीले दैनिक ठुलो रकम गुमाइरहेका छौं । यसतर्फ सुधार हुन सकेमा पनि धेरै नै आशावादी हुन सकिन्छ ।

प्रेरक प्रसंग

बालकको मनोभाव

एक बालक सानैदेखि चेस खेलमा रुचि राख्थे । उनी चेस खेल्नबाहेक केही पनि जान्दैनथे । उनी चेस खेलसँगै कुनै राम्रो शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गर्न चाहन्थे । उनले एउटा चर्चित विद्यालयबारे सुनेका थिए ।

एक दिन बालक विद्यालय गए र प्राचार्यसित आफूलाई विद्यालयमा भर्ना लिन अनुरोध गरे । प्राचार्यले भने- भर्ना हुन तिमीसित केही विशिष्ट गुण जरुरी छ । तिमी नै भन, तिमीसित कुन गुण छ ? बालकले नम्रतापूर्वक भने- मलाई चेस खेल्नबाहेक केही आउँदैन । प्राचार्यले भने- चेस खेल्न जान्दैमा यहाँ भर्ना हुन पाइन्न । बालकले पटक-पटक आफूलाई भर्ना लिइदिन अनुरोध गरिरहे । अन्त्यमा प्राचार्यले भने- ठिकै छ, तिमीले हाम्रो यस विद्यालयका सबैभन्दा दक्ष खेलाडीलाई चेसमा जित्यौ भने मात्र प्रवेश पाउँछौ । विद्यालयका सबैभन्दा दक्ष चेस खेलाडीलाई बोलाएर प्राचार्यले थप सर्त राखे- हेर बालक, तिमीले जित्यौ भने यस स्कुलमा भर्ना पाउँछौ र हार्नेलाई विद्यालयबाट निष्कासन गरिनेछ । खेल सुरु भयो । बालकले होसियारीसाथ खेल अघि बढाए । खेल निकै रोचक र प्रतिस्पर्धात्मक हुँदै गयो । तर, विद्यालयका खेलाडीलाई आफूले बालकसित हार्ने हो कि भन्ने चिन्ता लाग्न थाल्यो । हारियो भने त विद्यालयबाट निकालिनुपर्छ भन्ने सोचेर उनी चिन्तित देखिन थाले । बालकले पनि उनको मनोदशा बुझे । त्यसपछि उनले मनमनै सोचे- मैले जितैं भने स्कुलले चेसबाहेक अरू केही नजान्ने विद्यार्थी पाउनेछ भने एक योग्य विद्यार्थीको भविष्य चौपट हुनेछ ।

त्यसपछि उनी हार्नका लागि खेल्न थाले । यो सबै हेरिरहेका प्राचार्यले बालकको मनोभाव बुझे । बालकले जित्नका लागि होइन, अब हार्नका लागि खेलिरहेका छन् भन्ने उनले बुझे । त्यसैले उनले चेस बोर्ड हटाउँदै भने- बालक, तिमीले चेस खेलबाहेक पनि अरू धेरै कुरा सिकेका रहेछौ । तिमी जित्न पनि चाहन्छौ, त्यसका लागि सक्षम पनि छौ । तर, तिमी आफ्नो जितसँगै अरूको अस्तित्व मेटाउन पनि चाहँदैनौ । अरूका लागि यसरी त्याग गर्न तयार हुने बालक हाम्रो स्कुलका लागि आवश्यक छ । तिमी भर्नाका लागि योग्य छौ । तिमीलाई हाम्रो विद्यालयमा स्वागत छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नयाँ वर्ष शुभ रहोस्

अनेकौं अप्ठ्याराबीच वर्ष ०८० समाप्त भएको छ । नयाँ वर्ष ०८१ को आगमनसँगै अबका दिनमा विगतका निराशा आशामा परिणत होऊन्, आलोपालो गठबन्धनका अस्थिर राजनीति सदाका लागि अन्त्य होस् । भ्रष्टाचार न्यूनीकरणका लागि दलहरूले इमानदार प्रयास गरून् । नेताहरूको सम्पत्ति छानबिन गर्ने प्रस्ताव आएको सुनिन्छ । त्यसले मूर्त रूप लेओस् । महँगी घटोस् र नयाँ-नयाँ रोजगारीका अवसर सिर्जना होऊन् । दुई छाक खानकै लागि अर्काको देशमा रगत र पसिना बनाउनु नपरोस् । समग्रमा भन्नुपर्दा नयाँ वर्ष सबैका लागि शुभ वर्ष बनोस् । सबैमा शुभकामना !

● **अमृता विक**, भद्रपुर, झापा

पूरा होला त लक्ष्य ?

सरकारको १६औं पञ्चवर्षीय योजनाको प्रस्तावित लक्ष्यमा आगामी पाँच वर्षमा औसत ८.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्दै अर्थतन्त्रको ८१ खर्ब पुऱ्याउने भनिएको रहेछ । यो लक्ष्य सुन्दा जति आकर्षक देखिन्छ, कार्यान्वयनको सवालमा भने यो त्यति नै निराशाजनक देखिन्छ । किनकि, यस्ता लक्ष्य त हाम्रा पटक-पटकका सरकारले पटक-पटक राख्दै नै आएका हुन् । तर, तिनको कार्यान्वन भने कहिल्यै भएन । जबसम्म हाम्रो राजनीतिक नेतृत्व सुधिँदैन तबसम्म यो नेतृत्व असम्भव छ ।

● **सुजित महतारा**
गैरीधारा, काठमाडौं

नयाँ वर्षमा स्थिरता आओस्

नेपालको राजनीतिमा वर्ष २०८० अस्थिरताको वर्ष बन्यो । लगभग एक, डेढ वर्षको अन्तरालमा तीनवटा गठबन्धन बने, भत्किए । जबसम्म देशको राजनीति स्थिर हुँदैन, तबसम्म देशको समृद्धि र जनताको सुख, शान्तिको कल्पना नगरे पनि हुन्छ । हामीकहाँ सामान्यतः राजनीतिक अस्थिरताका लागि निर्वाचन प्रणालीमाथि दोष थोपर्ने गरिन्छ । तर, विगतमा बहुमतीय प्रणाली मात्र कायम हुँदा पनि यो समस्या देखिएकै थियो । बहुमतको सरकारसमेत नटिकेको हामीले देखेकै हौं । त्यसैले, वर्ष २०८१ मा स्थिरता आओस् ।

● **सन्तोष पाण्डे**
बुटवल-४, रुपन्देही

नेताको सम्पत्ति छानबिन होस्

०४६ सालयता सत्तामा पुगे सबै नेताको सम्पत्ति निष्पक्ष रूपमा छानबिन गरियोस्, देखाउनैका लागि छानबिनको नाटकचाहिँ मञ्चन नहोस् । सम्पत्ति विवरण हरेक नेताले बुझाएकै छन् क्यार ! के नेताले बुझाएको सम्पत्ति नै उनीहरूको वास्तविक सम्पत्ति हो त ? यसबारे एकपटक छानबिन होस् । जनतालाई मात्र कानुनको कठघरामा उभ्याउने होइन, गलत गर्दा नेतालाई पनि उभ्याउने गरीयोस् । विधिको शासन कानुनी राजको पालना होस् । रास्वपाले सम्पत्ति छानबिन गर्ने प्रस्ताव संसद्मा राखेको थियो । प्रमुख प्रतिपक्षी कांग्रेसका तीन सांसद उपसभापति धनराज गुरुङ, सहमहामन्त्रीद्वय बद्रीप्रसाद पाण्डे र जीवन परियारले गत शुक्रबार प्रस्ताव दर्ता गराएका छन् । हिजो चप्पल लगाएर नेता बनेकाहरूको राजधानीमा आलिसान महल कसरी बन्यो ? हिजो साइकल चढ्ने क्षमता नहुने नेता आज एकाएक दुई करोडको गाडी चढ्ने हैसियतमा कसरी पुगे ? यसको छानबिन होस् । नेता देशको कानुनभन्दा माथि छैनन् । त्यसकारण पनि उनीहरूको सम्पत्ति छानबिन गरिनु जरुरी छ ।

अहिले सबैभन्दा सजिलो व्यवसाय बनेको छ राजनीति । राजनीतिमा लागेपछि गैरकानुनी काम गरेर सम्पत्ति आर्जन गर्न छुट दिइएको छ । अन्य व्यापार गर्दा लगानी गर्नुपर्ने, रिस्क लिनुपर्ने, तर राजनीति नामको व्यापार गर्दा कुनै रिस्क लिन पनि नपर्ने, लगानी नचाहिने खालि शीर्ष नेतालाई रिझाए पुग्ने । सजिलो व्यवसाय भएकाले पनि जो कोही नेता बन्ने दौडमा देखिन्छ । त्यसैले, अब सबै मिलेर नेताहरूको सम्पत्ति छानबिन गर्ने व्यवस्था मिलाइयोस् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

'बोलता हिन्दुस्तान'माथिको कारबाहीले निम्त्याएको प्रश्न

सरकार जसले प्रश्न गर्छ, कमी-कमजोरी औंल्याउँछ, आलोचना गर्छ, आन्दोलनको आवाजलाई स्थान दिन्छ, तिनको मुखमा पट्टी लगाउन खोज्दै छ



देश / विदेश

● समर राज

अप्रिलदेखि डिजिटल पोर्टल 'बोलता हिन्दुस्तान'को युट्युब च्यानललाई ब्लक गरिएको छ । यसलाई लिएर सरकारले तानाशाहीयुक्त फैसला लिइरहेको भन्ने चर्चा चलिरहेको छ । सरकार वैकल्पिक मिडियालाई चुप लगाउन चाहन्छ, अर्थात् जो पत्रकारले प्रश्न गर्छ, कमी-कमजोरी औंल्याउँछ, आलोचना गर्छ, आन्दोलनको आवाजलाई स्थान दिन्छ, तिनको मुखमा पट्टी लगाउने प्रयास गरिँदै छ ।

केही मानिस कतै यो ब्लक प्राविधिक त्रुटि त होइन भनेर पनि प्रश्न गरिरहेका छन् । कसैले यो ब्लकलाई राजनीतिक रंग दिइएको पनि बताइरहेका छन् । त्यसैगरी कसैले मिडियाको विषयवस्तुमाथि आपत्ति जनाएर उजुरी गरेका होलान्, त्यसैले मिडियाले आफूलाई विनाकाम पीडित देखाइरहेको त छैन नि भन्ने खालका प्रश्न पनि गरिरहेका छन् ।

कहिले के भयो ?

३ र ४ अप्रिलको राति करिब एक बजे 'बोलता हिन्दुस्तान'को टिमलाई एक इमेल आयो, जहाँ सरकारको निर्देशनमा तपाईंको च्यानल ब्लक गरिएको छ भन्ने व्यहोरा लेखिएको थियो । र, केही घन्टापछि दिउँसो च्याननललाई हटाइयो । 'बोलता हिन्दुस्तान'लाई सर्च गर्दा करिब तीन लाख सब्सक्राइबर्स भएको च्यानल युट्युबमा देखिएन । गुगल लिगल सपोर्टबाट आएको इमेलमा 'सूचना एवं प्रसारण मन्त्रालयको निर्देशन'बमोजिम कारबाही गरिएकाले तपाईंको च्यानल युट्युबबाट हटाइएको भन्ने व्यहोरा लेखिएको थियो । दोस्रो अनुच्छेदमा च्याननले सन् २००० र २०२१ मा लागू भएको ब्रोडकास्ट नियम उल्लंघन गरेकाले यो कदम चालिएको जानकारी थियो । तेस्रो अनुच्छेदमा लेखिएको व्यहोरालाई गोप्य राख्न भनिएकाले हामीले त्यसलाई तपाईंमाझ सेयर गरेका छैनौं । चौथो अनुच्छेदमा यो कारबाहीको वैधानिकताका सन्दर्भमा सूचना एवं प्रसारण मन्त्रालयसँग कुरा गर्न सुझाव दिइएको थियो र यससँग मन्त्रालयको एक इमेल पनि दिइएको थियो ।

यो एकतर्फी फैसलालाई लिएर चिन्तित हुँदै 'बोलता हिन्दुस्तान'को टिमले एकातर्फ युट्युबसँग फिडब्याक सेक्सनमा संवाद गरेको थियो भने अर्कातर्फ सामाजिक सञ्जालमा आफ्नो कुरा राखेका थियो । हामीले सामाजिक सञ्जालमा आफ्ना मत राखेको केही घन्टामा 'हयासट्याग बोलता हिन्दुस्तान वाइटी' सामाजिक सञ्जाल मञ्च एक्समा पहिलो नम्बरमा ट्रेन्ड हुन लागेको थियो । यस हयासट्यागलाई प्रयोग गरेर हजारौं पोस्ट गरिए र लाखौं संख्याका जनताले सरकारसँग प्रश्न गर्न थाले ।

यता एक्स मञ्चमा युट्युब इन्डियाको जवाफ आयो भने उता फिडब्याक इमेलमा पनि युट्युब इन्डियाकै जस्तो जवाफ आयो । अर्थात्, हामीले तपाईंको च्याननललाई ब्लक गरेका छौं, किनभने च्याननले कम्युनिटी गाइडलाइन्स उल्लंघन गरेको थियो । तर, जवाफमा युट्युबको कुन कम्युनिटी गाइडलाइन्स उल्लंघन भएको भन्ने जानकारी थिएन अथवा केवल सरकारको निर्देशनलाई आदेश मानेर फैसला गरिएको थियो ।

सरकार र युट्युबसँग प्रश्न : यहाँनेर प्रश्न उठ्छ, कुन भिडियोमा के आपत्ति छ, कुन भिडियोमा के गल्ती भएको हो ? भन्ने प्रश्नको उत्तर नदिई हामीलाई हाम्रो पक्ष राख्ने मौका किन दिइएन ? एक झट्कामा एकतर्फी फैसला किन लिइयो ? समुचित हुने प्रक्रियाको कार्यान्वयन किन भएन ? यी प्रश्न सरकार र युट्युबजस्ता मिडिया मञ्चसँग पनि हो । यो प्रश्न महत्त्वपूर्ण विशेषतः त्यसवेला छ, जब



तस्बिर : द वायर

युट्युबको मातृ कम्पनी गुगल आफूले विश्वभरि निष्पक्षता पालना गरेको र लोकतन्त्रको समर्थक रहेको दाबी गर्छ ।

उल्लेखनीय के छ भने सर्वोच्च अदालतका न्यायाधीशले सबै टिभी च्यानल, तिनका समाचारवाचक र बहस कार्यक्रमको नाम लिएर यिनले समाजमा घृणा र असमानता फैलाइरहेका छन्, त्यसैले तिनलाई कारबाही गर्नुपर्छ भनेका छन् । यति हुँदाहुँदै पनि यी टिभी च्यानल, समाचारवाचक र बहस कार्यक्रममाथि कारबाही हुँदैन र युट्युबले पनि त्यस्ता च्यानलविरुद्ध कुनै कारबाही गर्दैन ।

यो देशमा साम्प्रदायिक तनाव एवं दंगाको वातावरण सिर्जना गर्ने, हिन्दू-मुसलमानमाथि बहस गरेर घृणा फैलाउने, चीन-पाकिस्तानको नाममा दिनहुँ युद्ध भड्काउने टिभी च्यानललाई कारबाही गर भनेर सर्वोच्च अदालतले भन्दा पनि सरकारले कुनै कदम चालेको छैन । यो निकै आपत्तिजनक छ । 'बोलता हिन्दुस्तान'जस्ता वैकल्पिक सञ्चारमाध्यमका युट्युब च्यानल बन्द गरेर तिनलाई आफ्नो धारणा राख्ने मौकासमेत दिइएको छैन ।

सरकारको भेदभावपूर्ण कार्य र सामाजिक सञ्जालको नीतिप्रति आमजनता मात्रै नभई प्रतिपक्षी दलका नेता-कार्यकर्ताले पनि चिन्ता व्यक्त गरेका छन् । कांग्रेसले 'बोलता हिन्दुस्तान'को युट्युब च्यानल किन बन्द गरिएको भन्दै निर्वाचन आयोगसमक्ष प्रमुख रूपमा यो विषय उठाएको छ ।

यो सब हेर्दा चुनावी आचारसंहिता लागू भएपछि यस्ता निर्णय गर्ने अधिकार सरकारलाई छ कि छैन भन्ने नयाँ बहसलाई निम्त्याएको छ ? वा के प्रसारण गर्ने र के प्रसारण गर्न नहुने भन्ने निर्णय निर्वाचन आयोगले गर्ने हो ? वा देशमा लोकसभाका लागि आमनिर्वाचन हुन लागेकाले यो सबै भइरहेको हो ?

अब हामीले केही महिनाअघि हाम्रो इन्स्टाग्राम खाता बन्द गर्नुको कारण स्पष्ट गर्न 'मेटा'बाट लिखित जवाफ पनि खोज्नेछौं । सरकारले कुनै निर्देशन दिएको छ वा एकतर्फी आदेश दिएको छ भने हामीलाई सेयर गर्न पनि भन्नेछौं ।

(राज बोलता हिन्दुस्तानका सम्पादक एवं सहसंस्थापक सदस्य हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मोदी शासनमा भारत–चीन सम्बन्धको उतारचढाव

चीनसँगको कटुतापूर्ण सम्बन्धले देशलाई प्रमुख विश्वशक्ति बनाउने मोदीको बाचामा चुनौती खडा



● मुजिब मसाल



● समीर यासिर



भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका लागि चीन कुनै समय आदर्श थियो। गुजरात राज्यका व्यापार-मैत्री नेताको छवि बनाएका मोदीले चीनको लगानी आकर्षित गर्न र उसको आर्थिक रूपान्तरणबाट कसरी पाठ सिक्न सकिन्छ भनेर बारम्बार त्यहाँको भ्रमण गरे। 'मेरो हृदयमा चीनप्रति विशेष स्थान छ,' एकपटक मोदीले भनेका थिए। चिनियाँ अधिकारीले मोदीको राज्य राजनीतिबाट राष्ट्रिय राजनीतितर्फको उदयमा खुसी व्यक्त गरेका थिए। तर, सन् २०१४ मा मोदी प्रधानमन्त्री बनेको धेरै समय नबित्दै चीनले सम्बन्ध सहज नुहने संकेत गऱ्यो। उनले आफ्नो ६३औँ जन्मदिन भारत भ्रमणमा रहेका चीनका राष्ट्रपति सी जिनपिङसँग मनाइरहँदा सयौँ चिनियाँ सेना हिमाली क्षेत्र भारतीय सिमानामा घुसपैठ गरिरहेका थिए, जुन घटना एक हप्ता लामो गतिरोधको कारण बन्यो।

मोदी प्रधानमन्त्री बनेको एक दशकपछि छिमेकी चीनसँगको भारतको सम्बन्ध तिक्तापूर्ण छ। सीमा विवाद लम्बिँदै जाँदा सन् २०२० मा दुई देशका फौजबीच हिंसात्मक झडप भयो। सौभाग्यवश सो झडप पूर्णस्तरको युद्धमा विस्तार भएन। देशभित्र सबै शक्तिलाई नियन्त्रण गरेको आरोप लाग्ने मोदीले उनको दशवर्षे शासनमा अन्तर्राष्ट्रिय क्षेत्रमा धेरै देशसँग सम्बन्ध विस्तार गरे। तर, चीनसँगको सम्बन्ध विकास गर्ने मामिलामा भने उनी अचम्मलाग्दो गरी शक्तिहीन देखिन्छन्। आगामी शुक्रबारबाट सुरु हुने सात चरणको आमचुनावबाट मोदी तेस्रो कार्यकालको प्रधानमन्त्रीका रूपमा फर्किने अपेक्षा छ। यस्तोमा चीनसँगको तनावले भारतलाई एक प्रमुख विश्वशक्ति बनाउने र देशको राष्ट्रिय गौरव फिर्ता गर्ने मोदीको अभियानमा भार सिर्जना गर्ने विश्लेषण गरिँदै छ। हुन पनि भारतले विस्तार गर्न खोज्ने हरेक मार्गमा चीन कडा प्रतिद्वन्द्वीको रूपमा उभिएको छ।

भारतले आफ्नो आँगन ठान्ने दक्षिण एसियामै समेत चीनले आफ्नो विशाल स्रोत प्रयोग गरेर भारतको प्रभावलाई चुनौती दिइरहेको छ। यस भेगका विभिन्न पूर्वाधार सम्झौता गरेर चीनले साझेदारी बढाइरहेको छ भने एक रणनीतिक बन्दरगाहमा पहुँच हासिल गरिसक्यो। बृहत्तर रूपमा चीन र भारत 'ग्लोबल साउथ' भनिने विकासशील राष्ट्रको नेतृत्वका लागि पनि प्रतिस्पर्धारत छन्। भारतले गत वर्ष आयोजना गरेको जी-२० शिखर सम्मेलनलाई उसले गरिब देशप्रतिको समर्थन हासिल गर्न प्रयोग गऱ्यो। तर, उक्त सम्मेलनलाई सीले बहिष्कार गरे। संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रतिष्ठित स्थायी सदस्यता प्राप्त गर्ने भारतको अभियानमा चीन पनि प्रमुख बाधा बनेको छ।

'आज तपाईंले पहिले कहिल्यै नदेख्नुभएको भारतको साक्षात्कार गर्दै हुनुहुन्छ। चिनियाँहरू यसबारे सचेत छन्। उनीहरू यसमा अवरोध सिर्जना गरेर हामीलाई तल तान्न चाहन्छन्,' चीन र अमेरिकाका लागि भारतीय पूर्वराजदूत निरुपमा मेनन रावले भनिन्। चीनसँगको सम्बन्धमा आएको ह्रासले पश्चिमी राष्ट्रलाई नयाँदिल्लीसँग रक्षा र आर्थिक सम्बन्ध विस्तारको मार्ग खुलायो, जुन बेइजिङका लागि एक दुःखदायी विकासक्रम हो। भारतले गत वर्ष अमेरिकासँग सैन्य सहयोग सुदृढ गर्ने विषयमा शृंखलाबद्ध सम्झौता गऱ्यो। त्यसैगरी भारत 'क्वाड' भनिने अमेरिका, अस्ट्रेलिया र जापान सम्मिलित समूहसँग नजिकिएको छ।

अमेरिका र युरोपले उत्पादन क्षेत्रको रूपमा चीनको विकल्प खोज्दा त्यसबाट फाइदा लिन भारत उत्सुक देखिन्छ। यस सन्दर्भमा एक प्रारम्भिक सफलता भारतमा आइफोनको उत्पादनमा तीव्र वृद्धिका रूपमा देखिएको छ। यी विकासक्रमका बाबजुद पनि चीनले भारतलाई थप असुरक्षित बनाउने प्रयासलाई रोकेको छैन। चीनको अर्थतन्त्र भारतको भन्दा करिब पाँच गुणा ठूलो छ। चीन भारतको दोस्रो ठूलो व्यापारिक साझेदार (अमेरिकापछि) हो, जसले भारतबाट गर्ने आयातको तुलनामा ६ गुणा बढी मूल्यको सामग्री भारतलाई निर्यात गर्छ। त्यस्तै चीनले उसको सेनामा भारतले गरेकोभन्दा तीन गुणा बढी खर्च गर्छ, जसले उसका सेनालाई भूमि, समुद्र र वायुमा अग्रता प्रदान गर्न सघाएको छ।

लामो समयदेखि आधुनिकीकरण कार्यान्वयन गर्न संघर्ष गरेको भारतीय सेना अहिले दुई मोर्चामा द्वन्द्वको सम्भावनाबारे विचार गर्न बाध्य छ। पूर्वमा चीनसँग र पश्चिममा चिरशत्रु पाकिस्तानसँग। विवादित पूर्वी लद्दाख क्षेत्रमा भएको घातक झडपको चार वर्षपछि भारत र चीन दुवै देशले अझै दसौँ हजार सेना हिमालय सिमानामा तैनाथ गरेका छन्। करिब दुई दर्जनपटक वार्ता भइसके पनि समाधानको कुनै छाँटकाँट देखिँदैन। भारतका विपक्षीले चिनियाँ अतिक्रमणको सामना गर्न मोदी कमजोर रहेको चित्रण गर्ने प्रयास गरे पनि सीमा अतिक्रमणकै कारण उनको मत घट्ने सम्भावना छैन। यसमा सरकारलाई समर्थन गर्ने भारतीय मिडियाको पनि भूमिका छ, जसले यस मुद्दालाई उल्लेख्य कभरेज दिइरहेका छैनन्। तथापि चिनियाँ खतरा कम गर्न भारत सरकारले प्रयास नगरेको भने होइन। सीमा पूर्वाधार र सैन्य वृद्धिमा मोदी सरकारले अर्बौं डलर खर्च गरिरहेको छ। चिनियाँ अतिक्रमणको निरन्तर खतराबीच प्रतिरक्षाको दोस्रो रेखाको रूपमा सयौँ सीमावर्ती गाउँमा पुनः बसोवास गर्ने योजनासमेत तयार पारिएको छ।

> गत वर्ष आयोजित जी-२० शिखर सम्मेलनलाई भारतले गरिब देशप्रतिको समर्थन हासिल गर्न प्रयोग गऱ्यो। तर, राष्ट्रपति सीले उक्त सम्मेलन बहिष्कार गरे। संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रतिष्ठित स्थायी सदस्यता प्राप्त गर्ने भारतको अभियानमा पनि चीन प्रमुख बाधक बनेको छ।

मोदीका विदेशमन्त्री एस जयशंकरले केही समयअघि आक्रामक छिमेकीविरुद्ध कसरी खडा हुने भन्नेमा द्विविधा रहेको स्विकारे। 'यसको कुनै सजिलो जवाफ छैन। उनीहरू बदलिँदैं छन्, हामी बदलिँदै छौं। मुख्य प्रश्न हामीले यसमा कसरी सन्तुलन खोज्छौं भन्नेमा छ,' जयशंकरले भने। मोदीले आफ्नो भरपर्दो विदेश नीति वास्तुकारका रूपमा चयन गरेकै वर्ष अर्थात् सन् २०२० मा प्रकाशित जयशंकरको पुस्तकमा उनले 'अमेरिका र चीनबीचको तनाव भारतको छनोटको 'वैश्विक पृष्ठभूमि' हुने लेखेका छन्। भारत विश्वको प्रमुख शक्ति बन्न 'अमेरिकासँग काम गर्नुपर्ने, चीनलाई व्यवस्थापन गर्नुपर्ने, युरोपमा विस्तार हुनुपर्ने र रुसलाई आश्वस्त पार्नुपर्ने' उनले पुस्तकमा लेखेका छन्।

विशाल र बढ्दो अर्थतन्त्रको उदयले भारतलाई यस ध्रुवीकृत र अनिश्चित संसारमा उसलाई फाइदा हुने जुनसुकै साझेदारसँग काम गर्ने अवसर प्रदान गरेको छ। भारतले अमेरिकासँग प्रतिरक्षा सम्बन्ध विस्तार गरेको र गत दशकमा द्विपक्षीय व्यापारमा दोब्बर वृद्धि गरेको भए पनि उसले रुससँगको बलियो सम्बन्धमा पुनर्विचार गर्न अमेरिकाबाट आएको दबाबलाई प्रतिरोध गर्दै आएको छ। भारतले युरोप र मध्यपूर्वसँग पनि गहिरो सम्बन्ध विकास गरेको छ। संयुक्त अरब इमिरेट्स (युएई)सँगको व्यापार मात्रै ८५ अर्ब डलर पुगेको छ। भारत बेइजिङ-पश्चिमबीचको संघर्षमा प्यादा बन्न सजग रहँदा र अमेरिकासँगको आफ्नो चिसो सम्बन्धको इतिहास बिर्सेको छैन।

भारतको आधुनिक इतिहासमा चीन पाकिस्तानपछि दोस्रो खतराका रूपमा ध्यानाकर्षणमा रहने गरेको छ। समाजवादी विचारधाराका भारतका पहिलो प्रधानमन्त्री जवाहरलाल नेहरू कम्युनिस्ट चीनसँग नजिकको सम्बन्ध राख्ने पक्षमा थिए। तर, सन् १९६२ मा हजारौँको ज्यान लिने गरी एक महिना लामो युद्ध भड्किएपछि सम्बन्धमा कटुता उत्पन्न भयो। सिमानामा छिटपुट विवादबीच पनि सन् १९८० को दशकमा यो सम्बन्ध पुनः सामान्य हुन थालेको थियो। खुला संवादबीच तनाव कम हुँदै गएको थियो भने व्यापार बढ्दै गएको थियो। 'त्यो समयको चीन फरक थियो,' पूर्व शीर्ष कूटनीतिज्ञ रावले भनिन्। सम्बन्ध मोदीले पदभार ग्रहण गर्नुभन्दा अघिकै वर्षदेखि बदलिन थालेको उनले बताइन्। अर्थतन्त्र बढ्दै जाँदा चीनले त्यसलाई प्रभाव विस्तारका रूपमा प्रयोग गर्न थाल्यो। उसले आफ्नो 'बेल्ट एन्ड रोड' पहलमा ठूलो लगानी परियोजना अघि सार्दा र सीमा क्षेत्र तथा हिन्द महासागरमा आक्रामक रूपमा अघि बढ्दा भारतले त्यसबाट आफ्नो सुरक्षा र प्रभाव क्षेत्र असुरक्षित भएको देख्यो।

गुजरात राज्यको मुख्यमन्त्री हुदाँ त्यहाँ घटेको रक्तपातपूर्ण धार्मिक दंगामा उनको भूमिकाका लागि अमेरिकाले मोदीलाई कालोसूचीमा राख्दा बेइजिङले मित्रताको हात दिएको थियो। प्रधानमन्त्रीको रूपमा उनले सन् २०१४ मा चिनियाँ आक्रमणको पृष्ठभूमिमा सीको स्वागतमा कुनै कमी आउन दिएनन्। उनको सी बदलिने आशा बोकेका थिए। मोदीको आशा सन् २०२० मा पूर्वी लद्दाखमा घातक झडपसँगै समाप्त भयो। अब, नयाँदिल्लीले चीनबाट दीर्घकालीन खतरा महसुस गरेको छ, जुन मोदी सरकारबाट विशाल सैन्य उपस्थितिलाई थेग्ने गरी निर्माण भइरहेको सडक र सुरुङ निर्माणले स्पष्ट पार्छ।

विगत पाँच वर्षमा सीमा क्षेत्रमा दुई हजार दुई सय माइलभन्दा लामो सडक निर्माण गरिए। कस्मिर क्षेत्रमा दुई हजारभन्दा बढी श्रमिक तीन वर्षदेखि लद्दाखलाई जोड्ने सुरुङ खन्ने काममा व्यस्त छन्। ८५ करोड डलरको यो सुरुङ परियोजना पूरा भएपछि यसले वर्षैभरि यातायात आवतजावत सुनिश्चित गर्नेछ भने यात्राको समय पनि घटाउनेछ। 'हाल बाक्लो हिउँका कारण वर्षमा चार महिनाजति भारतीय सेनाको आवतजावत बन्द हुँदै आएको छ,' परियोजना प्रमुख हरपाल सिंहले भने, 'यो सुरुङ पूरा भएपछि त्यसको अन्त्य हुनेछ।'

त्यस्तै 'भाइब्रेन्ट भिलेज' नामक परियोजनामार्फत मोदीको सरकारले सीमा क्षेत्रमा सयौँ गाउँ ब्युँताउने प्रयास गरेको छ। आर्थिक अवस्थाका कारण हिमाली भेगबाट हुने बसाइँसराइका कारण गाउँ रित्तिँदै गएको स्थिति उल्टाउन सरकारले पूर्वाधार विकास, सेवा विस्तार र पर्यटन प्रवर्द्धन गरिरहेको छ। 'भारतमाथि २० वर्षमा गरे हुने काम अब दुई वर्षमा गर्नुपर्ने दबाब छ,' लद्दाखका एक सेवानिवृत्त भारतीय सेना अधिकारी सोनम मुरुपले उनको क्षेत्रको पूर्वाधार विकासको सन्दर्भमा भने। 'पहिलेभन्दा हाम्रो अवस्थामा धेरै सुधार आएको छ,' उनले भने, 'तर फेरि चिनियाँ भागतिर हेऱ्यो भने त्यता झलमल्ल बत्तीले भरिएका गाउँ देख्न सकिन्छ।'

मुजिब 'द न्युयोर्क टाइम्स'का दक्षिण एसिया ब्युरो प्रमुख हुन् भने समीर भारत र वरपरका देशका समाचार समेट्छन्

द न्युयोर्क टाइम्सबाट

इतिहासमा आज



सन् १९८८ : सोभियत संघ अफगानिस्तानबाट फिर्ता हुन सहमत। अफगानिस्तानमा कमजोर रहेको कम्युनिस्ट सरकारलाई समर्थन गर्न सोभियत सेना १९७९ मा अफगानिस्तान पसेको थियो। तर, निरन्तरको मुजाहिद्दिन (इस्लामिक धार्मिक योद्धा)को आक्रमणपछि बाहिरिने निर्णय लिएका थिए। मुजाहिद्दिनलाई सिआइएलगायत पश्चिमा शक्तिको सहयोग थियो।

● **सन् १६९९** : दशौँ शिख गुरु 'गुरु गोविन्द सिंह'ले शिख धर्ममा खाल्सा परम्परा स्थापना गरे, जुन शिख समुदायको राजनीतिक तथा धार्मिक परम्परा बन्यो।

● **सन् १८४९** : हंगेरीले आफूलाई अस्ट्रियाबाट स्वतन्त्र भएको घोषणा गऱ्यो।

● **सन् १८६५** : अमेरिकी राष्ट्रपति अब्राहम लिंकनमाथि गोली प्रहार। अमेरिकी गृहयुद्धको अन्त्यपछि वासिंटन डिसीमा जोन विल्क्स बुथ नाम गरेका एक व्यक्तिले लिंकनलाई गोली प्रहार गरेका थिए। गोली लागेको भोलिपल्ट लिंकनको मृत्यु भयो।

● **सन् १९०९** : एंग्लो पर्सियन ओयल कम्पनी लन्डनमा स्थापना भयो, जुन हाल बिपी (ब्रिटिस पेट्रोलियम)का रूपमा चिनिन्छ।

● **सन् १९३१** : स्पेनले राजा अलोफोन्सो तेह्रोलाई अपदस्थ गरेर देश गणतन्त्र भएको घोषणा गऱ्यो।

● **सन् १९५८** : सोभियत अन्तरिक्षयान स्पुतनिक-२ मा सवार कुकुर लाइका फर्किने क्रममा पृथ्वीको वायुमण्डलमा जलेर मऱ्यो।

● **सन् १९८६** : बंगलादेशमा हालसम्मकै ठूलो असिना रेकर्ड भयो। रेकर्डधारी असिनाको तौल करिब एक किलोग्राम थियो। असिनाका कारण कुल ९२ जनाको मृत्यु भएको थियो।

● **सन् २००२** : भेनेजुयलाका राष्ट्रपति ह्युगो चाभेज देशको सेनाको कु प्रयासमा दुई दिन कब्जामा रहेर आजकै दिन मुक्त भएका थिए।

● **सन् २००३** : मानव जिनोम परियोजना सम्पन्न भएको दिन। मानव जिनोमको जिन म्यापिङ गर्न समर्पित परियोजना सन् १९९० को अक्टोबरमा सुरु भएको थियो।

विश्व संक्षेप

सपिङ सेन्टरमा आक्रमण, ६ को मृत्यु

सिड्नी/ सिड्नीको एउटा व्यस्त सपिङ सेन्टरमा भएको चक्कु हमलामा ६ जनाको मृत्यु भएको छ। चक्कु बोकेका एक आक्रमणकारीले अन्धाधुन्द हमला गर्दा नौ महिनाको शिशुसहित ६ जनाको मृत्यु भएको हो। प्रहरीको प्रत्याक्रमणमा आक्रमणकारीको पनि मृत्यु भएको अस्ट्रेलियाली प्रहरीले जनाएको छ। प्रत्याक्रमण गर्ने ती महिलालाई राष्ट्रिय नायकका रूपमा प्रशंसा गरिएको छ।

आक्रमणको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको छ। आक्रमण विशाल वेस्टफिल्ड बन्डी जंक्सन मल परिसरमा भएको थियो। उक्त मलमा शनिबार दिउँसो हजारौँ खरिदकर्ताको भिड थियो। न्यू साउथ वेल्सका प्रहरी आयुक्त क्यारेन वेबले पाँच महिला र एक पुरुषको मृत्यु भएको जानकारी दिए। उनका अनुसार एक बालकको आपत् कालीन शल्यक्रिया भइरहेको छ। प्रहरीले हमलाकारी ४० वर्षीय व्यक्ति रहेको बताएको छ। यद्यपि अहिलेसम्म उसको औपचारिक रूपमा पहिचान गरिएको छैन्। हमला आतंकवादी कार्य थियो भन्ने विषयलाई प्रहरी आयुक्त वेबले अस्वीकार गर्दै हमलाकारी एक्लैले यस्तो कार्य गरेको मान्न सकिने बताए। 'यदि यो हामीले विश्वास गर्ने व्यक्ति हो भने यो आतंकवादी घटना होइन,' उनले भने।

न्यू साउथ वेल्स एम्बुलेन्सका प्रवक्ताले आठ घाइतेलाई सिड्नीका विभिन्न अस्पतालमा पुऱ्याइएको जानकारी दिए। तीमध्ये एक बालकलाई सहरको बाल अस्पतालमा लगिएको थियो। प्रवक्ताले भने, 'सबैलाई गम्भीर चोट लागेको छ।' सुरक्षा क्यामेराको फुटेजमा अस्ट्रेलियाली ग्बी लिगको जर्सी लगाएका एक व्यक्तिलाई चक्कु लिएर सपिङ सेन्टरको चारैतिर दौडिरहेको देखाइएको छ।

नयाँ वर्षमा सयौँ कैदीबन्दी रिहा

कोलम्बो/ श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघेले करिब आठ सय दोषीलाई आममाफी दिएका छन्। परम्परागत सिंहली र तमिल नयाँ वर्षको उपलक्ष्यमा शनिबार राष्ट्रपति विक्रमासिंघेले उनीहरूलाई माफी दिएका हुन्। यसअघि क्रिसमसको उपलक्ष्यमा श्रीलंकामा आचरणमा सुधार आएका एक हजार कैदीलाई रिहा गरिएको थियो भने नयाँ वर्षको उपलक्ष्यमा ७७९ कैदीबन्दीलाई आममाफी दिइएको हो। एएफपीका अनुसार हालसालै भएको हिंसात्मक गतिविधिका कारण श्रीलंकाको कारागारमा भिडभाड बढेको थियो। तर, ठूलो संख्याका कैदीको सजाय माफी भएपछि कारागारभित्रको भिड कम भएको छ।

जापानका २० प्रतिशत घरमा वृद्धवृद्धा

टोकियो/ जापानले सन् २०५० सम्ममा हरेक पाँच घरधुरीमध्ये एक घरमा वृद्धवृद्धा एक्लै बस्नुपर्ने एक नयाँ अध्ययनले देखाएको छ। सन् २०५० सम्ममा जापानमा एक करोड आठ लाख वृद्धवृद्धा एक्लै बस्नेछन्। यो कुल परिवार संख्याको २०.६ प्रतिशत हुने नेसनल इन्स्टिच्युट अफ पपुलेसन एन्ड सोसियल सेक्युरिटी रिसर्चले हरेक पाँच वर्षमा जारी गर्ने प्रक्षेपणमा उल्लेख छ। सन् २०२० मा ७३ लाख ७० हजार वृद्धवृद्धा अर्थात् कुल घरधुरीको १३.२ प्रतिशत मानिस एक्लै बसिरहेका थिए। जापानी युवाहरूले विवाहमा ढिलाइ गर्ने र यसका कारण बच्चा जन्माउन नसक्ने भएकाले उनीहरूले बच्चा नजन्माउने चलन बढिरहेका वेला यस्तो प्रक्षेपण गरिएको हो। जापानले बढ्दो जनसंख्या संकटको सामना गरिरहेको छ। बढ्दो वृद्ध जनसंख्याले चिकित्सा र कल्याणकारी लागत बढाउँछ, यसका लागि भुक्तानी गर्ने श्रम शक्ति घट्दै जान्छ।

अन्टार्कटिकामा बढ्दो जलवायु परिवर्तन

जलवायु परिवर्तनको गति अन्टार्कटिकाको किनारमा औसतभन्दा चार गुणा बढी



> फेब्रुअरी २०२२ को आसपासमा अन्टार्कटिकामा अर्को शक्तिशाली गर्मीको लहरले रेकर्ड तोड्दा सतहको बरफ पग्लियो। सोही वर्षको मार्चमा पूर्वी अन्टार्कटिकामा अहिलेसम्मकै सबैभन्दा शक्तिशाली गर्मीको लहर देखियो।

हालैका वर्षमा अन्टार्कटिकाले अभूतपूर्व ताप लहरहरूको शृंखला अनुभव गरेको छ। सन् २०२० को ६ फेब्रुअरीमा १८.३ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको थियो, जुन महाद्वीपमा अहिलेसम्म देखिएको सबैभन्दा उच्च हो। सो तापमानले १७.५ डिग्री सेल्सियसको अघिल्लो कीर्तिमानलाई तोडेको थियो। फेब्रुअरी २०२२ को आसपास अन्टार्कटिकामा अर्को शक्तिशाली गर्मीको लहरले रेकर्ड तोड्दा सतहको बरफ पग्लियो। सोही वर्षको मार्चमा पूर्वी अन्टार्कटिकामा अहिलेसम्मकै सबैभन्दा शक्तिशाली गर्मीको लहर देखियो। केही क्षेत्रमा तापक्रम औसतभन्दा ३० डिग्री सेल्सियस वा ४० डिग्री सेल्सियससम्म बढेको थियो। गत वर्षमा हामीले रेकर्डहरू सुरु भएदेखि नै अन्टार्कटिक समुद्री बरफले ढाकेको सबैभन्दा कम स्तर देखेका छौं।

हालका वर्षमा भएका घटना अविश्वसनीय रूपमा देखा परेका छन् र तिनीहरूलाई जलवायु परिवर्तनसँग जोड्न गाह्रो छ। वास्तवमा अध्ययनहरू पहिले नै देखा परेका छन्, जुन स्पष्ट रूपमा यी तापतरंगमध्ये केहीलाई ग्लोबल वार्मिङको कारण दिइन्छ। हाम्रो अनुसन्धानमध्ये एउटाले जलवायु परिवर्तनको प्रभावविना २०२० को कीर्तिमानी तापक्रम उत्पन्न हुने थिएन भनी जोड दिन्छ।

■ अन्टार्कटिकाको बदलिँदो जलवायु

सन् २००९ मा एक अध्ययनले विश्वव्यापीस्तरमा जलवायु परिवर्तनको कारण इकोसिस्टम माइग्रेसनको गति मापन गऱ्यो र निश्चित प्रजातिले आफ्नो अस्तित्व सुनिश्चित गर्न बसाइँ सर्नुपर्ने गतिलाई अभिलेख राख्यो। यसले निष्कर्ष निकाल्यो कि बायोमहरू ०.८ देखि १२.६ किलोमिटर प्रतिदशकको बीचको गतिमा (औसतमा प्रतिदशक ४.२ किलोमिटर) को गतिमा एक स्थानबाट अर्को स्थानमा उडेका थिए। फेब्रुअरी २०२४ मा प्रकाशित हाम्रो पछिल्लो अध्ययनमा हामीले गतिको यो मापनलाई अनुकूलन गर्यौं र यसलाई अन्टार्कटिकाको किनारमा लागू गऱ्यौं। यो गर्नका लागि हामीले शून्य डिग्री लाइनको दक्षिणतिर माइग्रेसन ट्र्याक गऱ्यौं।

शून्य डिग्री आइसोथर्म एक काल्पनिक रेखा हो, जसले शून्य डिग्री वा तल्लो क्षेत्रलाई घेर्छ। यसको दक्षिणतिर हिँड्नुको अर्थ अन्टार्कटिकामा शून्य सेल्सियसभन्दा कम तापक्रम भएको क्षेत्र घट्दै गइरहेको छ। पानी शून्य डिग्रीमा जमेको देख्दा यो गतिविधिले पारिस्थितिक प्रणाली र क्रायोस्फियर (पानी जमेको पृथ्वीको क्षेत्रहरू) का लागि गम्भीर परिणाम हुनेछ। हाम्रो गणनाले देखाउँछ कि शून्य डिग्री आइसोथर्म १५.८ किलोमिटर प्रतिदशकको गतिमा सन् १९५७ देखि अन्टार्कटिकवरपरको क्षेत्रमा सरेको छ भने अन्टार्कटिक प्रायद्वीपमा यो प्रतिदशक २३.९ किलोमिटरमा सरेको छ। फलस्वरूप यो अब २०औँ शताब्दीको मध्यमा भएको ठाउँको सय किलोमिटर दक्षिणमा बसेको छ। यी मापनले अन्टार्कटिकाको किनारमा जलवायु परिवर्तनको गति अन्य इकोसिस्टमको औसतभन्दा चार गुणा बढी रहेको देखाउँछ।

■ उत्सर्जनको प्रभाव

शून्य डिग्री आइसोथर्म (काल्पनिक रेखा)को दक्षिणतिर माइग्रेसनको नतिजा भविष्यवाणी गर्न हामीले हाम्रो डेटा बीस विभिन्न जलवायु मोडेलमार्फत अगाडि बढायौं। त्यहाँ मोडेलबीच आइसोथर्मको परिवर्तनमा केही भिन्नता भए पनि यो आगामी केही दशकमा महत्त्वपूर्ण ढंगले अझै दक्षिणतिर सर्नेमा सबै सहमत छन्। मोडेलहरूले यो पनि भविष्यवाणी गरेका छन् कि आगामी दशकमा आइसोथर्मको गति उत्सर्जनको पर्वाह नगरी तीव्र हुनेछ। यद्यपि २१औँ शताब्दीको दोस्रो आधामा यसको दक्षिणतर्फको गति हामीले कति कार्बन उत्सर्जन गर्छौं भन्ने कुरामा भर पर्छ।

यदि हामीले उत्सर्जनको हाम्रो वर्तमान दरलाई जारी राख्यौं भने २१औँ शताब्दीको मध्यमा सुस्त हुनुअघि शून्य डिग्री आइसोथर्म समान दरमा निरन्तर अगाडि बढ्नेछ। यद्यपि यदि उत्सर्जन उच्च छ भने आइसोथर्मको माइग्रेसनले शताब्दीको अन्त्यसम्म आफ्नो दक्षिणतर्फको गतिविधि निरन्तर बढाउनेछ।

क्रायोस्फेयर र पर्यावरणमा असर

शून्य डिग्री आइसोथर्मको दक्षिणतर्फको गति वायुमण्डलमा मात्र रहनेछैन। यसले क्रायोस्फियर (अन्टार्कटिकाका सबै जमेको क्षेत्रहरू) र बायोस्फियर (त्यहाँ बस्ने प्रजातिहरू) लाई पनि असर गर्नेछ। आइसोथर्मको स्थितिमा परिवर्तनको अर्थ महाद्वीपको बाहिरी क्षेत्रमा हिउँको सट्टा अधिक तरल वर्षा हुनेछ, यद्यपि यसले वास्तवमा अन्य क्षेत्रमा हिउँ पर्न सक्छ। जमेको समुद्रमा कम हिमपात (जसले इन्सुलेसनको रूपमा काम गर्छ) गर्मी अवधिमा समुद्री बरफको द्रुत हानि निम्त्याउन सक्छ।

यद्यपि हिउँको कालोपत्र, आइस सेल्फ (हिउँको बाक्लो पत्र) र महाद्वीपीय बरफमा पर्ने प्रभाव अझै अनिश्चित छन्, यसले निःसन्देह अन्टार्कटिक प्रायद्वीपको परिधीय हिमनदीलाई असर गर्नेछ। क्रायोस्फियरमा हुने परिवर्तनले पारिस्थितिक प्रणालीमा पनि परिवर्तन ल्याउनेछ। नयाँ क्षेत्रहरू बरफ पग्लिएको कारणले बस्न योग्य हुनेछन्, यसका लागि पग्लिएको हिउँ धन्य छ। तर, शून्य डिग्रीभन्दा माथिको धेरै क्षेत्रसँगै न्यानोबाट अतिक्रमित प्रजातिहरू, अधिक महाद्वीप मैत्रीहरू बसोवास गर्न सक्षम हुन सक्छन, र तिनीहरूले स्रोतहरूका लागि स्थानीय प्रजातिसँग प्रतिस्पर्धा गर्नेछन्।

- अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २ वैशाख ०८१

सुन-चाँदीको भाउ बढेको बढ्यै

नयाँ पत्रिका

विश्व बजारसँगै नेपालमा पनि सुन र चाँदीको भाउ निरन्तर वृद्धि भएर नयाँ रेकर्ड राख्ने क्रम जारी छ। यो हप्ता मात्रै सुनको भाउ प्रतितोला तीन हजार चार सय रुपैयाँ महँगिएको छ।

शुक्रबार अन्तर्राष्ट्रिय बजार खुलेपछि सुनको मूल्य दुई हजार तीन सय ५० डलर प्रतिऔंस कायम भइसकेको छ। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले सुनको मूल्य दुई हजार चार सय प्रतिऔंस पुग्ने अनुमान गरिरहेका छन्। यसबीच नेपाली बजारमा सुनको मूल्य थप बढ्न सक्ने देखिएको छ।

अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भ (फेड)ले ब्याजदर घटाउने हल्ला चलेसँगै सुनको भाउ बढ्न थालेको सुन-चाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्यले बताए। उनले भने, 'सुनको भाउ बढ्ने ट्रेन्ड देखिएको छ। यसपालि फेडले ब्याजदर घटाउने हल्लाले बढ्ने क्रममा छ। यसले लगानीकर्ता त्रसित छन्। त्यसैले सुनमा लगानी बढाएका छन्। आगामी जुनमा ब्याजदर घटाउने हल्ला छ।' रुस र युक्रेनबीच बढ्दो तनावले पनि लगानीकर्ताले सुनमा लगानी बढाइरहेको उनको बुझाइ छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमअनुसार संयुक्त राज्य अमेरिकाले डलरको आपूर्ति बढाइरहेकाले संसारभरका केन्द्रीय बैंकहरू सुनको सञ्चिति बढाउन तल्लीन छन्। पछिल्लो चार महिनामा संसारभरका केन्द्रीय बैंकहरूले १९ टन सुन सञ्चिति बढाइसकेका छन्। खासगरी सुनको बढी माग हुने देश भारत र चीनले सञ्चिति बढाउँदै गएकाले सुनको माग वृद्धि भई मूल्यसमेत बढेको उनको भनाइ छ।

मिति	सुन	चाँदी
२५ चैत, आइतबार	१,३५,६००	१,६७०
२६ चैत, सोमबार	१,३६,२००	१,६८५
२७ चैत, मंगलबार	१,३६,३००	१,६८५
२८ चैत, बुधबार	१,३६,८००	१,७००
२९ चैत, बिहीबार	१,३६,६००	१,७००
३० चैत, शुक्रबार	१,३९,०००	१,७५०

नेपाल सुन-चाँदी व्यवसायी

नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार शुक्रबार सुनको भाउ एक लाख ३९ हजार रुपैयाँ पुगेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला मूल्य एक लाख ३५ हजार ६ सय रुपैयाँ थियो। प्रतितोला सोमबार एक लाख ३६ हजार दुई सय, मंगलबार एक लाख ३६ हजार तीन सय, बुधबार एक लाख ३६ हजार आठ सय पुगेको सुनको भाउ बिहीबार भने दुई सय रुपैयाँ घटेर एक लाख ३६ हजार ६ सय रुपैयाँ निर्धारण भएको थियो। सुनको मूल्यमा एकै दिन दुई हजार चार सय रुपैयाँ वृद्धि भएर शुक्रबार भने प्रतितोला एक लाख ३९ हजार रुपैयाँ पुगेको छ।

विश्व बजारमा सुन-चाँदीको भाउ बढिरहेकाले नेपालमा पनि असर परेको महासंघले जनाएको छ। 'साताको पहिलो दिन आइतबारदेखि नै निरन्तर रेकर्ड कायम गर्दै आएको मूल्यले साताको पाँचौं दिन बिहीबार सामान्य घटेको भए पनि शुक्रबार फेरि नयाँ रेकर्ड कायम भयो,' महासंघले साप्ताहिक समीक्षा गर्दै विज्ञप्तिमार्फत भनेको छ।

अमेरिकी रिजर्भ बैंकको नीति, अमेरिकी डलरमा भएको मजबुती, अन्तर्राष्ट्रिय द्वन्द्व र चीनले सुनमा बढाएको लगानीलगायत कारण विश्व बजारमै सुनको मूल्य नयाँ उचाइमा पुगिरहेको छ। चाँदीको भाउ पनि साताभर वृद्धि भएको छ। आइतबार एक हजार ६ सय ७० रुपैयाँ प्रतितोलामा कारोबार भएको चाँदी नियमित रूपमा मूल्यवृद्धि हुँदै साताको अन्तिम दिन शुक्रबार एक हजार सात सय ५० रुपैयाँ पुगेको भएको छ।

अवास्तविक बजेटको परिणाम

एक अर्ब ६३ करोड रकमान्तर दुई अर्ब ६३ करोडको कार्यक्रम संशोधन

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारी निकायहरूले एउटा कामलाई छुट्याएको पैसा अर्कै काममा खर्च गर्ने प्रवृत्तिले चालू आवमा पनि निरन्तरता पाएको छ। अर्थ मन्त्रालयका अनुसार १७ मन्त्रालय तथा निकायले एक अर्ब ६३ करोड बजेट रकमान्तर गरेका छन् भने १० वटा निकायले दुई अर्ब ६३ करोडको कार्यक्रम नै संशोधन गरेका छन्।

बजेटको एउटा शीर्षकबाट अर्को शीर्षकमा पैसा पठाएर खर्च गर्ने कामलाई रकमान्तर भनिन्छ। एउटै शीर्षकभित्र बजेट परेको एउटा निकायबाट अर्को निकाय वा एउटा कार्यक्रमबाट अर्को कार्यक्रममा पैसा पठाएर खर्च गर्ने प्रवृत्तिलाई कार्यक्रम संशोधन भनिन्छ। वार्षिक बजेट यथार्थपरक नहुँदा रकमान्तर र कार्यक्रम संशोधनको सहारा लिनुपर्ने भएको जानकार बताउँछन्। पूर्वसचिव गोपीनाथ मैनालीले यसरी रकमान्तर वा कार्यक्रम संशोधन गर्दा लक्षित भूगोल तथा वर्गप्रति न्याय नहुने बताए। उनले भने, 'सार्वभौम संसद्ले लक्षित भूगोल र वर्गलाई समेट्ने गरी बजेट पारित गरेको हुन्छ। तर, आर्थिक वर्षको बीचमा संसद्को मर्मविपरीत हुने गरी बजेटको रकमान्तर र कार्यक्रम संशोधन गर्नु न्यायोचित काम होइन।'

उनका अनुसार बजेट कार्यान्वयनको विषम परिस्थिति र भैपरि आउने स्थितिका लागि रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधनको व्यवस्था गरिएको हुन्छ। तर, बजेटमा अनावश्यक कार्यक्रममा पैसा छुट्याउने र आवश्यक कार्यक्रममा कम विनियोजन गर्ने प्रवृत्तिले आर्थिक वर्षको अन्तिममा रकमान्तर र कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था आएको पूर्वसचिव मैनालीको भनाइ छ।

अबन्डा शीर्षकबाट ३६ अर्ब ५० करोड खर्च

सरकारी निकायहरूले अबन्डा शीर्षकबाट पनि ३६ अर्ब ५० करोडभन्दा बढी रकमान्तर गरी खर्च गरेका छन्। १० निकायले यस्तो शीर्षकबाट खर्च गरेका हुन्। खासगरी अर्थ मन्त्रालयले विविध नाममा यस्तो पैसा छुट्याएको छ। यस्तो पैसा भैपरि आउने खर्चका लागि राखिएको हुन्छ। सिद्धान्ततः यस्तो अबन्डा शीर्षक राखेर खर्च गर्न पाइँदैन। तर, मन्त्री र कर्मचारीले आफ्नो तजबिजीका लागि यस्तो पैसा खर्च गर्दै आइरहेका छन्।

अर्थ मन्त्रालयबाट नै यस्तो शीर्षकबाट बढी रकमान्तर भएको छ। अबन्डा शीर्षकबाट अर्थ मन्त्रालयले २६ अर्ब ६७ करोडभन्दा बढीको पैसा खर्च गरेको छ। जसमा अर्थ मन्त्रालयले विद्युत् प्राधिकरणमा सरकारको ऋण लगानी रहने गरी एक अर्ब ६३ करोड १७ लाख रुपैयाँ निकासा गरेको छ। प्राधिकरणले सरकारलाई तिर्नुपर्ने, बुझाउनुपर्ने कर-शुल्कलगायत राजस्व बुझाउने सर्तमा हाललाई पहिलो त्रैमासिकबापतको रकम दिएको उल्लेख छ।

विशिष्ट व्यक्तिको वैदेशिक भ्रमणका लागि अर्थले अबन्डाबाट खर्च गरेको छ। जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप२८)मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व अर्थमन्त्रीका आर्थिक सल्लाहकार **प्रा.डा. सूर्य थापा** भन्छन्-



अहिले जसरी हुन्छ, सरकारी खर्च बढाउनुपर्छ भन्ने नै हाम्रो उद्देश्य हो। आर्थिक गतिविधिलाई चलायमान गर्न पनि सरकारी खर्च बढाउनुपर्ने आवश्यकता छ। खर्च गर्ने परियोजनामा हो। रकमान्तर गरेर अनुत्पादक क्षेत्रमा खर्च गर्ने कुरा आएन। सरकारले खर्च गरेपछि मात्रै निजी क्षेत्रले पनि खर्च गर्न सक्छन्। आगामी आर्थिक वर्षमा भने वास्तविक खर्च हुने गरी बजेट ल्याउँछौं, रकमान्तरलाई सकेसम्म न्यूनीकरण गर्नेछौं।

पूर्वसचिव **गोपीनाथ मैनाली** भन्छन्-



रकमान्तर वा कार्यक्रम संशोधन गर्दा लक्षित भूगोल तथा वर्गप्रति न्याय हुँदैन। सार्वभौम संसद्ले लक्षित भूगोल र वर्गलाई समेट्ने गरी बजेट पारित गरेको हुन्छ। तर, आर्थिक वर्षको बीचमा संसद्को मर्मविपरीत हुने गरी बजेटको रकमान्तर र कार्यक्रम संशोधन गर्नु न्यायोचित काम होइन। बजेट कार्यान्वयनको विषम परिस्थिति र भैपरि आउने स्थितिका लागि रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधनको व्यवस्था गरिएको हुन्छ। तर, बजेटमा अनावश्यक कार्यक्रममा पैसा छुट्याउने र आवश्यक कार्यक्रममा कम विनियोजन गर्ने प्रवृत्तिले आर्थिक वर्षको अन्तिममा रकमान्तर र कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था आएको छ।

नौ महिनामा खर्ब पुगेन विकास खर्च

काठमाडौं/ सरकारले चालू आर्थिक वर्षको नौ महिनामा ३२.२४ प्रतिशत पुँजीगत खर्च गरेको छ। दुई चौमास सकिएर तेस्रो चौमास चलिरहँदा यस्तो खर्च भएको हो। विकास निर्माणकेन्द्रित खर्चका लागि सरकारले चालू आर्थिक वर्षमा तीन खर्ब दुई अर्ब छुट्याएको छ। चैत मसान्तसम्म आइपुग्दा ९७ अर्ब ३७ करोड ७४ लाख मात्रै खर्च भएको छ। तलब-भत्ता र प्रशासनिक खर्चकेन्द्रित चालूतर्फको खर्च ६ खर्ब ४४ अर्ब खर्च भएको छ। ११ खर्ब ४१ अर्ब छुट्याइएकोमा ५६.४१ प्रतिशत यस्तो खर्च भएको छ। कुल बजेट खर्च ५१.९३ प्रतिशत पुगेको छ। १७ खर्ब ५१ अर्ब वार्षिक खर्च गर्ने लक्ष्य राखेको सरकारले चैतसम्ममा नौ खर्ब नौ अर्ब खर्च गरेको हो। त्यस्तै, राजस्वतर्फ सात खर्ब ४८ अर्ब संकलन भएको छ। यो कुल लक्ष्यको ५२.५८ प्रतिशत हो। चालू आर्थिक वर्षमा सरकारले १४ खर्ब २२ अर्ब राजस्व उठाउने लक्ष्य राखेको छ।



गर्दै सन् २०२३ को २९ नोभेम्बरदेखि ३ डिसेम्बरसम्म औपचारिक भ्रमणमा सहभागी भएका प्रतिनिधिमण्डलको खर्च भुक्तानी गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी दिएको मन्त्रालयले जानकारी दिएको छ। यसमा अर्थले १९ लाख ९२ हजारको अख्तियारी दिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा युगान्डाको राजधानी कम्पालमा आयोजित असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको १९औं शिखर सम्मेलनमा सहभागी नेपाली प्रतिनिधिमण्डललाई भ्रमण खर्च भुक्तानीका लागि पनि अबन्डा शीर्षकबाट खर्च गएको छ। यसमा एक करोड २६ लाख ६० हजार रुपैयाँ खर्च भएको छ। त्यस्तै, राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै फ्रान्सको पेरिस पिस फोरम र संघीय गणतन्त्र जर्मनी र इटालीको भ्रमण गर्न कार्यक्रममा रद्द टिकटबापतको रकम भुक्तानीमा पनि पैसा खर्च भएको छ। रद्द टिकटमा ५५ लाख २२ हजारभन्दा बढीको पैसा खर्च भएको छ। प्रदेश प्रमुखहरूले खर्च गर्ने हिसाबले नौ लाख ४० हजार रुपैयाँ अबन्डाबाट खर्च भएको छ।

स्वास्थ्य र भौतिकबाट बढी रकमान्तर

कुल रकमान्तर भएको एक खर्ब ६३ अर्ब रुपैयाँमध्ये सबैभन्दा बढी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट भएको छ। स्वास्थ्य मन्त्रालयमातहतका सरकारी निकायले ६४ करोड ४१ लाख रुपैयाँ रकमान्तर गरेका छन्। त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ४८ करोड ८६ लाखको रकमान्तर गरेका छन्।

२८ स्थानीय तहका लागि पालिकाअन्तर्गत निर्माणाधीन आधारभूत अस्पतालको कार्यप्रगति तथा मोबिलाइजेसन भुक्तानीको रकमान्तर गरिएको अर्थ मन्त्रालयले जानकारी दिएको छ। यसमा ४९ करोड २४ लाख ३१ हजारको पैसा रकमान्तर भई खर्च भएको छ।

त्यस्तै, छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीको तलब-भत्ता भुक्तानी गर्न स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका लागि ३२ लाख रुपैयाँ रकमान्तर भएको छ। त्यस्तै, मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार खर्चबापत मासिक पाँच हजार रुपैयाँका दरले १४ करोड ८५ लाख रकमान्तर भएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत महाकाली करिडोर (ब्रह्मदेव-झुलाघाट-दार्चुला-टिङकर)अन्तर्गत विकास निर्माण निर्देशनालयका लागि ७० लाख रुपैयाँ रकमान्तर गरिएको छ। सडक निर्माणको दायित्व प्राथमिकताका आधारमा भुक्तानी गर्न सडक डिभिजन, घोराही, दाङलाई रकमान्तर गरी नौ करोड चार लाख रुपैयाँ दिइएको छ। उत्तर-दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी)का लागि करार सेवा शुल्क स्वीकृत दरबन्दीको करार कर्मचारीमा नपुग रकमबराबर दुई लाख ९६ हजार रकमान्तर गरिएको छ। रणनीतिक सडक पुल निर्माण तथा पुल-पुलेसा संरक्षणअन्तर्गतका कार्यालयमा २५ करोड नौ लाख रुपैयाँ रकमान्तर भएको छ। त्यस्तै, तमोर करिडोर चतारा मूलघाट सुभाङ्खोला सडक योजना मूलघाट, सुनसरीका लागि १४ करोड रकमान्तर भएको छ।

रक्षामातहतका बढी कार्यक्रम संशोधन

कार्यक्रम नै संशोधन गरेर खर्च भएको दुई अर्ब ६५ करोडमध्ये एक अर्बभन्दा बढी रकम रक्षा मन्त्रालयमातहतका कार्यक्रममा खर्च भएको छ। जंगी अड्डा, सैनिक हवाई महानिर्देशनालय, वीरेन्द्र अस्पताल (पोस्ट एक्सिडेन्ट सेन्टरसमेत) र राष्ट्रिय सेवा दलअन्तर्गतका कार्यक्रम थपघट र रकमान्तर भएका हुन्। तर, यी निकायका कुन कार्यक्रम संशोधन भएका हुन्, खुल्न सकेको छैन। त्यस्तै, स्थानीय तहहरूबाट खर्च हुने गरी स्वास्थ्य मन्त्रालयअन्तर्गतको एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गतको ५५ करोड ७२ लाख रुपैयाँको कार्यक्रम संशोधन गरिएको छ। कृषि विकास मन्त्रालयअन्तर्गतको पशु सेवा विभागले पनि ४८ करोडबराबरको कार्यक्रम संशोधन गरेको छ। यद्यपि, संशोधनको प्रयोजन खुलेको छैन। त्यस्तै, सहरी विकास मन्त्रालयअन्तर्गतको ४५ करोड ४५ लाखको कार्यक्रम संशोधन भएको छ। त्यस्तै, प्रदेशअन्तर्गतका एक करोड ८१ लाखका कार्यक्रम संशोधन भएका छन्।

सहिद स्मारक अब राति १० बजेसम्म खुल्ने



हेटौंडाको सहिद स्मारक १ वैशाखबाट राति १० बजेसम्म खुला भएको छ। थप संरचना निर्माणसँगै बत्ती जडानपछि आकर्षक देखिएको स्मारकमा पर्यटकको मागलाई ध्यानमा राखी स्मारकपरिसर राति १० बजेसम्म खुला राख्ने निर्णय गरिएको हो। **तस्बिर : पोष्टराज अधिकारी/मकवानपुर**

कास्कीमा ११४ विकास आयोजना स्वीकृत

कास्की/ जिल्ला समन्वय समिति कास्कीको सातौं जिल्ला सभाले एक सय १४ योजना छनोट गरी कार्यान्वयनका लागि संघ र प्रदेश सरकारलाई पठाउने निर्णय गरेको छ। स्थानीय तहले आफ्नै स्रोत-साधन र प्रदेश तथा संघबाट उपलब्ध गराइएको सीमित स्रोत र साधन तथा बजेटले नभ्याउने राष्ट्रिय महत्त्वका हुन सक्ने रणनीतिक योजनाहरू सभाबाट स्वीकृत गरी केन्द्र तथा प्रदेश सरकारमा पठाउने निर्णय गरिएको जिसस कास्कीका प्रमुख लीलाधर पौडेलले जानकारी दिए।

छनोट गरिएका योजनाहरूमा २० अर्ब लागतको देवघाट-विन्ध्यवासिनी-मुक्तिनाथ धार्मिक पर्यटक सर्किट निर्माणदेखि एक करोडसम्मका विभिन्न योजनाहरू छन्। पोखरामा अन्तर्राष्ट्रिय सभा-सम्मेलन केन्द्र, बेगनास ताल संरक्षण तथा प्रवर्द्धन केन्द्र, मुक्तिनाथ प्रवेशद्वार निर्माण, पोखरा रिङरोड, अटो भिलेज, आइटी पार्क, सेती करिडोर, अन्नपूर्ण गाउँपालिका चक्रपथ निर्माण, बिरेठाँटी-तिखेढुंगा-उल्लेरी (मुक्तिमार्ग) सडक, रूपा गाउँपालिकाको प्रशासकीय भवन, रूपामा विभिन्न सिँचाइ आयोजना, झोलुंगे पुल, होमस्टे प्रवर्द्धनलगायत छन्।

लुम्बिनीको विकास खर्च २५ प्रतिशत

दाङमा **दीपक बोहरा**

लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षको आठ महिनामा २५.४१ प्रतिशत मात्रै पुँजीगत बजेट खर्च गरेको छ। २३ अर्ब २५ करोड ६९ लाख पुँजीगत बजेट रहेको प्रदेशमा फागुन मसान्तसम्ममा पाँच अर्ब ९१ करोड चार लाख मात्रै खर्च भएको छ। चालूतर्फ पनि २९.८१ प्रतिशत मात्रै खर्च भएको छ। १७ अर्ब २२ करोड २७ लाख चालू बजेट रहेको लुम्बिनीमा पाँच अर्ब १३ करोड ४६ लाख खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

प्रदेश सरकारको चालू आर्थिक वर्षका लागि ४० अर्ब ४७ करोड ९७ लाखको बजेट। आठ महिनाको अवधिमा ११ अर्ब चार करोड ५० लाख खर्च भएको छ। प्रदेश लेखा नियन्त्रण कार्यालयका सूचना अधिकारी रवीन्द्र अर्याल पनि प्रदेशमा एकदमै न्यून मात्रै खर्च भएको स्वीकार गर्छन्।

तालिका १ : मन्त्रालयगत हिसाबले लुम्बिनी प्रदेशको खर्च विवरण

क्रस	मन्त्रालय	पुँजीगत बजेट	खर्च	प्रतिशत
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६ करोड २ लाख	५ लाख १४ हजार	०.८५
२	उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय	५० करोड १७ लाख	३ करोड ६१ लाख	७.२१
३	अर्थ मन्त्रालय	१ करोड	१० लाख ४२ हजार	१०.४३
४	कृषि तथा भूमि व्यवस्था मन्त्रालय	१८ हरोड ७८ लाख	२ करोड ४३ लाख	१२.९४
५	सामाजिक विकास मन्त्रालय	३९ करोड ९२ लाख	६ करोड ८४ लाख	१७.१५
६	वन तथा वातावरण मन्त्रालय	८८ करोड ४२ लाख	१५ करोड ९५ लाख	१८.०५
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	१३ अर्ब ३१ करोड ६० लाख	३ अर्ब ८ करोड ३३ लाख	२३.१६
८	खानेपानी ग्रामीण तथा सहरी विकास मन्त्रालय	५ अर्ब ७० करोड ९६ लाख	१ अर्ब ७१ करोड ४० लाख	३०.०२
९	स्वास्थ्य मन्त्रालय	१ अर्ब ५२ करोड ५६ लाख	६६ करोड २२ लाख	४३.४१
१०	गृह मन्त्रालय	३१ करोड ८५ लाख	१४ करोड ११ लाख ६८ हजार	४४.३२

स्रोत : प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय

■ किन हुँदैन विकास बजेट खर्च ?

सरकारको योजनाअनुसार चालू आवको आठ महिनामा ६० प्रतिशतभन्दा बढी खर्च भइसक्नुपर्थ्यो। वैशाखसम्म लक्ष्यअनुसार खर्च हुने भौतिक पूर्वाधार मन्त्रालयका सचिव माधवप्रसाद भट्टराईले बताए। 'सिँचाइतर्फ धान काटेर सकिएपछि फिल्डमा कर्मचारी जानुहुन्छ, सर्भे नै मंसिरतिर हुन्छ,' उनले भने, 'जसले गर्दा ठेक्कापट्टा लगाउनै ढिला हुन्छ।'

जग्गाको विवाद, वनको विवादजस्ता कारणले पनि ढिलाइ हुने गरेको उनको भनाइ छ। सार्वजनिक खरिद ऐनमा कम कबोल गर्नेलाई ठेक्का दिने प्रणालीले गर्दा पनि असर गरेको उनले बताए। 'हामीले सबैभन्दा घटीवालालाई ठेक्का दिन्छौं,' उनले भने, 'ती व्यक्ति काम नगरीकन वर्षौं लापत्ता हुन्छन्।'

पटक-पटक भइरहने सरकार परिवर्तनले पनि बजेट खर्चमा असर परेको उनले बताए। 'सबै निर्णय राजनीतिक नेतृत्वमा लगेर गराउनुपर्छ,' उनले भने, 'अहिले बजेट बनाउने वेलामा सरकार परिवर्तन भएको छ, यसले पनि असर गर्छ।'

कतिपय कार्यक्रम सकिए पनि भुक्तानी लिन ढिला आउँदा खर्च कम भएको देखिने गृह मन्त्रालयका सचिव लालबहादुर कवारीले बताए। 'भुक्तानी लिएअनुसार काम देखिने हो,' उनले भने, 'काम त सबै सुरु भए, तर वित्तीय प्रगति बिल भरपाइ हुन भने समय लाग्ने हुन्छ, त्यसैले पनि ढिला भएको हो।' त्यस्तै, सहरी विकास मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद भण्डारीले टेन्डर लाग्दासम्म मंसिर महिना भइसक्ने र त्यसपछि मात्रै कामको परिणाम देखिने बताए। 'सुरु-सुरुमा त धेरै खर्च हुने कुरा भएन,' उनले भने, 'तेस्रो त्रैमासिकमा अलि बढी बजेट खर्च हुन्छ। अहिले सबै ठेक्का लागेर काममा गएकाले खर्च पनि हुन्छ।' तर, अहिले जुन बजेट खर्च भएको छ, त्यो न्यून नै रहेको उनले पनि स्वीकार गरे।

विकास खर्च नहुँदा अर्थतन्त्र चलायमान नहुने र रोजगारी पनि बिस्तारै घट्दै जाने उनको भनाइ छ।

अर्थ मन्त्रालयका सचिव रामबहादुर केसीले भैपरि आउने र चालू खर्चका लागि मात्रै बजेट हुने भएकाले आवश्यकताका आधारमा मात्रै खर्च हुने बताए। उद्योग तथा यातायात व्यवस्था मन्त्रालयका सचिव उमेश ढुंगानाले आवश्यकताअनुसार दरबन्दी नभएको र भएका दरबन्दीमा पनि कर्मचारी नहुँदा यस्तो समस्या रहेको बताए। बजेट खर्च न्यून हुँदा लक्ष्य प्राप्त गर्न नसकिने स्वास्थ्य मन्त्रालयका सचिव डा. जनार्दन पन्थीले बताए।

प्रदेश योजना आयोगका पूर्वउपाध्यक्ष डा. नहकुल केसीले समयमै टेन्डर नहुने कारणले विकासे बजेट खर्चमा ढिलाइ हुने गरेको बताए। 'टेन्डर नहुँदा खर्च ढिलो हुन्छ। केही कानुनी अड्चन पनि छन्,' उनले भने। अर्कोतर्फ योजना कार्यान्वयनका लागि कार्यविधि नबनाउँदा पनि खर्चमा समस्या हुने गरेको उनको भनाइ छ।

तर, सांसदहरूले भने बजेट खर्च नहुनुमा कर्मचारीलाई दोष दिन्छन्। लामो समय कर्मचारी बिदामा बसिदिँदा यस्तो समस्या निम्तिएको प्रदेश सभा सदस्य यमबहादुर नेपालीले बताए। 'कर्मचारी लामो समय बिदा लिएर काठमाडौं बसिदिनुहुन्छ,' उनले भने, 'त्यसले गर्दा पनि बजेट खर्च न्यून भएको हो।'

अर्थशास्त्री माधवकुमार पौडेलले बजेट खर्चको अवस्था निराशाजनक रहेको बताए। यही हिसाबले बजेट खर्च हुने हो भने अबको पाँच महिनामा विकास बजेटको खर्च ५० प्रतिशत पुऱ्याउन पनि सकस हुने उनको भनाइ छ।

स्थायी सरकार नहुँदा पनि यसरी बजेट खर्चमा समस्या हुने गरेको निवर्तमान मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बताए। अल्पमतमा परेपछि संसद्बाट राजीनामा दिँदै चौधरीले कर्मचारीले सहयोग नगर्दा विकासे योजना अगाडि बढ्न नसकेको बताए।

गुल्मीमा वार्षिक साढे पाँच करोडको गुडखुदो उत्पादन

गुल्मीमा **टोपलाल अर्याल**

छत्रकोट गाउँपालिका-४, दिगामका रामकृष्ण न्यौपाने, किरण न्यौपाने, जगदीश पाण्डेय र मीना न्यौपानेको संयुक्त लगानीमा गाउँमै दुई वर्षदेखि व्यावसायिक उखुखेती भइरहेको छ। चारजनाले गाउँले ग्रुप अफ इन्ड्रस्टिज प्रालिमार्फत दुई सय रोपनीमा उखु लगाएका छन्। आफ्नो कम्पनीबाहेक गाउँका एक सय ५० भन्दा बढी किसानले उत्पादन गरेको उखु खरिद गरेर खुदो तथा गुड उत्पादन गरिरहेको सञ्चालक रामकृष्ण न्यौपानेले बताए। उनीहरूले गाउँमै उखुबाट समृद्धि खोज्दै करिब एक करोडको प्रोजेक्ट बनाएका छन्। त्योमध्ये दुई वर्षमा करिब ६० लाख लगानी गरिसकेको सञ्चालक न्यौपानेले बताए। अझै दुई सय रोपनी क्षेत्रफलमा उखु लगाउने कम्पनीको योजना छ।

उनीहरूले 'दिगामे' नामबाट गुड र खुदोको ब्रान्डिङ गरेका छन्। कम्पनीमार्फत करिब ९४ लाखबराबरको गुडखुदोको कारोबार भएको उनले बताए। अहिले १२ जना जनशक्तिमार्फत उखुको रस प्रशोधन गरेर खुदो र गुड बनाउने काम भइरहेको छ। यो काम ६ महिना चल्छ। उखु प्रतिकिलो नौदेखि १२ रुपैयाँ, खुदो एक सय ७५ र गुड दुई सय ७० देखि तीन सय २० रुपैयाँमा बिक्री हुँदै आएको छ। 'गाउँमा समृद्धिको आशा जगाएका छौं। १२-१५ जनाले रोजगारी पाएका छन्,' उनले भने, '६-६ महिना बारी र फ्याक्ट्रीमा काम गर्छौं।'

गुल्मीको रुरु क्षेत्र र छत्रकोट गाउँपालिकामा उखुको राम्रो उत्पादन छ। गुडले रुरु र छत्रकोटसँगै जिल्लाकै पहिचान बनाएको छ। विशेष गरेर थोर्गेली गुडले राम्रो बजार बनाएको छ। उखुको काम र व्यापार बाह्रैमास हुन्छ। उखुबाट रस, खुदो र गुड उत्पादन हुने भएकाले मंसिरदेखि चैतसम्म किसानलाई फुर्सद नमिल्ने उनले बताए। रुरुक्षेत्र गाउँपालिका-३, थानपतिका ५५ वर्षीय चोलानाथ ज्ञवाली बिहान ५ बजेदेखि राति १० बजेसम्म उखुको काममा व्यस्त हुन्छन्। ज्ञवालीले आफ्नो र अरूकोमा गरेर ५० रोपनीमा उखु रोपेका छन्। पुख्यौंली पेसा थामेका ज्ञवालीले वर्षमा २५-३० लाखसम्मको कारोबार गर्छन्। कामका वेला १२ देखि १८ र नियमित काम गर्ने पाँचजना कामदार छन्।



पाँच सय ८९ मेट्रिकटन गुडखुदो उत्पादन

कृषि ज्ञानकेन्द्र गुल्मीका अनुसार जिल्लाको छत्रकोट र रुरु क्षेत्र गाउँपालिकाबाट गत वर्ष करिब साढे पाँच करोडको गुडखुदो बिक्री भएको थियो। रुरुक्षेत्र गाउँपालिका र छत्रकोटमा चार सय ७५ घरधुरीले एक सय ९० हेक्टरमा उखुखेती गर्दै आएका छन्। गत वर्ष पाँच सय ८९ मेट्रिकटन गुडखुदो उत्पादन भएको कृषि ज्ञानकेन्द्रका वरिष्ठ कृषि विकास अधिकृत नवराज भण्डारीले जानकारी दिए। पाँच करोड ४५ लाखबराबरको उत्पादनमध्ये दुई करोड ७० लाखबराबरको खुडखुदो जिल्लाबाहिर बिक्री भएको भण्डारीले बताए। अहिलेसम्म ढोडे, रातो र सेतो कोसेर र जितपुर जातको उखुखेती हुँदै आएको छ। उखुको क्षेत्रफल विस्तार, उत्पादकत्व वृद्धि र उत्पादनको विविधीकरणका लागि काम गर्नुपर्ने ज्ञानकेन्द्र प्रमुख भण्डारीले बताए।

नेपाल टेलिकमले ल्यायो भ्वाइस र डेटामा 'स्प्रिङ अफर'

काठमाडौं/ नेपाल टेलिकमले 'स्प्रिङ अफर-२०८०' योजना ल्याएको छ। कम्पनीले विभिन्न सुविधासहितका नयाँ भ्वाइस तथा डेटा प्याकेज सञ्चालनमा ल्याएको जनाएको छ। यो योजना ३० चैत ०८० देखि लागू भइसकेको छ।

यस योजनाअन्तर्गत १८ रुपैयाँमा २५ मिनेट र ३५ रुपैयाँमा दुई घण्टासम्म सबै नेटवर्कमा कुराकानी गर्न सकिनेछ।

साथै, नयाँ भ्वाइस प्याकेजअन्तर्गत सबै नेटवर्कमा प्रयोग गर्न सकिने १०१ मिनेट, १५० मिनेट र ५३५ मिनेट भ्वाइस प्याक उपलब्ध हुनेछ भने ३५ दिनसम्म जुनसुकै समय र जुनसुकै नेटवर्कमा पनि प्रयोग गर्न सकिने १४ सय मिनेट अल नेट भ्वाइस



प्याक पाँच सय ९९ रुपैयाँमा उपलब्ध हुने पनि कम्पनीले जनाएको छ।

त्यस्तै, नयाँ डेटा प्याकेजअन्तर्गत २४ रुपैयाँमा एक घण्टा भ्वाइस र डेटा उपलब्ध हुनेछ। त्यसैगरी, २० रुपैयाँमा एक दिनका लागि ६ सय एमबी डे डेटा प्याक र ८० रुपैयाँमा तीन दिनसम्म चलाउन सकिने तथा १०९ रुपैयाँमा सात दिनसम्म चलाउन सकिने तीन जिबी डेटा प्याक उपलब्ध हुने बताइएको छ। यीबाहेक तीन सय ९९ रुपैयाँमा २८ दिनसम्म चलाउन सकिने १३ जिबी डेटा प्याकसमेत खरिद गर्न सकिनेछ।

जिएसएम टुजी वा थ्रिजी सिम प्रयोगकर्तालाई फोरजी प्रयोग गर्न प्रोत्साहित गराउने उद्देश्यले नयाँ आकर्षक अफर उपलब्ध गराइएको कम्पनीले जनाएको छ। यसरी टुजी वा थ्रिजी प्रयोगकर्ताले आफ्नो सिमलाई फोरजीमा एक्टिभेट गरेमा तीन जिबी डेटा, सय मिनेट भोल्टी भ्वाइस कल र ५० अन-नेट एसएमएस सुविधा उपलब्ध हुने बताइएको छ।

चिउरी र चमेरो संरक्षण कार्यक्रम कार्यान्वयनका लागि सम्झौता

मकवानपुरमा **पोष्टराज अधिकारी**

प्रदेशमा बसोवास गर्ने सीमान्तकृत जाति चेपाङ समुदायको उत्थानका लागि बागमती प्रदेश सरकारले ल्याएको चिउरी र चमेरो संरक्षण कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकार र स्थानीय सरकारबीच सम्झौता भएको छ।

बुधबार सामाजिक विकास मन्त्रालयमा एक कार्यक्रमबीच प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, सामाजिक विकासमन्त्री कुमारी मोक्तान र प्रदेशका ६ स्थानीय तहका प्रमुख-उपप्रमुखबीच सहमति भएको हो।

चेपाङ समुदायको बाहुल्यता रहेको प्रदेशका तीन जिल्लाहरू मकवानपुर, धादिङ र चितवनका गरी ६ वटा पालिकासँग सम्झौता भएको हो। जसअनुसार मकवानपुरको राक्सिराङ, धादिङको गजुरी र बेनिघाट रोराङ तथा चितवनको राप्ती, कालिका र इच्छाकामना गाउँपालिकासँग प्रदेश सरकारले सम्झौता गरेको हो।

प्रदेश सरकारले चालू आर्थिक वर्षको बजेट कार्यक्रममा नै समावेश गरी सीमान्तकृत जातिको उत्थानका लागि चिउरी र चमेरो संरक्षणको कार्यक्रम अघि सारेको थियो। उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारले गत ११ माघमा बसेको प्रदेशको मन्त्रिपरिषद् बैठकले 'चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २०८०' स्वीकृत गरेको थियो।

यस्तै, प्रदेश सरकारले उक्त कार्यक्रम कार्यान्वयनका लागि चालू आर्थिक वर्ष ०८०/८१ मा ५० लाख रुपैयाँ बजेटसमेत विनियोजन गरेको छ। कार्यक्रम स्थानीय तहको २० प्रतिशत र प्रदेश सरकारको ८० प्रतिशत साझेदारीमा कार्यान्वयन हुनेछ। कार्यक्रममा स्थानीय सरकारले सात लाख ७५ हजार लगानी गर्नुपर्नेछ।

सम्झौता कार्यक्रममा बोल्दै मुख्यमन्त्री जम्कट्टेलले चेपाङ समुदायको आर्थिक तथा सामाजिक क्षेत्रको उत्थानका लागि उनीहरूको परम्परादेखि जोडिएको चेपाङ चिउरी र चमेरो संरक्षणले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। सरकारले कार्यविधि नै बनाएर काम सुरु गरेकाले यसमा पालिकाले पनि अपनत्व लिनुपर्ने उनको भनाइ छ।

कार्यक्रममा प्रदेशकी सामाजिकमन्त्री कुमारी मोक्तानले चेपाङ समुदायको जीविकोपार्जन र आर्थिक तथा सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उद्देश्यले कार्यक्रम गर्न लागिएको बताइन्। उनले कार्यक्रमअन्तर्गत चिउरीको नर्सरी स्थापना, वृक्षारोपण, सचेतनामूलक कार्यक्रम, मौरीपालन व्यवसायको प्रवर्द्धन, चिउरीको मह र दानाको बजारीकरणलगायत कार्य सञ्चालन हुने जानकारी दिइन्।



सम्झौतापत्र आदानप्रदान गर्दै मुख्यमन्त्री शालिकराम जम्कट्टेल, सामाजिक विकासमन्त्री कुमारी मोक्तान र मकवानपुरको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल। तस्बिर : **नयाँ पत्रिका**

कुमारी स्मार्टबाट मुद्दती खाता खोल्दा थप ब्याज

काठमाडौं/ कुमारी बैंकका ग्राहकले मोबाइल बैंकिङ एप 'कुमारी स्मार्ट'मार्फत मुद्दती खाता खोल्दा दिँदै आइएको ब्याजदरमा थप ०.१५ प्रतिशत ब्याज पाउने भएका छन्।

साथै, सो एपमार्फत आफ्नो मुद्दती खातामा भएको रकमबाट कर्जा लिँदा लिदा ०.२५ प्रतिशत छुटसमेत दिइने बैंकले जनाएको छ।

कुमारी स्मार्टमार्फत घरमै बसेर संसारको जुनै कुनाबाट पनि तुरुन्तै लिन सकिने बताइएको छ। यस्तो प्रकारको मुद्दती खाता खोल्न र मुद्दती रसिदको धितोमा कर्जा उपभोग गर्न कुनै पनि कागजी प्रक्रिया आवश्यक पर्नेछैन।

साथै, मोबाइल बैंकिङ एपमार्फत यो सुविधा चौबिसै घण्टा उपलब्ध रहने पनि बैंकले जनाएको छ।

बैंकका अनुसार ग्राहकले तीनदेखि ६ महिनाको अवधिका लागि कुमारी स्मार्टबाट मुद्दती खाता खोल्दा ६.६६ प्रतिशत ब्याज प्राप्त गर्नेछन्। त्यस्तै, ६ महिनादेखि एक वर्षमुनि ७.१५ प्रतिशत र एक वर्षदेखि माथिको अवधिमा ७.२६ प्रतिशत ब्याज दिइने बताइएको छ।

आइफोन-१५ जित्ने मौका



त्यसैगरी, बैंकले एफवान सफ्ट इन्टरनेसनलसँगको सहकार्यमा नयाँ अभियान 'नयाँ वर्ष २०८१, जितौं आइफोन-१५ एक्कासि' योजना पनि सुचारु गरेको छ। ग्राहकले बैंकको एप प्रयोग गरी पाँच सय रुपैयाँको टपअप या कुनै एउटा डेटा प्याक खरिद गर्दा एक भाग्यशाली ग्राहकले नयाँ आइफोन-१५ जित्न सक्ने बैंकले जनाएको छ।

यस अभियानमा सहभागी हुन ग्राहकले आफ्नो नजिकैको शाखाबाट मोबाइल बैंकिङमा दर्ता गर्न सक्नेछन्। यो योजना १ देखि ३१ वैशाखसम्म रहेको छ।

लुम्बिनीमा राइड सेयरिङ एप 'इ-ड्राइभ नेपाल' सञ्चालन हुने

भैरहवा/ वैशाखको पहिला सातादेखि लुम्बिनी प्रदेशमा राइड सेयरिङ एप 'इ-ड्राइभ नेपाल' सञ्चालन हुने भएको छ। इ-ड्राइभ लुम्बिनी नेपाल र इ-ड्राइभ नेपालको सहकार्यमा उक्त सेवा पहिलोपटक लुम्बिनी प्रदेशमा सञ्चालनमा आउन लागेको इ-ड्राइभ लुम्बिनी नेपाल प्रालिका अध्यक्ष राजकुमार गुप्ताले जानकारी दिए। नेपालका प्रमुख सहरहरूमा सेवा विस्तार गर्ने उद्देश्य लिएको इ-ड्राइभ नेपालको अभियानको यो दोस्रो पाइला भएको गुप्ताले बताए।

विगत ६ महिनादेखि काठमाडौं उपत्यकामा राइड सेयरिङ सेवा उपलब्ध गराइरहेको इ-ड्राइभ नेपाललले ०८१ वैशाख पहिलो सातादेखि लुम्बिनी प्रदेशको भैरहवा, बुटवलवरिपरिका क्षेत्रमा सेवा विस्तार गर्न लागेको बिहीबार रुपन्देहीमा पत्रकार सम्मेलन गरी कम्पनीले जानकारी गराएको छ। मेक इन नेपालको नारालाई प्राथमिकता दिई अघि बढेको तथा चालक र यात्रुलाई चलाउन सरल रहेकाले नै यो एपलाई लुम्बिनी प्रदेशमा ल्याइएको गुप्ताको भनाइ छ। 'इ-ड्राइभ नेपाल'ले लुम्बिनी प्रदेशमा पहिलो चरणमा कार, मोटरसाइकल, स्कुटर र निकट भविष्यमा विद्युतीय टेम्पु सञ्चालन गर्ने बताइएको छ।

लुम्बिनी प्रदेशको आवश्यकतालाई महसुस गर्दै यस क्षेत्रका व्यक्तिहरूबाट आफ्नै ठाउँका युवालाई आफ्नै ठाउँमा रोजगारीको नयाँ अवसर उपलब्ध गराउने उद्देश्यका साथ यो सेवा सञ्चालनमा ल्याएको इ-ड्राइभ नेपाल प्रालिका अध्यक्ष राजेश मास्केले बताए। 'इलेक्ट्रिक सेवाको उच्च प्रयोग, थुप्रै धनराशि बिदेसिनबाट जोगाउनु र वातावरण संरक्षणमा इ-ड्राइभ नेपालको अभियान छ,' उनले भने।

गरिमा विकास बैंकको डेबिट-क्रेडिट कार्डमा क्यासब्याक योजना

काठमाडौं/ नयाँ वर्ष ०८१ लाई लक्षित गरी गरिमा विकास बैंक लिमिटेडले डेबिट-क्रेडिट कार्डमा क्यासब्याक योजना ल्याएको छ। बैंकले कुनै पनि सेवा तथा सामान खरिद गरी विकास बैंकको डेबिट-क्रेडिट कार्डबाट भुक्तानी गर्दा २०.८१ प्रतिशत वा अधिकतम दुई सय रुपैयाँ नगद फिर्ता योजना ल्याएको हो।

यस योजनाअन्तर्गत बैंकको डेबिट-क्रेडिट कार्ड प्रयोगकर्ताले नेपालभित्र पिओएस मेसिनमार्फत कारोबार गर्दा अधिकतम दुई सय रुपैयाँसम्म नगद फिर्ता पाउन सक्नेछन्। नगदरहित कारोबारलाई प्रोत्साहन एवं प्रवर्द्धन गर्न यो योजना ल्याइएको बैंकले जनाएको छ। यो योजना १ देखि ३ वैशाखसम्म रहनेछ।



साथै, बैंकले आफ्ना ग्राहकको किनमेललाई थप सहजीकरण गर्दै क्रेडिट कार्डमा किस्ताबन्दीको सेवा सुरुवात गरिसकेको पनि जनाएको छ।

हाल बैंकले देशभर एक सय २३ शाखा कार्यालय, एक एक्सटेन्सन काउन्टर र ५१ वटा एटिएममार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

नेसनल लाइफका तीन अभिकर्ता 'एमडिआरटी'

काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्सबाट तीन महिनामा तीनजना अभिकर्ता एमडिआरटी-२०२५ बनेका छन्। कम्पनीका विभिन्न शाखामा आबद्ध रही कार्य गर्ने अभिकर्ता शशिकला तामाङ, नेत्रबहादुर राउत र विमल न्यौपानेले तीन महिनाभित्रै अभिकर्ताको सर्वोच्च संस्था मिलियन डलर राउन्ड टेबल २०२५ मा छनोट हुन सफल भएको कम्पनीले जनाएको छ।

एमडिआरटी-२०२५ को लक्ष्य पूरा गर्न सफल अभिकर्तालाई कम्पनीले हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेको छ। एमडिआरटी- २०२५ को लक्ष्य पूरा गर्ने अभिकर्ताले आगामी नौ महिनाभित्र सिओटी (कोर्ट अफ द टेबल) र टिओटी (टप अफ द टेबल)को लक्ष्यसमेत पूरा गर्ने गरी बिमा व्यवसायलाई अगाडि बढाउने धारणा व्यक्त गरेका थिए।

एमडिआरटीमा तोकिएको प्रिमियमको तीन गुणा प्रिमियममा सिओटी र ६ गुणा प्रिमियममा टिओटी छनोट हुने प्रावधान छ।

मानुषी लघुवित्तको साधारणसभा सम्पन्न



काठमाडौं/ मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँचौँ वार्षिक साधारणसभा बनेपामा सम्पन्न भएको छ। साधारणसभामा सञ्चालक समितिका तर्फबाट अध्यक्ष पद्मासना शाक्यद्वारा प्रस्तुत कम्पनीको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भएको छ।

उक्त सभामा संस्थाकी प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्यले स्वागत मन्तव्य व्यक्त गर्दै संस्थाको समग्र अवस्था तथा प्रगतिबारे प्रकाश पारिन्। साथै, सभाका सहभागीले राखेको जिज्ञासाको जवाफ पनि दिएकी थिइन्। सभाले आव ०८०/८१ का लागि बाह्य लेखा परीक्षकको नियुक्तिको प्रस्तावसमेत पारित गरेको छ।

स्थापनाको पाँच वर्ष पूरा गरेको संस्थाले गत आव सम्ममा १४ वटा जिल्लामा ३६ वटा शाखामार्फत सेवा प्रदान गर्दै आएको छ।

सन सेक्युरिटिजको भिडियो केवाइसी

काठमाडौं/ सन सेक्युरिटिज प्राइभेट लिमिटेड (ब्रोकर नं ६४) ले अनलाइनबाटै भिडियो केवाइसी सेवा सार्वजनिक गरेको छ। कम्पनीले नयाँ वर्षको अवसरमा अनलाइन माध्यमबाट डिम्याट खाता तथा ब्रोकर खाता खोल्न सकिने सुविधा सञ्चालनमा ल्याएको हो।

त्यस्तै, कम्पनीले एक नेपाली एक ब्रोकर खाताको पहुँच अभिवृद्धि गर्ने लक्ष्यअनुसार 'मिसन ०८४' अनावरणसमेत गरेको छ। 'एक नेपाली एक ब्रोकर खाता' भन्ने नाराका साथ ०८४ सम्ममा हरेक नेपालीको एउटा डिम्याट र एउटा ब्रोकर खाता खोल्ने अभियान सुरु गरेको पनि बताइएको छ।

कम्पनीले लाइफटाइम डिम्याट खाता, निःशुल्क डिम्याट र मेरो सेयर, अटोमेटिक डिम्याट तथा मेरो सेयर नवीकरण, निःशुल्क बिओ-टु-बिओलगायतका योजना ल्याएको जनाएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लक्ष्मीपुर, पतारीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०१/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लक्ष्मीपुर, पतारीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा मिति २०७७/१२/२३ मा प्रा.फ.र.नं. १२५९३/०७७/०७८ कायम भई दर्ता रहेको सिरहा जिल्ला, हनुमाननगर प्र.ध. ०६क (हाल धनगढीमाई न.पा. वडा नं. ०३) स्थित रजिष्टर्ड कार्यालय रहेको **एन.एम.डि. ईंट्टा उद्योग। प्रोप्राईटर - राम कुमार साफी**	१. **दिलिप कुमार साफी**को नाममा मालपोत कार्यालय, लहान, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, लक्ष्मीपुर प्र.ध. गा.वि.स. वडा नं. ०७क (हाल: लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०४) स्थित कित्ता नं. १८९ को क्षेत्रफल ०-८-१०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात। २. धनि कुमारी बैंक लि.र ऋणी **एन.एम.डि. ईंट्टा उद्योग** कायम भई मधेश प्रदेश, यातायात व्यवस्था कार्यालय, लहान, सिरहामा दर्ता कायम रहेको चे.नं. HAR3DXSUV03018083, ई.नं. H00310778, सवारी नं. प्रदेश २ ०२-००१ क ०६१० को JCB 3DX Super BHL थान १। ३. ऋणी **एन.एम.डि. ईंट्टा उद्योग**को सम्पुर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **राम कुमार साफी** ना.प्र.नं.- ना.वा. १३७ जारी मिति - २०५९/०४/२१, जि.प्र.का. सिरहा बाबु - मोहित साफी बाजे - मौजे सफी स्थायी ठेगाना- सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०३ (साविक: महेशपुर गा.वि.स., वडा नं. ०२) हालको ठेगाना- ऐ.ऐ.	३. **दिलिप कुमार साफी** ना.प्र.नं.- ३२३ जारी मिति - २०५०/०५/१५, जि.प्र.का. सिरहा बाबु - मोहित साफी बाजे - मौजे सफी स्थायी ठेगाना- सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०३ (साविक महेशपुर गा.वि.स., वडा नं. ०२) हालको ठेगाना- ऐ.ऐ.
२. **वेचनी देवी साफी** ना.प्र.नं.- ना.वा. १५१०३१/६३७ जारी मिति - २०६३/११/२८, जि.प्र.का. सिरहा बाबु - शिवजी साफी ससुरा - मोहित साफी स्थायी ठेगाना- सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०३ (साविक: महेशपुर गा.वि.स., वडा नं. ०२) हालको ठेगाना- ऐ.ऐ.	४. **अमिरका कुमारी साफी** ना.प्र.नं.- ५७८६२७७२ जारी मिति - २०५६/०७/३०, जि.प्र.का. सिरहा बाबु - वचन देव साफी ससुरा- मोहित साफी स्थायी ठेगाना- सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०३ (साविक: महेशपुर पतारी गा.वि.स., वडा नं. ०२) हालको ठेगाना- ऐ.ऐ.

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय लक्ष्मीपुर, पतारी फोन नं. ९८४४०५२३३८/९८५२८३४१४४

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना॥

हार्दिक श्रद्धाञ्जली



जन्म
२०११ भाद्र २२

स्वर्गारोहण
२०८० चैत्र २०

स्व. प्रा.डा. भद्र प्रसाद पोखरेल

अन्तर्राष्ट्रिय वैज्ञानिक, अति मिलनसार, मृदुभाषी यस संस्थाका आदरणीय अध्यक्ष **प्रा.डा. भद्र प्रसाद पोखरेल**ज्यू ब्रह्मलीन हुनुभएको आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौँ। यस दुःखद घडीमा शोकसन्तप्त परिवारमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरून् भनी भगवान् श्री पशुपतिनाथसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौँ।

श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार
नयाँ बानेश्वर, काठमाडौं।

एसिसी प्रिमियर कप

दीपेन्द्रको अलराउन्ड प्रदर्शनमा नेपालको दोस्रो जित

मध्यक्रमका दीपेन्द्रले २१ बलमा ६४ रन तथा बलिङमा ३४ रन खर्चेर दुई विकेट हात पारेपछि नेपाल कतारविरुद्ध ३२ रनले विजयी

नयाँ पत्रिका

दीपेन्द्रसिंह ऐरीको अलराउन्ड प्रदर्शनको मद्दतमा नेपालले शनिबार दोस्रो एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा कतारलाई ३२ रनले हराएको छ। समूह 'ए'मा लगातार दोस्रो जितसँगै नेपालले दुई अंक जोडेको छ। ओमानको अल इमरातमा टस हारी ब्याटिङ गरेको नेपालले २० ओभरमा दुई सय १० रनको विशाल योगफल खडा गरेको थियो। प्रत्युत्तरमा कतारले २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ७८ रन बनाएको थियो। नेपालको सानदार जितमा मध्यक्रमका ब्याट्समान दीपेन्द्रसिंहले २१ बलमा ६४ रन तथा बलिङमा ३४ रन खर्चेर दुई विकेट हात पारेका थिए। उनी खेलका म्यान अफ दी म्याच भए।

शीर्ष र मध्य ब्याटिङ बलियो

कतारविरुद्धको ब्याटिङमा नेपालको पहिलोदेखि पाँचौं क्रमका ब्याट्समान चम्किए। सुरुवात गतिलो नभए पनि लगातार साझेदारीका कारण नेपालले कतारसमक्ष बलियो योगफल प्रस्तुत गर्न सफल भएको हो। ओपनर कुशल भुर्तेल र आसिफ सेखले २.५ ओभरमा१८ रनको साझेदारी गरेका थिए। अमिर फारुकले भुर्तेललाई १२ रनमा क्याच आउँट गराए। सेख र कप्तान रोहितकुमार पौडेलबीच दोस्रो विकेटका लागि ४९ रनको साझेदारी भएको थियो। रोहितले १७ बलमा तीन चौकाको सहयोगमा १८ रन जोडे। त्यसपछि सेख र कुशल मल्लबीच तेस्रो विकेटका लागि ५३ रनको साझेदारी भएको थियो।

आक्रामक रूपमा ब्याटिङ गरिरहेका कुशलले १८ बलमा तीन छक्का र दुई चौकाको सहयोगमा ३५ रन जोडे। उनी मुसावर साहको ओभरमा क्याच आउट भएका थिए। उनी आउट हुँदा नेपाल १३.५ ओभरमा १२०-३ को स्थितिमा थियो। सेखले आफ्नो विकेट १४.२ ओभरमा गुमाए। उनले ४१ बलमा ५२ रनको योगदान दिए। यसक्रममा उनले ६ चौका प्रहार गरेका थिए।

अन्तिम ओभरमा ३६ रन

नेपालका आठौं क्रमका खेलाडी विकेट यादव आउट हुँदा नेपाल १८.६ ओभरमा १७४/७ को बलियो स्थितिमा थियो। इनिङ्सकै अन्तिम ओभरमा दीपेन्द्रसिंहले विस्फोटक ब्याटिङ गरे। उनले कतारका कमरान खानले फ्याँकेको ६ बलमै छक्का प्रहार गरी नेपालको स्कोरलाई दुई सय रन पार गराए। दीपेन्द्रसिंहलाई साथ दिन आएका सोमपाल कामीले एक बल सामना गर्न पाएनन्। तर उनी र दीपेन्द्रसिंहबीच आठौं विकेटका लागि ६ बलमा ३६ रनको साझेदारी भयो। बलिङमा मुसावर साहले चार ओभरमा ४३ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। हिंमाशुले चार ओभरमा २६ रन खर्चदै तीन विकेट हात पारे।

कप्तान तम्भिरको अर्धशतक

लक्ष्य पछ्याएको कतारको ब्याटिङमा कप्तान तम्भिरले मात्र अर्धशतकीय इनिङ्स खेले। कतारले इनिङ्सको १.१ ओभरमै पहिलो विकेट गुमाएको थियो। ललित राजवंशीले आफ्नो ओभरको पहिलो बलमै कतराका ओपनर सक्लिन अर्सदलाई विकेकबाट क्याच आउट गराए। मोहमद अनाफ र कमरान खानले दोस्रो विकेटका लागि ३६ रनको साझेदारी गरे। अनाफले १८ बलमा चार चौकाको सहयोगमा २३ रन जोडे। ओपनर कमरान ६.६ ओभरमा गुल्सन झाबाट बोल्ड भए। उनले १३ बलमा समान एक चौका र छक्का प्रहार गरी १८ रन जोडे।

कतारले निरन्तर रूपमा विकेट गुमाइरहँदा कप्तान तम्भिरले नेपाली बलरविरुद्ध डटेर सामना गरिरहेका थिए। उनले आक्रामक रूपमा ब्याटिङ गरिरहँदा एक समय नेपाली बलर दबाबमा देखिन्थे। इनिङ्सको १४.१ ओभरमा नेपालका लागि डरलाग्दो देखिएका तम्भिरलाई अभिनाश बोहरालले पेभेलियनको बाटो देखाए। तम्भिर भुर्तेलबाट क्याच आउट हुनुअघि ३३ बलमा ६३ रनको योगदान दिए। उनले ६ चौका र चार छक्का प्रहार गरे।

कतारको ब्याटिङमा हिंमाशु अन्तिमसम्म नटआउट रहँदै १८ बलमा २२ रन जोडे। हिंमाशुले अदान मिजासँग नवौं विकेटका लागि २२ रन जोडे। मिजाले आठ बलमा चार चौकाको सहयोगमा १९ रन बनाए। बलिङमा नेपालका लागि ललितले चार ओभरमा २३ रन खर्चेर दुई विकेट हात पारे।

दीपेन्द्रसिंह र गुल्सन झालेे समान दुई विकेट हात पारे। झाले २४ रन खर्चेका थिए। कुशल मल्लले २९ रनमा एक तथा अविनाश बोहोराले ३९ रन खर्चदै समान एक विकेट हात पारे।

युएई, कुवेत र मलेसिया विजयी

प्रतियोगिताअन्तर्गत शनिबार भएको खेलमा संयुक्त अरब इमिरेट्स (युएई) र मलेसियाले जित निकालेका छन्। युएईले बहराइनलाई ३७ रनले हरायो। युएईले प्रस्तुत गरेको २३७ रन पछ्याएको बहराइनले आठ विकेट गुमाएर १९९ रन बनाएको थियो। समूह 'बी'मा युएई लगातार दोस्रो जित निकाल्न सफल भएको छ। समूह 'ए'मा मलेसियाले साउदी अरेबियालाई १२ रनले हरायो। मलेसियाले प्रस्तुत गरेको एक सय ४७ रनको लक्ष्य पछ्याएको साउदी अरेबियाले १९.१ ओभरमा अल आउट हुँदा मात्र एक सय ३४ रन बनाएको हो। कुवेतले कम्बोडियालाई आठ विकेटले हरायो।



नेपालका तर्फबाट सर्वाधिक अर्धशतक

खेलाडी	खेल	शतक	अर्धशतक	चौका	छक्का
दीपेन्द्रसिंह ऐरी	६०	१	९	११९	६५
कुशल भुर्तेल	३९	१	८	१०७	४४
रोहित पौडेल	४५	०	६	८४	३३
कुशल मल्ल	३५	१	४	४२	५९
पारस खड्का	३३	१	४	८२	२६
आसिफ सेख	४०	०	५	९६	३०
ज्ञानेन्द्र मल्ल	४०	१	५	७६	३६
सन्दीप जोरा	२६	०	२	१७	१२
विनोद भण्डारी	४०	०	२	३२	१६
सुवास खकुरेल	८	०	१	१०	१
गुल्सन झा	२५	०	१	१८	२०

अंक तालिका

समूह 'ए'					
टोली	खेल	जित	हार	अंक	रनरेट
नेपाल	२	२	०	४	०.९७
हङकङ	१	१	०	२	१.३०
मलेसिया	२	१	१	२	०.१५
सा.अरेबिया	१	०	१	०	-०.६०
कतार	२	०	२	०	-१.४५

जितपुरसिमरा गोल्डकप

एपिएफलाई हराउँदै पुलिस फाइनलमा



बारामा **इन्दीप कोइराला**

विभागीय डर्बीमा नेपाल पुलिस क्लबले नेपाल एपिएफलाई ३-२ ले हराउँदै १४औं जितपुर सिमरा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। बाराको सिमरा रंगशालामा एपिएफले उत्कृष्ट प्रदर्शन गरे पनि अन्तिम समयमा सम्हालिएर खेल्न नसक्दा गोल्डकपको सेमिफाइनलबाट बाहिरियो। दोस्रोपटक फाइनल स्थान पक्का गरेको पुलिसले अब उपाधिमा अर्को 'ए' डिभिजन क्लब मच्छिन्द्र फुटबलसँग सोमबार प्रतिस्पर्धा गर्नेछ। नौ वर्षअघिको छैटौं संस्करणको उपाधि भिडन्तमा पुलिस त्रिभुवन आर्मीसँग पराजित भएको थियो। पुलिससमक्ष दोस्रोपटक उपाधि उचाल्ने अवसर प्राप्त भएको छ।

खेलको पहिलो मिनेटमै पुलिसले एपिएफविरुद्ध अग्रता लियो। मैदान खेलाडीबीच तालमेल मिलाउन नपाउँदै पुलिसका आशिष राईले खेलको ४७ सकेन्डमै गोल गरे। उनले उज्ज्वल राईको क्रसमा पेनाल्टी क्षेत्रबाट सहज गोल गरे। खेलको २०औं मिनेटमा पुलिस २-० ले अगाडि रह्यो। यसपटक पुलिसका लागि रामचन्द्र बाजेले गोल गरे। उनले उज्ज्वलकै पासमा गोल गरे।

दोस्रो हाफमा बराबरी गोल

सुरुको २० मिनेटमा दुई गोलले पछि परेको एपिएफले मध्यान्तरअघि नै खेलमा फर्कने छनक देखायो। एपिएफले खेलको ४२औं मिनेटमा २-१ को गोलअन्तरमा खेल झारेको थियो। एपिएफका लागि प्रदीपले गोल गरे। उनले बुद्धिमान राईमा गोल गरेका हुन्। खेलको ६१औं मिनेटमा एपिएफले २-२ को गोल गऱ्यो। एपिएफका युवराज खड्काले बराबरी गोल फर्काएका हुन्। प्रशिक्षक सुमन श्रेष्ठले युवराजलाई खेलको ३१औं मिनेटमा महेश लामाको स्थानमा मैदान प्रवेश गराएका थिए। युवराजले अनिश महर्जनको पासमा वन भर्सेस वनमा सहजै गोल गरे। खेलको ८८औं मिनेटमा सुजन मगरले पुलिसलाई ३-२ को स्थितिमा राखे। उनले एपिएफका गोलरक्षक एन्जल श्रेष्ठलाई छकाउँदै गोल गरे। सुजनको पहिलो गोल प्रयास गोलरक्षक श्रेष्ठले बचाए। तर, बल रिबाउन्ड भयो। त्यसैमा सुजनले सुन्दर गोल गरेका हुन्।

खेलको अन्तिम इन्जुरी समयमा एपिएफ १० खेलाडीमा सीमित भयो। एपिएफका विश्वास उदासले पुलिसका खेलाडीसँग विवाद गर्न थालेपछि रेफ्री उमेश विण्डारीले उनलाई रातो कार्ड देखाए।

संघसँग राखेपले माग्यो निर्वाचनको कार्ययोजना

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले राष्ट्रिय खेल संघलाई ११ बुँदे निर्देशन दिँदै निर्वाचन नभएका खेल संघ तथा महासंघसँग निर्वाचनको कार्यतालिका माग गरेको छ। 'सदस्यसचिवस्तरीय निर्णयअनुसार राष्ट्रिय खेलकुद विकास ऐन २०७७ अनुसार निर्वाचन नभएका खेल संघ तथा महासंघसँग कार्यतालिका माग गरिएको छ,' राखेपले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ। राखेपले आर्थिक कारोबार गर्दा 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६' अनुसार हुनुपर्ने जनाएको छ।

यसैगरी, राष्ट्रिय खेल संघ र महासंघको विषयमा परेका निवेदन र उजुरीको सम्बन्धमा परिषद्बाट माग गरिएको राय र प्रतिक्रिया एवं आवश्यक कागजात तोकिएको समयभित्र अनिवार्य रूपमा बुझाउनुपर्ने राखेपले निर्देशन दिएको छ। संघ तथा संस्थाले अन्तर्राष्ट्रिय संस्था वा व्यक्तिबाट सहयोग प्राप्त गर्दा राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा २८ को देहाय (ज)बमोजिम परिषद्को सिफारिसमा मन्त्रालयमार्फत अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने निर्देशन राखेपले गरेको छ।

'परिषद्बाट प्राप्त अनुदान वा अनुदानबाहेक संघ तथा महासंघको अन्य स्रोतबाट सञ्चालन भएका खेलकुदसम्बन्धी कार्यक्रम सम्पन्न भएपछि १५ दिनभित्र त्यसको प्रतिवेदन परिषद्मा अनिवार्य रूपमा बुझाउनुपर्नेछ,' विज्ञप्तिमा भनिएको छ।

राखेपले खेल संघ र महासंघको आयोजना एवं सहभागितामा हुने गतिविधिका लागि सम्बन्धमा वार्षिक लेखापरीक्षण प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख गरी परिषद्समक्ष पेस गर्नुपर्ने जनाएको छ। साथै, संघहरूको नियमित प्रशिक्षण, सेमिनार, ग्रेडिङ, संगठन संरचना तथा आर्थिक क्रियाकलापलगायतका विषयमा १५ दिनभित्र निर्देशन कार्यान्वयनसम्बन्धी खाका राखेपसमक्ष पेस गर्न भनिएको छ।

ट्र्याक एन्ड फिल्डले ओलम्पिकमा स्वर्ण विजेतालाई रकम दिने

एजेन्सी



ओलम्पिक खेलकुद प्रतियोगिताका स्वर्ण, रजत तथा कांस्य विजेताले केवल पदक मात्र पाउँछन्। आसन्न पेरिस ओलम्पिक खेलकुद प्रतियोगितामा ट्र्याक एन्ड फिल्ड महसंघले यस विधाका स्वर्णलाई नगद प्रदान गर्ने भएको छ। अन्तर्राष्ट्रिय एथलेटिक्स महासंघले पेरिस ओलम्पिकमा स्वर्णपदक विजेतालाई ५० हजार डलर पुरस्कार दिने घोषणा गरेको छ। पेरिसमा हुने ओलम्पिकमा ४८ स्पर्धामा स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ। महासंघले पदक विजेतालाई २४ लाख डलर विनियोजन गरेको अन्तर्राष्ट्रिय एजेन्सीले जनाएको छ।

> अन्तर्राष्ट्रिय एथलेटिक्स महासंघले पेरिस ओलम्पिकमा स्वर्णपदक विजेतालाई ५० हजार डलर पुरस्कार दिने घोषणा गरेको छ

रिले खेलका खेलाडीले ५० हजार डलर आपसमा बाँड्नेछन्। रजत र कांस्य पदक विजेताका लागि लस एन्जलसमा सन् २०२८ आयोजना हुने ओलम्पिकमा भुक्तानी सुरु गरिने योजना छ। 'यो निर्णयपछि हामीले प्राप्त गर्ने राजस्व हिस्सा ठूलो छ, यसको स्रोतबाट ओलम्पिक विजेतालाई नगदसहित पुरस्कृत गर्न लागेका हौं,' महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामीहरूको लक्ष्य नै हाम्रा खेलाडीहरूलाई स्टार बनाउने हो।'

यसैबीच, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले ट्र्याक्ट एन्ड फिल्डको निर्णय ओलम्पिकको सन्तुलन बिग्रन सक्ने जनाएको छ। 'आइओसीको वार्षिक आम्दानीको ९० प्रतिशत हिस्सा राष्ट्रिय ओलम्पिक कमिटी (एनओसी) र अन्तर्राष्ट्रिय महासंघ (आइएफ)लाई वितरण गर्छ,' आइओसीले भनेको छ, यसको अर्थ प्रत्येक दिन ४२ लाख डलरबराबरको रकम विश्वभरका सबै स्तरमा खेलाडी र खेल संठनहरूको सहयोगका लागि जान्छ।' सम्बन्धित एनओसीले आफ्ना खेलाडीलाई कसरी उत्कृष्ट सेवा दिने र उनीहरूको खेलको विकास कसरी गर्ने पक्षमा महासंघमाथि निर्भर हुन्छ।

मिस्टर काठमाडौं शारीरिक सुगठन भदौमा

काठमाडौं/ काठमाडौं जिल्ला शारीरिक सुगठन तथा फिटनेस संघको आयोजनामा २८ र २९ भदौमा पाँचौं राष्ट्रिय मिस्टर काठमाडौं शारीरिक सुगठन प्रतियोगिता हुने भएको छ। यसैगरी, महिला एथलेटिक फिजिक्स, जुनियर मिस्टर काठमाडौं र पुरुष स्पोर्टस् फिजिक्स प्रतियोगिता हुने आयोजकले जनाएको छ। मिस्टर काठमाडौं शारीरिक सुगठन प्रतियोगितामा जम्मा ६ वटा वजन समूहमा खेल हुनेछ। महिला प्रतिस्पर्धाअन्तर्गत महिला एथलेटिक्स फिजिक्स खुला उचाइ समूहअन्तर्गत प्रतिस्पर्धा गराइनेछ। जुनियर मिस्टर काठमाडौंमा भाग लिन ०८० चैत मसान्तसम्ममा २१ वर्ष ननाघेका खेलाडीले भाग लिन पाउनेछन्। पुरुष स्पोर्टस् फिजिक्सअन्तर्गत अन्तर्राष्ट्रिय मापदण्डअनुसार वजन र उचाइ समूह गरी दुई समूहमा प्रतियोगिता सञ्चालन हुनेछ। जसमा १७० सेमिभन्दा मुनि र १७० सेमिभन्दा माथिको दुईवटा विधा रहनेछ। प्रत्येक क्लब संघ-संस्थाबाट एउटा वजन समूहमा बढीमा दुईजना खेलाडी भाग लिने पाउनेछन्। प्रत्येक वजन समूहका विजेता फाइनलमा प्रवेश गर्नेछ। तौल समूहमा पहिले हुनेले १५ हजार र दोस्रोले १० हजार रुपैयाँ पाउनेछन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हाफ म्याराथन उपाधि आर्मीका श्रेष्ठलाई

कास्कीमा रोहितराज पराजुली

त्रिभुवन आर्मी क्लबका सञ्जय श्रेष्ठले शनिबार दोस्रो लेखनाथ हाफ म्याराथनको उपाधि हात पारेका छन्। पोखरामा नयाँ वर्ष ०८१ को अवसर भएको २१ किलोमिटरको दूरीको हाफ म्याराथनको विजेता बनन्न श्रेष्ठले एक घन्टा चार मिनेट ४७ सेकेन्ड लगाए। उनले ६० हजार रुपैयाँ जितेका छन्। म्याराथनमा विभागीय खेलाडीहरूले वर्चस्व राखे। एपिएफका किरण बोगटी एक घन्टा ६ मिनेट ३३ सेकेन्डका साथ उपविजेता बने। साबिक विजेता आर्मीका रामजी बस्नेतले एक घन्टा नौ मिनेट २९ सेकेण्डमा दूरी पार गर्दै तेस्रो स्थान रक्षा गरे।

२०, एक घन्टा नौ मिनेट ४९ सेकेन्डका साथ एपिएफका खिमबहादुर खत्री चोथो भए। एक घन्टा १० मिनेट ४१ सेकेन्ड लगाएका आर्मीका प्रताप खड्का पाँचौं भए। म्याराथनमा सहभागी पोखराका खेलाडीमध्ये चेतना चालिसे पोखरेलीबीच प्रथम भए। उनले एक घन्टा ३४ मिनेटमा पूरा गरेका थिए।



१० किमिमा राई पहिलो

प्रतियोगिताअर्न्तगत १० किलोमिटर पुरुष दौडमा आर्मीका श्रीकश राई पहिलो भएका छन्। सुवास कार्की दोस्रो र गण्डकी मेडिकल कलेजका अजितकुमार यादव तेस्रो भएका छन्। यसै विधाको महिलातर्फ आर्मीकी पूर्णलक्ष्मी न्यौपानेले उपाधि हात पारेका छन्। पुलिस क्लबकी राममाया बुढा दोस्रो र आर्मीकी सिर्जना पाण्डे तेस्रो भएको आयोजकले जनाएको छ। महिला र पुरुषतर्फका विजेताले समान ३० हजार रुपैयाँ पाएका छन्। उपविजेताले २० हजार र तेस्रो

> दोस्रो लेखनाथ हाफ म्याराथन उपाधि जित्न सञ्जय श्रेष्ठले एक घण्टा चार मिनेट ४७ सेकेन्ड लगाए

भएका खेलाडीले १० हजार रुपैयाँ हात पार। यसैगरी, भेट्टान्सतर्फ पाँच किलोमिटर दौडमा काठमाडौंका धर्म महर्जन पहिलो भए।

विद्यालयतर्फको पाँच किलोमिटर दौडअन्तर्गत छात्रमा कास्की मोडनाइज्ड एकेडेमीका बादल कार्की पहिलो भएका छन्। छात्रातर्फ रेन्बो एकेडेमीकी शर्मिला विक पहिलो स्थानमा रहिन्। विजेताले १५ हजार र उपविजेताले १० हजार रुपैयाँ पाए। प्रतियोगितामा ६ विधामा चार सय खेलाडीले प्रतिस्पर्धा गरेका थिए। विजयी खेलाडीलाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यलगायतले पुरस्कृत गरेका छन्।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com